
अंक- ७
VOLUME- SEVEN

THE VOICE OF TRUTH INTERNATIONAL

# सत्यवाणी नेपाल




"एक चोटीको जीवन, एक चोटीको मरण, त्यसपछि इन्साफ"



तर सियोनले भन्यो,
"परमप्रभुले मलाई त्याग्नुभएको छ । मेरा परमप्रभुले मलाई बिर्सनुभएको छ ।"

"के कुनै आमाले आफ्नो दूधे बालकलाइ बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाइ बिर्सन सक्दिनँ ।


**हेर, मैले तँलाई मेरो हत्केलामा खोपेको छु..."**

यशैया ४९:१४-१६



## नोआको उद्धार– हाम्रो उद्धार

१ पत्रुस ३:२०-२१; रोमी १५:४



| नोआको उद्धार | हाम्रो उद्धार |
|---|---|
| (१) **पापको संसार ।**<br>(उत्पति ६:१–५) । | (१) **पापको संसार ।**<br>(१ यूहन्ना ५:१९; रोमी ३:२३; यूहन्ना ३:१६–१७)। |
| (२) **परमेश्वरको इच्छा अनुसार गर्ने दृढता ।**<br>(उत्पति ७:१–५; ६:२२) । | (२) **परमेश्वरको इच्छा अनुसार गर्ने दृढता ।**<br>(यूहन्ना १७:१७)। |
| (३) **परमेश्वरको कुरा सुने ।**<br>(उत्पति ६:९; आमोस ३:३) । | (३) **परमेश्वरको वचन सुन्छन् ।**<br>(मत्ती १७:१५; व्यवस्था १८:१५) । |
| (४) **परमेश्वरमा विश्वास गरेर आज्ञाकारी भए ।**<br>(हिब्रू ११:७; यूहन्ना ३:३६) । | (४) **परमेश्वरको वचन खीष्टमा विश्वास गर्छन् ।**<br>(हिब्रू ११:८; यूहन्ना ८:२४; रोमी १०:१७) । |
| (५) **ईश्वरीय भयका साथ परिचालित भए ।**<br>(हिब्रू ११:७) । | (५) **परमेश्वरको भयसित परिचालन हुन्छन् ।**<br>(उपदेशक १२:१३–१४; रोमी २:४; प्रेरित १७:३०–३१) । |
| (६) **परमेश्वरले जहाजमा मुक्ति ल्याउनुभयो ।**<br>(हिब्रू ११; उत्पति ६) । | (६) **परमेश्वरले एउटै शरीर/ मण्डलीमा उद्धार गर्नुहुन्छ ।**<br>(प्रेरित २:४७; कलस्सी १:१८; एफिसी १:२२–२३; ४:४) । |
| (७) **पानीद्वारा थोरैमात्र बचाइए ।**<br>(१ पत्रुस ३:२१; उत्पति ६–९) । | (७) **अहिले हामीलाई बप्तिस्माले बचाउँछ ।**<br>(१ पत्रुस ३:२१; प्रेरित २:३८; २२:१६) । |
| (८) **जहाजमै बस्नुपर्थ्यो ।**<br>(उत्पति ७–९) । | (८) **एउटै शरीरमा हुनुपर्छ ।**<br>(प्रकाश २:१०; २ पत्रुस २:२०–२२; गलाती ३:२६–२७ । |
| (९) **सम्बन्ध परिवर्तन भए...नयाँ**<br>(उत्पति ७:२४) । | (९) **खीष्टमा सम्बन्ध परिवर्तन भए ।**<br>(कलस्सी १:१३–१४; रोमी ६:३–४; २ कोरिन्थी ५:१७) । |
| **आकृति** | **मुक्ति** |

# स्वस्थ मण्डली

**स्वस्थ मण्डली केवल हेर्नमा मात्र सही भएको होइन, तर त्यो मण्डली दृढतापूर्वक सत्यतामा लङ्गर भएको हुन्छ ।**

"ताकि तिनीहरू विश्वासमा पक्का होऊन्" (तीतस १:१३)

| | |
|---|---|
| **शिक्षामा** स्वस्थ | तीतस २:१ |
| **विश्वासमा** स्वस्थ | तीतस १:१३ |
| **एकतामा** स्वस्थ | यूहन्ना १७ |
| **संगठनमा** स्वस्थ | एफिसी ४:११ |
| **काममा** स्वस्थ | तीतस ३:१ |
| **आराधनामा** स्वस्थ | यूहन्ना ४:२४ |
| **सिकाइमा** स्वस्थ | २ तिमोथी ४:१-४ |
| **दिने कुरामा** स्वस्थ | २ कोरिन्थी ९:७-८ |
| **जोसमा** स्वस्थ | २ कोरिन्थी ९:२ |
| **अगुवाइमा** स्वस्थ | प्रेरित २:३८ |



*"तिमीले चाहिँ जे पक्का धार्मिक सिद्धान्त सुहाँउदो छ त्यही सिकाऊ" (तीतस २:१)*

# The Voice of Truth International

**Staff:**

Editor : Louis Rushmore
Associate Editor : Jerry Bates
Editor Emeritus : Byron Nichols
Founding Editor : J.C. Choate

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**

***Managing Editors:***
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
***Managing Editor, Translator:***
Joshua Gootam

**TAMIL EDITION:**
***Managing Editor, Translators:***
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
***Managing Editor:***
Earnest Gill

**PAITE EDITION:**
***Managing Editor:***
Thang Lien

**NEPALI EDITION:**
***Managing Editor, Translators:***
Gajendra Deshar, Arun Rijal

**MARATHI EDITION:**
***Managing Editor:***
Amul Bansod

**Printed and Published in Nepal by:**

**Nepal Center for Biblical Study**
**Chapagaun Church of Christ**
**Seraphat, Chapagaon,**
**Godawori Municipality-11,**
**Lalitpur, Nepal**

Computer Typing, Lay-out/ Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaun, Lalitpur
<dloffsetpress@gmail.com>

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to
**<votinepal@gmail.com>**

**कृपया आफ्ना लेखहरु छन भने प्रकाशनको निम्ति माथीको इमेल र पोष्ट बक्समा पठाउनु हुन विनम्र अनुरोध गर्दछौ ।**

**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.
**THE CHURCHES OF CHRIST SALUTE YOU** (Romans 16:16)

# परमेश्वरको इच्छा

"परमेश्वरको इच्छा" निकै चाखलाग्दो अध्ययन विषय हो । सबैले उद्धार पाएको होस् भन्नु नै परमेश्वरको आर्दश विचार हो । मानिसमा रहेको पापसित परमेश्वरको इच्छाले काम गर्दछ किनभने मानिस पापबाट मुक्त हुन सक्दैनन् । परमेश्वरले पापसित संगती गर्नुहुन्न् । पाप क्षमाका सर्तहरूसम्म पुग्नको निम्ति परमेश्वरका इच्छाहरू ख्रीष्टद्वारा भएर आउनेछन् । यसरी स्वर्गको निम्ति अझै एउटा आशा भएको छः *"जीवनका वृक्ष हक पाउन र शहरका ढोकाहरूबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन्"* (प्रकाश २२:१४) । परमेश्वरका इच्छा पालन गर्नेहरू स्वर्ग प्रवेश गर्नेछन् । उहाँको इच्छा पालन गर्नेहरूलाई यसरी प्रतिज्ञा गरेको छः *"परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ"* (हिब्रू १०:३६) । जसले परमेश्वरको इच्छालाई पालना गर्दछ, तिनीहरूलाई सदाकालसम्म बाँचिनेछन् । हामीले परमेश्वरको आज्ञालाई पालना गर्नुपर्छ । त्यो इच्छालाई पालन गर्न असफल हुनु भनेको कसैले विनाशको प्रतिक्षा गर्नु होः *"यसो हुनेछ, कि त्यस अगमवक्तालाई नसुन्ने जति हरेक प्राणी मानिसहरूका बीचबाट नष्ट हुनेछ"* (प्रेरित ३:२३) । मानिसहरू परमेश्वरको इच्छामा आज्ञा पालन नगर्नु कति दुःखलाग्दो कुरा हो । परमेश्वरको आखिरी इच्छा यो छ कि आज्ञाकारीहरू बचाइनेछन् र अनाज्ञाकारीहरू नष्ट हुनेछन् ।

एक जना प्रिय महिलालाई गत हप्ता चिहानमा गाडियो । उनले आफ्नो लामो जीवन प्रभुमा बिताइन् । यदि म एक हजार वर्षसम्म बाँचेकी भए ती वर्षहरू म प्रभुमा बिताउन चाहन्थे भनी उनले मलाई एक पल्ट भनेकी थिई । हामी सबैमा यो आत्माले बास गरोस् । परमेश्वरको इच्छाबारे उनले मलाई निम्न तीनवटा बुँदाहरू याद गराउँछिन्ः-

**(१) परमेश्वरको इच्छा होस्, मेरो इच्छा होइन्ः** ख्रीष्ट हाम्रो सिद्ध उदाहरण हुनुहुन्छ । उहाँले आफ्नो जीवनभर पिताको इच्छालाई पहिलो स्थानमा राखी जिउनुभयो । उहाँको भोजन भनेको परमेश्वरको इच्छा अनुसार गर्नु थियो । उहाँ आफ्नै इच्छा खोज्न होइन् तर परमेश्वरको इच्छा पुरा गर्न स्वर्गबाट पृथ्वीमा आउनुभया, *"म आफैं केही गर्न सक्दिनँ । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु"* (यूहन्ना ५:३०) । उहाँले जहिले पनि पिताको इच्छा पुरा गर्नुभयो । हामी पनि कर्नेलियसले जस्तै पिताको इच्छा पालन गर्ने कुरामा ध्यान

दिनुपर्छः *"तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो । अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं"* (प्रेरित १०:३३) । परमेश्वरका आज्ञाहरूमा हामी सबै आज्ञाकारी होऔं । हाम्रा आफ्नै इच्छाहरूलाई क्रूसमा टाँगौं । हामी परमप्रभुका रोजाईहरूमा जाऔं । परमेश्वरलाई प्रसन्न तुल्याउने कुराहरूमा हामी बढी इच्छुक हुनुपर्छः *"यसैकारण चाहे हामी शरीरमै होऔं, चाहे अलग रहौं, उहाँलाई प्रसन्न तुल्याउनु नै हाम्रो लक्ष्य हुन्छ"* (२ कोरिन्थी ५:९) । परमेश्वरको इच्छा स्वर्गमा जस्तै संसारमा पुरा होस् भनी येशूले मत्ती ६ अध्यायमा भन्नु भयो । हामी आफैले आफैलाई प्रभुको इच्छा र उहाँको मार्गमा जीउँदो बलिको  रूपमा प्रस्तुत गरौं ।

**(२) अरू कसैको इच्छा होइन, परमेश्वरको इच्छा होस्ः** बहुसंख्यक भीडले गलत गरिरहेका छन् भने हामीले तिनीहरूलाई पछ्याउनु राम्रो होइन् । मानिसहरूले हामीलाई अनौठो खालका छन् भनी सोच्लान, तर हामी त्यस्तै छौं । अरूको इच्छा भन्दा पनि परमेश्वरको इच्छा हाम्रो निम्ति सबैभन्दा महत्वपूर्ण हुनुपर्छः *"तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँडेका देखेर तिनीहरू छक्क पर्छन, र तिमीहरूको बद्‌ख्वाइँ गर्छन"* (१ पत्रुस ४:४) । यद्यपी त्यसले हामीलाई सुखी देलान् वा हामीलाई लोकप्रियता बनाउलान्, तर परमेश्वरको इच्छाभन्दा कुनै कुरा माथि रहयौ भने त्यसलाई हामीले होइन् भन्नुपर्छ । प्रेरितहरूले निश्चय नै यसो गर्ने थिएननः *"तर पत्रुस र प्रेरितहरूले भने, हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ"* (प्रेरित ५:२९) ।

**(३) परमेश्वरको इच्छा सदाकालसम्म रहिरहन्छः** शरीरमा रहुञ्जेलसम्मको बाँकी समय परमेश्वरको इच्छामा रही शरीरको अभिलाषा होइनन् भन्नुपर्छ भनी पत्रुस भन्दछः *"यसरी त्यसले आफ्नो जीवनको रहल समय फेरि मानिसको कुइच्छामा होइन, तर परमेश्वरको इच्छामा बिताउँछ"* (१ पत्रुस ४:२) । धैर्य हुनुपर्छ भनी बाइबलले भनेको कुरामा अच्चमित नहुनुहोस् । अन्त्यसम्म जो स्थिर रहन्छ तिनीहरू बचाइनेछन् भनी येशूले प्रतिज्ञा गर्नुभयो । आफु नमरूञ्जेलसम्म जिवन जिउने योजनाको बारे अयूब भन्दछ । हामी सबै आफ्नै इच्छामा नभईकन परमेश्वरको इच्छामा लाग्नुपर्छ । परमेश्वरको इच्छा विपरित अरू मानिसहरूका दवावमा नगरौं । हरेक दिन परमेश्वरको इच्छामा आफैलाई समर्पण गरौं । आउनुहोस् यसलाई पढौं, यसलाई बुझौं र यसलाई ब्यवहारमा कायम गरौं ।

❀

| विषय सुची | पाना नं. |
|---|---|


**परमेश्वर**

पापको मूल्य के हो ? ........ ८
पलायन बोका........ १०
परमेश्वरको रीस........ ११

**प्रमाणहरू**

भजनसंग्रह १९:१-३........ १३
किन बाइबलमा डायनासोरहरु उल्लेख गरेनन्?........ १४

**परमेश्वरको वचन**

वचनका सात आश्चर्यहरु........ १८
वचनलाई ठीकसँग प्रयोग गर्न उचित बाइबल अध्ययनको आवश्यकता पर्दछ. १९
के सबै पापहरु समान छन्?........ २१

**मुक्ति**

थुमाको जीवनको पुस्तक........ २३
ठूलो प्रश्नः कुनचाहिं?........ २५
मृतकहरुका निम्ति बप्तिस्मा........ २६

**मण्डली**

मण्डली बृद्धिको कारण........ २८
ख्रीष्ट तपाईको हृदयको ढोकामा........ ३०
ख्रीष्टियान विश्वास........ ३२
भातृ-प्रेम बनिरहोस्........ ३४
एउटा अर्को जस्तै राम्रो?........ ३६

**शिक्षाद्वारा जीउने**

परमप्रभुलाई पुकार्ने........ ३७
के सत्यताले फरक पार्छ?........ ३९
एकता र शिक्षा........ ४०
हप्ताको पहिलो दिन रोटी भाँच्ने........ ४२
के बच्चाहरु पापसित जन्मेका हुन्छन्?........ ४६

**ख्रीष्टियानिटी कार्यमा**

त्यति छिटो निरासा नहुनुहोस्........ ५०
उनले सुसमाचारलाई प्रचार गरिरहे........ ५१
पहिलो कक्षामा २४ वर्ष........ ५३

**आराधना**

आइतबारलाई थप आराधनायोग्य बनाउन शनिबारबारको दिन तपाई के

| | |
|---|---|
| गर्न सक्नुहुन्छ? | ५६ |
| निरन्तर प्रार्थना गरिरहो | ५८ |
| प्रभुको टेबलमा धन्यवाद व्यक्त गर्दै | ५९ |
| भावनालाई तथ्यको रुपमा पछ्याउनु | ६१ |
| **दैनिक ख्रीष्टियान जीवन** | |
| अझै सानो आवाज | ६४ |
| ख्रीष्टियान जीवन | ६५ |
| के ले परमेश्वरको सेवक बनाउँछ? | ६६ |
| कहिले आफ्नो मुखलाई बन्द गर्ने? | ६८ |
| जसले नम्रतालाई विनाश गर्छ | ६९ |
| सबै कुराको बाबजुद | ७१ |
| **ख्रीष्टियान घर** | |
| तपाईको परिवारले के गरिरहनुभएको छ? | ७३ |
| विवाहलाई जोगाउँदै | ७४ |
| नियमहरुबारे चार सत्यताहरु | ७५ |
| **पाठ्य अध्ययन** | |
| बाइबलको आनन्दको अध्याय | ७८ |
| कुराको निष्कर्ष यही हो | ८० |
| के यी जवाफहरुले काम गर्छन्? | ८२ |
| **बाइबल चरित्र** | |
| तपाईले यसरी शुरु गर्नुहुन्न् | ८७ |
| स्तिफनस | ८९ |
| इप्राफास, येशू ख्रीष्टको दास | ९० |
| **बाइबल प्रश्न** | |
| नोआको जलप्रलयबारे के भन्ने? | ९२ |
| बप्तिस्माको विधि कति महत्वपूर्ण छ? | ९३ |
| निकोलाइटसहरु को थिए? | ९५ |
| **रुपरेखा** | |
| हटेनौ भने (कलस्सी १:२३) | ९६ |
| | |
| पदको खोजी | १६ |
| महत्वपूर्ण पदहरुका छिटो टिप्पणी | ४९ |
| तपाई कसरी नाप्नुहुन्छ? | ५५ |
| प्रसन्न हृदय असल औषधी हो- हितोपदेश १७:२२ | ६३ |
| पाँच मिनेट बाइबल अध्ययन | ७७ |
| वचनको शिकार | ८६ |

# पापको मूल्य के हो ?

*डेल जेनकिन्स*

**पाप**

तपाई जान चाहनुभएको भन्दा पापले तपाईलाई धेरै ताढा लिएर जान्छ ।
तपाईले तिर्न चाहनुभएको भन्दा पापले तपाईलाई अझै धेरै मूल्य बढाइदिनेछ ।
तपाईले कल्पना गर्नुभएको भन्दा पापले धेरै मानिसहरूलाई हानी पुऱ्याउनेछ ।
पापले तपाईलाई निरूत्साह, शंकालु र स्वार्थमा छोडिदिनेछ ।
पापले तपाईलाई रित्तो, फोहोर र व्यर्थताको अनुभवमा छोडिदिनेछ ।
पापले तपाईलाई झुट बोल्नेछ, छल्नेछ र नोक्सान गर्नेछ ।
पापले तपाईको पूर्ण मूल्य लिनेछ ।
पापले नोक्सानी उत्पन्न गर्नेछ र अरूलाई दोष देखाउँछ । अनि तपाईले अरूलाई भरोसा गर्नुहुन्न् ।
पापले डर उत्पन्न गराउनेछ ।
पापले तपाईलाई सबै असल, सही र सुन्दरतादेखि अलग गराउनेछ ।
पापले शारीरिक चाहनाका अस्थायी जीवनलाई छोटो बनाइदिनेछ । जसरी पाप चिसो हुन्छ तब यी कुराहरू पनि बिलाएर जान्छन् ।
उमेर बढ्दै जाँदा पापले तपाईलाई निरासा, पृथक, कुरूप, स्वार्थी र पूर्णरूपमा घृणा गर्ने बनाउँछ ।
पापले तपाईको आनन्द, शान्ति, मित्रहरू खोस्नेछ । यो सबै भन्दा ठुलो यसले तपाईको आत्मालाई अनन्त नरकमा नष्ट गर्नेछ ।

**परमेश्वर**

तपाईलाई अरूले प्रेम गरेको भन्दा परमेश्वरले तपाईलाई गहिरो प्रेम गर्नुहुन्छ ।
परमेश्वरले तपाईको आवश्यकतालाई पुऱ्याउनु हुन्छ जुन तपाईसँग छ भनेर पनि तपाईले कहिल्यै महसुस गर्नुहुन्न् ।
शत्रुले तपाईलाई मार्ने कोशिस गर्दा होस् या सबैभन्दा असल मित्रले तपाईलाई धोका दिन खोज्दा होस् त्यहाँ परमेश्वर हुनुहुन्छ ।
कहिल्यै पनि त्यसका जवाफहरू हुँदैनन् भनी तपाईले विश्वास गर्नुभएका प्रश्नहरूका जवाफ परमेश्वरले दिनुहुन्छ ।
परमेश्वरले तपाईलाई परिपूणता, शुद्धता र उचित मूल्यमा छोड्नुहुन्छ ।
परमेश्वरले तपाईलाई सत्यता बताउनुहुन्छ । कहिल्यै पनि तपाईलाई परीक्षामा डोऱ्याउनुहुन्न् अनि तपाईलाई आफ्नै सुरक्षामा अंगाल्नुहुन्छ ।
तपाई बेकारको छ भनी सोच्नुभएता पनि परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ ।

## - परमेश्वर -

परमेश्वरले शुद्ध, प्रष्ट विवेक अनुहार उत्पन्न गर्नुहुन्छ ।
परमेश्वरले सबै डरलाई हटाइ दिनुहुन्छ ।
परमेश्वर तपाईलाई असल, सही र सुन्दर हुनको निम्ति सहायता गर्नुहुन्छ ।
तपाईको वरपरको संसार टुक्राटाक्री भएता पनि परमेश्वरले तपाईलाई आन्तरिक आनन्द र खुशी दिनुहुन्छ, जुन लामो समयसम्मको निम्ति हुनेछ ।
जब तपाई वृद्ध हुनुहुनेछ, परमेश्वरले तपाईलाई न्यानो, सुन्दर, आशावादी र प्रेमिलो बनाउनुहुनेछ ।
परमेश्वरले तपाईलाई तुलनाभन्दा बाहिरको आनन्द, समझभन्दा बाहिरको शान्ति र दाजुभाइभन्दा पनि नजिकका मित्रहरू दिनुहुन्छ । यी सबैभन्दा बढी परमेश्वरले तपाईलाई अनन्त स्वर्गको सुनिश्चित गर्नुहुन्छ ।

म परमेश्वरको प्रेम चाहन्छु । मलाई परमेश्वरको प्रेमको खाँचो छ । मेरो हरेक सामनामा तपाईको असाधारण प्रेमलाई अरूको सामुन्ने खन्याउन परमेश्वर मलाई सहायता गर्नुहोस् । पापलाई इन्कार गर्न मलाई सहायता गर्नुहोस् जसले मलाई अवश्य नै तपाईबाट अलग गर्छ । मलाई जहिले पनि त्यो प्रेम दिनुहोस्, र त्यसै अनुसार प्रेम गर्न मलाई सिकाउनुहोस् ।

*"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो"* (रोमी ५:८) ।

*"हामीले यसमा के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरूद्ध को हुन्छ? जसले आफ्नो निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? परमेश्वरका चुनिएकाहरूका विरूद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ । कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? यस्तो लेखिएको छ, 'तपाईको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेडाहरूजस्तै हामीहरू गनिएका छौं ।' होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन्"* (रोमी ८:३१-३९) ।

❀

# पलायन बोका

*ज्याक डब्लु. कार्टर*

त्यसलाई एउटै लेवी १६ अध्यायमा मात्र उल्लेख गरेको छ । तर, म त्यसलाई बाइबलको एउटा महत्वपूर्ण चरित्रको रूपमा सम्मान गर्छु । यो विशेषरूपमा हेर्दा अनौठो देखिन्छ, किनभने त्यो एउटा बोका थियो । बोकाको नाउँको रूपमा या त्यसको गन्तव्यको सन्दर्भको रूपमा जोडेर उल्लेख गरेको छ ।

सामान्यतया या विशिष्टरूपमा त्यसलाई "पलायन बोका" को रूपमा प्रतिनिधित्व गरेको छ र त्यसले प्रायश्चितको दिनमा आफ्नो भूमिका खेल्यो । त्यो दिन दुइओटा बोकाहरू चुनेको हुन्थ्यो । एउटा बलिदानको निम्ति र अर्को उजाड स्थानमा छोडिनको निम्ति हुन्थ्यो । तिनीहरूलाई चिठ्ठा हालेर छानिन्थ्यो । पहिलो बोकालाई बलिदान गरिसकेपछि, हारून, प्रधान पूजाहारीले आफ्नो हात दोस्रो बोकाको टाउकोमा राखेर इस्रायलीहरूका सारा अधर्म, अपराध र पाप स्वीकार गर्दथ्यो । त्यसपछि त्यो बोकालाई उजाड स्थानमा लगेर छोडिदिन्थ्यो । बोकालाई उजाडस्थानमा छोड्न गएको मानिस फर्कदा त्यसले कहीं चोखो ठाउँमा गएर पानीले नुहाएर अर्को लुगा लगाई आउनु पर्थ्यो ।

यसको महत्वलाई तुरन्तै प्रष्ट पारेको छ– हाम्रा पापहरू हामीबाट कसरी हटाउनुहुन्छ भनी यो परमेश्वरले देखाउनु भएको मार्ग हो । भजनसंग्रह पुस्तकको यो अनुच्छेदलाई मैले जहिले पनि सहयोगको रूपमा राख्ने गर्दछु । *"किनकि पृथ्वीबाट स्वर्ग जति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करूणा त्यत्तिकै महान् छ । पश्चिमबाट पूर्व जत्ति टाढा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढा हटाइदिनुभएको छ"* (भजनसंग्रह १०३:११,१२) ।

जसले हामीलाई वास्ता गर्नुहुन्छ उहाँले अप्रसन्नता देखाउनुहुन्छ भनी परमेश्वरको बारेमा सोच्नु पूर्णरूपमा गलत हो । हाम्रो इच्छामा अप्रसन्नता देखाउने कुरालाई थामिराखेका हुनाले के हामी उहाँको बारेमा यसरी सोच्न सक्छौं? जब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ, यसको अन्त्य यहि नै हो । यसलाई बुझ्नको निम्ति अर्को पदले सहायता गर्दछ । *"तपाईजस्तो परमेश्वर को छ र, जसले पाप-क्षमा गर्नुहुन्छ, र आफ्नो निज उत्तराधिकारका बाँकी रहेकाहरूको अपराध माफ गरिदिनुहुन्छ? तपाई सधैंभरी रीस गर्नुहुन्न, तर कृपा गर्नमा खुशी हुनुहुन्छ । हामीलाई तपाईले फेरि टिठ्याउनुहुनेछ । तपाईले हाम्रा पापहरूलाई खुट्टाले कुल्चनुहुनेछ र हाम्रा सबै अधर्म समुद्रको गहिराइमा फालिदिनुहुनेछ"* (मीका ७:१८,१९) ।

जब म मेरो जीवनमा पापमा बास गर्ने कुराप्रति झुक्दछु, त्यतिबेला म यी अनुच्छेदहरूलाई सम्झन्छु । त्यसपछि म जीवनमा अगाडी बढ्छु ।

❀

# परमेश्वरको रीस

*कालेब कोली*

परमेश्वर प्रेमिलो (रोमी ८:३९) र कृपालु (भजनसंग्रह ५७:२-३) हुनुहुन्छ । सबैलाई आफ्नो अनुग्रह दिन चाहनुहुन्छ (तीतस २:११) भन्ने कुरा सत्य भएता पनि सर्वशक्तिमान परमेश्वरको एउटा चरित्र डरलाग्दो रीस पनि हो । सामान्य रीसलाई हिब्रू शब्दमा "कडा सास फेर्ने" भन्ने अर्थ लाग्दछ । यो मानिसको रीस वा ईश्वरीय रीसमा पनि प्रयोग हुन सक्छ । परमेश्वर धार्मिकतामा रिसाउनु हुनुहुन्छ भनी बाइबलका लेखकहरूले प्रष्ट रूपमा प्रकट गरेका छन् । तल दिएका केही अनुच्छेदहरूमा यो विचारलाई हेर्नेछौंः-

व्यवस्था २९:२७-२८: *"यसकारण परमप्रभुको क्रोध यस देशमाथि दन्कियो, र यस पुस्तकमा लेखिएका सबै श्रापहरू उहाँले यस देशमाथि खन्याउनुभयो । परमप्रभुको डरलाग्दो रीस र ठूलो क्रोधमा तिनीहरूलाई तिनीहरूको देशबाट उखेल्नुभयो, र अर्को देशमा फालिदिनुभयो, जस्तो आज भएको छ ।"*

२ इतिहास २९:१०: *"अब मेरो इच्छा यही छ, कि हामीहरूबाट उहाँको क्रोध हटाउनलाई हामीले परमप्रभु इस्राएलका परमेश्वरसँग एउटा करार बाँध्नुपर्छ ।"*

नहेम्याह ९:१७: *"आज्ञापालन गर्न तिनीहरूले इन्कार गरे, र तिनीहरूका बीचमा तपाईले गर्नुभएका आश्चर्यकर्महरूलाई तिनीहरूले यादै गरेनन् । तिनीहरू अटेरी भए, र आफ्नो दासत्वमा फेरि लैजान तिनीहरूले एक जना अगुवाहरूलाई नियुक्त गरे । तर तपाई क्षमा गर्नुहुने परमेश्वर, अनुग्रहकारी र कृपालु, रिसानीमा ढिला र प्रेमले पूर्ण हुनुहुन्छ । यसैले तिनीहरूलाई तपाईले त्याग्नुभएन ।"*

हिब्रू १०:२६-२७: *"किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ ।"*

परमेश्वरको कठोर रीस उहाँको ईश्वरीय स्वभावको महत्वपूर्ण पक्ष हो जुन बाइबलका लेखकहरूले कहिलेकाहिँ "क्रोध" भनी उल्लेख गर्दछ, ताकि पढ्ने स्रोताहरूले कसको क्रोधको बारेमा विचार गरेको हो भनी वास्तवमै बुझ्न सकिन्थ्यो । बप्तिस्मा दिने यूहन्नाले फरिसी र सदूकीहरूसित बोल्दा प्रयोग गरेका शब्दहरूलाई विचार गर्नुहोस्ः *"सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो?"* (मत्ती ३:७; गन्ती १:५३; यहोशू २२:२०) । यूहन्ना २:१४-१७ मा येशूको धार्मिक क्रोधबारे हामी पढ्न पाउँछौं जहाँ मानिसहरूले परमेश्वरको घरलाई व्यापारको घर तुल्याएको थियो । रीसलाई कसरी उचित तरीकाले प्रयोग गर्ने भन्ने कुरा ख्रीष्ट निश्चय नै जान्नु हुन्थ्यो । कसरी रीसलाई परमेश्वरको महिमाको निम्ति प्रयोग गर्न सकिन्छ भनी उहाँले हामीलाई यसरी उदाहरण

दिनुभयो । पावलले एफिससका ख्रीष्टियानहरूलाई अर्ती दिन्छन्ः *"क्रोध गर तर पाप नगर । घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस"* (एफिसी ४:२६) । रीसको पनि आफ्नो स्थान छ । यो ठूलो लाभदायक हुन सक्छ, र यसमा परमेश्वर हाम्रो सिद्ध उदाहरण हुनुहुन्छ । ख्रीष्टको रीसबारे कस्तो अवधारणा छ जसले त्यसलाई धर्मी बनाउँछन्?

यसलाई अवलोकन गर्नुपर्छ कि अरू मानिसहरू जस्तै नभईकन, क्षणभरको गर्मीको गर्दा, उहाँ अलमल्ल हुनु भएको कारणले गर्दा, लगातार उतार चढावको भावनात्मक कारणले गर्दा परमेश्वर रीसाउनु हुन्न् । त्यसको ठिक विपरित, परमेश्वरको रीस तर्कसंगत प्रतिरोधमा हुन्छ । उहाँको रीस प्रत्यक्षरूपमा पापको प्रतिक्रियाको हिसाबमा हुन्छ । पुरानो करारका पानाहरूमा भन्दा अरू कुनै पनि ठाउँमा उहाँको रीसलाई प्रष्टसँग अवलोकन गरेका छैनन, जहाँ परमेश्वरले इस्राएलको सन्तानलाई निकै प्रदर्शनात्मक र चित्रात्मक तरीकाबाट आफ्नो रीसलाई प्रदर्शन गर्नु भएको हामी पढ्न पाउँछौं । तैपनि, याद गर्नुहोस् कि तिनीहरूले उहाँसँगको करारलाई उल्लंघन नगरेसम्म परमेश्वर इस्राएलको सन्तानसित कहिल्यै पनि रिसाउनु भएन्; इस्राएलीहरूका पापको कारणले गर्दा परमेश्वर रिसाउनु भएको थियो (व्यवस्था ११:१७; २९:२४-२८; एज्रा ८:२२; नहेम्याह १३:१८) ।

भजनसंग्रह लेखक लेख्दछ, *"परमेश्वरले प्रतिदिन दुष्टहरूसित आफ्नो क्रोध व्यक्त गर्नुहुन्छ"* (भजनसंग्रह ७:११) । आफ्नो पवित्रतालाई तोडेर पाप गर्न पुग्दछन् भने त्यसको प्रतिक्रियामा परमेश्वरको रीस प्रकट हुन्छ ।

क्रूसमा ख्रीष्टको छुटकाराको कामले नयाँ नियमको समयमा परमेश्वरले आफ्नो क्रोधलाई तिरस्कार गर्नुभयो भन्ने संकेट गर्दैनन् । न्यायको दिनमा उहाँको क्रोधलाई अधर्मीहरूका विरूद्धमा प्रयोग गर्नुहुनेछ । पावल भन्दछः *"...जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ"* (प्रेरित १७:३१) । हामी सबै ख्रीष्टको न्याय आशनको अगाडी देखा पर्नैपर्छ (२ कोरिन्थी ५:१०), र यदि हाम्रो उद्धार भएको छ भने ख्रीष्टद्वारा परमेश्वरको क्रोधबाट हाम्रो उद्धार हुनेछ (रोमी ५:९) । यो अर्थमा परमेश्वरको क्रोध पहिले नै अपश्चात्तापी मानिसहरूमा आएको छ । किनभने तिनीहरूलाई उपलब्ध भएको केवल एउटै मुक्तिलाई पनि तिनीहरूले इन्कार गरे । बप्तिस्मा दिने यूहन्ना भन्दछ, *"जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ"* (यूहन्ना ३:३६) । पावल लेख्दछ, *"अन्यजातिहरूको उद्धार होस् भनेर तिनीहरूसँग बोल्नमा हामीलाई बाधा दिए । यसरी सधैं उनीहरू आफ्नो पापको नापो भर्छन् । तर अन्त्यमा परमेश्वरको क्रोध तिनीहरूमाथि परेको छ"* (१ थेसलोनिकी २:१६) ।

❀

# भजनसंग्रह १९:१-३

*लेखक अज्ञात*

*"आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ । दिनहुँ तिनीहरुले वार्तालाप गर्छन्, र रातैपिच्छे तिनीहरुले ज्ञानको प्रदर्शन गर्छन् । कुनै बोली छैन, न भाषा छ, जहाँ तिनीहरुको सोर सुनिँदैन ।"*



पृथ्वी आफ्नै अक्ष रेखामा प्रति घण्टा करिब १,००० माइलको दुरीले परिक्रमा गर्छ । यदि त्यो परिक्रमा प्रति घण्टा १०० माइल हुन्थ्यो भने, हाम्रा दिन र रात १० गुणा लामो हुन्थ्यो, र हाम्रा ग्रहहरू वैकल्पिक रूपमा जल्थ्यो र जमेर हिउँ हुन्थ्यो । त्यस्तो अवस्थामा वनस्पतिहरू जीवित रहन सक्दैनन् ।

यदि पृथ्वी चन्द्रमाभन्दा सानो भएको भए मानिसको निम्ति चाहिने पर्याप्त वायुमण्डल कायम गर्न गुरूत्वाकर्षणको शक्ति निकै कमजोर हुन्थ्यो । तर, बृहस्पति, शनि वा युरेनस भन्दा पृथ्वी ठुलो भई दिएको भए अधिक गुरूत्वाकर्षणले गर्दा मानवको चाललाई करिब असम्भव बनाइदिन्थ्यो ।

जसरी शुक्रग्रह सूर्यको नजिक छ, यदि पृथ्वी पनि त्यसरी नै त्यति नजिक भई दिएको भए गर्मी सहन नसक्ने हुन्थ्यो; यदि पृथ्वी मंगलग्रह जस्तै ताढा भइ दिएको भए गरम क्षेत्रहरूमा पनि हामीले हरेक रात हिउँ र वरफको अनुभव गर्थ्यौं होला ।


यदि महासागरको आयाम वर्तमान आयामको भन्दा आधामात्र भइ दिएको भए, पृथ्वीमा अहिले पानी परेको भन्दा केवल चार भागको एक भाग मात्र पानी पर्थ्यो होला । यदि महासागर आठ भागको एक भाग मात्र ठुलो भई दिएको भए हाम्रो बार्षिक वर्षा चार गुणाले बृद्धि हुनेछन् र यो पृथ्वी विशाल अनावश्यक दलदल हुन्थ्यो ।

शून्य डिग्री सेल्सियसभन्दा माथि गयो भने पानी ठोस हुन्छ । यदि यो नियमको अधिनमा पृथ्वी बस्ने हो भने यहाँ ठुलो विनाशकारी हुन्थ्यो । तैपनि, ध्रुवीय क्षेत्रहरूमा वरफ पग्लने मात्रा कम नभई असन्तुलन हुन्थ्यो, र बरफ शताब्दियौं सम्म जम्मा हुन्थ्यो । त्यस्तो विनाश रोक्नको निम्ति, परमप्रभुले बरफ जम्ने बिन्दुलाई बदल्नको निम्ति समुन्द्रमा नून हाल्नुभयो ।

*"तब तिमीहरूले सत्य के हो सो जान्नेछौं, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ"* (यूहन्ना ८:३२) ।

# किन बाइबलमा डायनासोरहरू उल्लेख गरेनन?

*एरिक लाइन्स*



प्रायजसो कलेजका विद्यार्थीहरूले मानव र डायनासोरहरूका सह-अस्तित्वको बारेमा प्रश्न गरेर कहिलेकाहिं समस्यामा पार्ने गर्दछन् । किन डायनासोरहरू बाइबलमा उल्लेख गरेका छैनन् भन्ने एउटा प्रश्नले अलमल्याउँछ । यदि परमेश्वरले वास्तवमै डायनासोरहरूलाई सृष्टि गर्नुभयो, र विगतका समयमा मानिसहरू तिनीहरूसित पृथ्वीमा बसोबास गरेको भए, निश्चय नै बाइबलमा एकचोटी भए पनि "डायनासोर" शब्दबारे पढ्न पाउँछौं ।

प्रायजसो बाइबलको अंग्रेजी अनुवादहरूमा कसैले पनि "डायनासोर" शब्द पाउनुहुनेछैनन् । तैपनि, डायनासोर पृथ्वीमा मानिससित सह-अस्तित्वमा थिए भन्ने तथ्यलाई इन्कार गर्न सक्दैनन् । सर्वप्रथम, बाइबल वर्गीकरणको पुस्तक होइन् भन्ने कुरा हामीले हाम्रो मनमा राख्नुपर्छ । बाइबलको प्रमुख उद्देश्य भनेको परमेश्वर र उहाँको छुटकाराको योजना मानिसलाई बताउनु हो, परमेश्वरले सृष्टि गर्नुभएका सबै प्राणीहरूका सूची बनाउनु होइन् । बाइबलले प्राणीहरूका विविधताको बारे उल्लेख गर्दछ (जसमा सर्पहरू, कुकुराहरू, घोडाहरू, बाख्राहरू

इत्यादि), तर प्रत्येक प्राणीहरूका बारेमा उल्लेख गरेका छैनन् । सामान्यतया धर्मशास्त्रले जनावरहरूका बारेमा उल्लेख गरेको छैनन् भन्दैमा ती प्राणीहरू मानिसहरूसित कहिल्यै पनि अस्तित्वमा थिएनन् भनी बाइबलले सिकाउँदछ भन्ने अर्थ लाग्दैनन् । धेरै जनावरहरूका नाउँ बाइबलले विशिष्टरूपमा उल्लेख गरेका छैनन् जसमा विरालोहरू, कङ्गारूहरू, हात्तीहरू, पेंगुइनहरू इत्यादि । तिनीहरूलाई बाइबलमा उल्लेख नगरेको कारणले गर्दा तिनीहरू पृथ्वीमा मानिसहरूसित सह-अस्तित्वमा छैनन् भन्नु निश्चय नै गलत हो । बाइबलमा डायनासोरहरूबारे उल्लेख नगरेको हुनाले डायनासोरहरू र मानिसहरू कहिल्यै पनि एकैसाथ जिइएको थिएनन् भनी भन्नु पनि समान गलत हो ।

दोस्रो, हामीले यो कुरालाई पहिचान गर्नु पर्छ कि बाइबल लेख्ने कार्य करिब १,६०० वर्षमा पुरा भएको थियो । सन् १५३५ तिर बाइबल पूर्णरूपमा अंग्रजी भाषामा अनुवाद गरेको थियो । सन् १८४२ सम्ममा पनि "डायनासोर" शब्द अंग्रेजी भाषामा राखेको थिएन् । त्यसको करिव ३०० वर्ष पछि पहिलो पल्ट पुरानो र नयाँ करारको पूर्ण बाइबल अंग्रजीमा अनुवाद भयो । निश्चय नै कसैले पनि अंग्रजी शब्द डायनासोरलाई पाउन सक्दैन्थ्यो । बाइबलको अनुवाद गर्दा डायनासोरको अर्थ "विशाल भयानक", "छेपारो", "सरिसृप" को रूपमा राख्न थाल्यो ।


तेस्रो, प्रायजसो आधुनिक अंग्रजी बाइबल अनुवादकहरूले सन् १८४२ पछिको अनुवादका प्रक्रियाहरूमा "डायनासोर" शब्दलाई हटाउन रोजे, तापनि डायनासोर वा डायनासोर जस्तै प्राणीहरूलाई बाइबल लेखकहरू पराजित हुँदै यस्तो बहिष्कार गर्न खोजेको अर्थ लाग्दैनन् । एउटा हिब्रू शब्दलाई अयूब ७:१२ मा "समुन्द्रको भयानक जन्तु", "समुन्द्री जन्तु", "समुन्दी सर्प" भनी अनुवाद गरियो । तिनीहरू कस्ता समुन्द्री जन्तुहरू थिए? निश्चय नै कसैलाई पनि थाहा छैनन् । यो सम्भव छ कि तिनीहरूले डायनासोर जस्तै पानीमा जिउने सरीसृप प्राणीलाई दर्शाउछ । यहाँ चाखलाग्दो तथ्य यो छ कि यशैयाले "विषालु उड्ने सर्प" लाई देखाएको छ (यशैया ३०:६) । उड्ने सर्पको बारेमा हामीलाई वास्तविक पहिचान नभएता पनि हामीलाई थाहा छ कि उड्ने सरीसृपहरूको लामो पुच्छर र पातलो शरीर हुन्छन् । बाइबलमा परमेश्वरले सृजनु भएका दुई विशाल प्राणीहरू "बेहेमोथ" र "लिब्यातन" को वर्णन अयूव ४० अध्यायले दिन्छन् । यी प्राणीहरू वास्तवमै डायनोसर वा डायनोसर जस्तै पानीमा जिउने सरीसृप हुन् ।

अन्तमा, बाइबलमा डायनोसरहरूका बारेमा विशिष्ट तरीकाले उल्लेख गरेता पनि, नगरेता पनि कसैले यो थाहा पाउन सकिन्छ कि तिनीहरू पनि सृष्टिको हप्तामा मानिससँगै सृष्टि गरेको थियो (उत्पति १), लाखौं वर्ष अगाडी होइन् । *"किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो"* (**प्रस्थान** २०:११) ।

❀

# पदको खोजी

## १ कोरिन्थी ६:१२-२०



(१) धर्मशास्त्रमा गलत नभएसम्म ख्रीष्टियानहरुले जे गर्न चाहेका छन् ती कुराहरु गर्न सक्छन् भनी पावल सोच्दछन् (१ कोरिन्थी ६:१२) । सही................गलत...................

(२) "शरीर........................निम्ति होइन्, तर...................निम्ति हो, र................ शरीरको निम्ति हुनुहुन्छ" (१ कोरिन्थी ६:१३) ।

(३) परमेश्वरले आफ्नो शक्तिद्धारा प्रभुलाई जीवित पार्नुभयो, र हामीलाई पनि उहाँको शक्तिद्धारा..........................पार्नुहुनेछ (१ कोरिन्थी ६:१४) ।

(४) हाम्रा शरीरहरु ख्रीष्टका........................हुन् (१ कोरिन्थी ६:१५) ।

(५) वेश्यासँग जोडिने मानिस........................त्यससँग एक हुन्छ (१ कोरिन्थी ६:१६) ।

(६) पाँच नम्वरको भनाईलाई प्रमाणित गर्न पावलले कुन पदलाई उद्धरण गर्दछ (१ कोरिन्थी ६:१६) ?

(७) तर जो प्रभुसँग............हुन्छ, त्यो उहाँसँग..............एउटै हुनेछ (१ कोरिन्थी ६:१७) ।

(८) व्यभिचार गर्ने मानिसले के को विरुद्धमा पाप गर्दछ भनी पावल भन्दछ (१ कोरिन्थी ६:१८)?

(९) हाम्रो शरीर पवित्र आत्माको...........................हो भनी पावल घोषणा गर्दछ (१ कोरिन्थी ६:१९) ।

(१०) पावल अझ घोषणा गर्दछ कि हामी.........................किनिएका हौं, हामी आफै आफ्नै होइनौं भन्ने अर्थ लाग्छ (१ कोरिन्थी ६:२०) ।

(११) हाम्रो शरीर परमेश्वरको अधिनमा भएकाले, के को निम्ति तिनीहरु प्रयोग गर्नुपर्छ (१ कोरिन्थी ६:२०) ? ❀

(यसको जवाफ पुस्तिकाको पछाडी पानामा छ ।)

*१२ सबै कुरा मेरो निम्ति न्यायसङ्गत छन्, तर सबै कुरा फाइदाका छैनन् । सबै कुरा मेरो निम्ति न्यायसङ्गत छन्, तर म कुनै कुराको कमारो हुनेछैनँ । १३ भोजन पेटको निम्ति, र पेट भोजनको निम्ति हो । तर परमेश्वरले दुवैलाई नाश गर्नुहुनेछ । शरीर व्यभिचारको निम्ति होइन, तर प्रभुको निम्ति हो, र प्रभु शरीरको निम्ति हुनुहुन्छ । १४ परमेश्वरले आफ्नो शक्तिले प्रभुलाई जीवित पार्नुभयो, र हामीलाई पनि उहाँको शक्तिद्वारा जीवित पार्नुहुनेछ । १५ तिमीहरुका शरीर ख्रीष्टका अङ्गहरु हुन् भन्ने के तिमीहरुलाई थाहा छैन्? त के म ख्रीष्टका अङ्गहरु लिएर तिनलाई वेश्याका अशुद्ध अङ्ग तुल्याऊँ? यो कदापि नहोस् । १६ वेश्यासँग जोडिने मानिस शरीरमा त्यससँग एक हुन्छ भन्ने कुरा के तिमीहरुलाई थाहा छैन? किनकि यस्तो लेखिएको छ, ती दुवै एउटै शरीर हुनेछन् । १७ तर जो प्रभुसँग एक हुन्छ, त्यो उहाँसँग आत्मामा एउटै हुनेछ । १८ व्यभिचारदेखि अलग बस । अरु जुनसुकै पाप जो मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ । १९ तिमीहरुको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौं, र उहाँ तिमीहरुभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन? तिमीहरु स्वयम् आफ्नै होइनौं । २० तिमीहरु मोल तिरेर किनिएका हौं । यसकारण तिमीहरुका शरीरमा परमेश्वरको महिमा गर ।*

❀

नोटः यो धर्मशास्त्रको खण्डमा पावलले कोरिन्थीहरुलाई तिनीहरुको अनैतिक व्यवहारको निम्ति गाली गर्दछ । कोरिन्थीहरुले आफ्नो पापी व्यवहार ठीकै हो भनी प्रयोग गर्न पद १२ र १३ लाई नाराको रुपमा लिइएको छ । तैपनि, ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताले हामीलाई कुनै तवरबाट पनि पाप गर्न अनुमति दिंदैनन् (रोमी ६:१-४) । आज पनि त्यस्ता मानिसहरु धेरै छन् । जसरी कुनै पनि भौतिक भोजनले आत्मिकरुपमा असर पार्दैनन्, त्यसरी नै कुनै पनि शारीरिक इच्छाहरु उचित देखिन्थ्यो र त्यसले तिनीहरुलाई आत्मिकरुपमा असर पार्दैनन् भनी कोरिन्थीहरुले सोच्दथे । त्यसरी नै अनैतिक व्यभिचार पनि शुद्धरुपमा शारीरिक इच्छाभन्दा केही कुरा होइनन् र कसैको आत्मिक क्षेत्रमा कुनै प्रभाव पर्दैनन् ।

माथिका कारणहरु गलत छन् किनभने हाम्रो शरीरहरु केवल हाम्रा आत्माको निम्ति भण्डार गर्ने भौतिक कुराभन्दा ठुलो कुरा हो । ख्रीष्टको पुनरुत्थानद्वारा हाम्रा शरीरहरु अनन्तसम्म जीउनेछन् । जब हामी व्यभिचार गर्छौं तब हामी वेश्यासँगै एक हुन्छौं भनी पावल जोड दिंदै भन्दछ । तर हामी ख्रीष्टियानहरु प्रभुसँग पहिले नै एक भइसकेका छौ । हामीले शारीरिकरुपमा व्यभिचार गर्दा हामी आत्मिक रुपमा पनि व्यभिचार गर्दछौं भन्ने अर्थ लाग्छ ।

जसरी प्राचीन दासहरु लिलामी गरी किनेको हुन्थ्यो, त्यसरी नै हामी पनि येशूको रगतद्वारा मोल तिरेर किनिएका छौ भन्ने कुरालाई हामी महसुस गर्नुपर्छ । त्यसकारण, हामी आफ्नै अधिनमा छैनौं । अब हामी ख्रीष्टको अधिनमा छौं, र हाम्रो कर्तव्य भनेको हाम्रा शरीर र आत्मामा परमेश्वरलाई महिमा गर्नु हो । परमेश्वरको आत्मा अहिले हामीमा वास गर्नुहुन्छ । यसकारण व्यभिचार गरेर परमेश्वरको मन्दिरलाई हामी कसरी अशुद्ध बनाउने? उहाँको मन्दिर अशुद्ध गर्नेहरुलाई उहाँले नष्ट गर्नुहुन्छ (१ कोरिन्थी ३:१७) । हामीमा भएका सबै कुराहरु उहाँकै हुन् र हामी सबै परमेश्वरको अधिनमा छौं । यसरी हामी जहिले पनि परमेश्वरलाई महिमा गर्ने कुराको खोजी गरौं।

# वचनका सात आश्चर्यहरू

***चार्ल्स पग** III*

प्रायजसो सबैले "संसारका सात आश्चर्यहरू" बारे सुनेको हुनुपर्छ । त्यस्तै बाइबलको आश्चर्यहरूबारे धेरै कुराहरू सुन्नु आवश्यक छ । भजनसंग्रह लेखक प्रार्थना गर्दछ, *"मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकुँ"* (भजनसंग्रह ११९:१८) । उनी पुनः घोषणा गर्दछ, *"तपाईंका कानूनहरू आश्चर्यपूर्ण छन्"* (भजनंग्रह ११९:१२९) । निम्ति लिखित वचनका सात आश्चर्यहरूसित म प्रभावित भएको छु ।

(१) **प्रेरणाको आश्चर्यता** । यसका केही अंश र विचारहरूमात्र होइनन्- तर *"सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो"* (२ तिमोथी ३:१६) । सबैभन्दा सानो अक्षर वा एउटा अक्षरबाट अर्को अक्षर अलग गर्ने शब्द पनि प्रेरणा प्राप्त हो (मत्ती ५:१८) ।

(२) **स्वरूपको आश्चर्यता** । बाइबल एकै चोटी आएको होइन् । यो करिव १६०० वर्षको समय अवधिमा आएको थियो । *"किनकि यस्तो छ-गरि बस, गरि बस, शासन गर, शासन गर, यहाँ अलिकति, त्यहाँ अलिकति"* (यशैया २८:१०) ।

(३) **संरचनाको आश्चर्यता** । यो ६६ वटा पुस्तकहरूका पुस्तकालय हो, तापनि एउटै पुस्तक, करिव १६०० वर्षको अन्तरालमा ४० जना लेखकहरूद्वारा लेखेता पनि एउटै सन्देश छ (प्रकाश १९:१०) ।

(४) **प्रकाशको आश्चर्यता** । बाइबल परमेश्वरको अन्तिम पूर्ण प्रकाश हो (१ कोरिन्थी २:१०-१२), जुन मानिसको इच्छा अनुसार आएनन्, तर पवित्र आत्माबाट प्रेरणा पाएर परमेश्वरका पवित्र मानिसहरूबाट आएका हुन् (२ पत्रुस २:२०,२१) ।

(५) **सुचनाको आश्चर्यता** । संसारमा भएको साहित्य मध्ये यो सबैभन्दा ठुलो साहित्य हो -यसमा जीवन र भक्तिको लागि चाहिने सबै कुराहरू सम्लग्न छन् (२ पत्रुस १ :३) । कुनै थप कुराहरूको आवश्यकता पर्दैनन् । यसले हरेक जनलाई सुकर्ममा पूर्णरूपले सुसज्जित गर्न सक्छ (२ तिमोथी ३:१७) ।


(६) **प्रसारको आश्चर्यता** । बाइबललाई सबै देश, वर्ग र जातिहरूले पढ्छन् । बाइबल संसारको सबैभन्दा राम्रो बिक्री हुने पुस्तक हो ।

(७) **सुरक्षाको आश्चर्यता** । यो अरू सबै पुस्तकहरूभन्दा बढी घृणा गरिएको पुस्तक भए तापनि यसले निरन्तरता पाएको छ । परमप्रभुको वचन सदासर्वदा रहिरन्छ (१ पत्रुस १:२५) ।

❀

# वचनलाई ठीकसँग प्रयोग गर्न उचित बाइबल अध्ययनको आवश्यकता पर्दछ ।

*डेभिड आर. केनी*




*"मेरो हृदयले तपाईंका वचनको भय माग्दछ"* (भजनसंग्रह ११९:१६१) ।

बाइबल अध्ययनबारे दुईवटा अत्याधिक विचारहरू छन् । बिशिष्ट व्यक्तिहरू, विद्वानहरूका सहयोगविना सरदर मानिसहरूले धर्मशास्त्रलाई बुझ्न सक्दैनन् भन्ने एउटा विचार छ । बाइबलमा साधारण व्यक्ति वा विशिष्ट व्यक्तिहरूका समुह नभएतापनि सामान्य मानिसहरूले विशिष्ट व्यक्तिहरूविना धर्मशास्त्र बुझ्न सक्दैनन् भनी कसैले भन्दछ । बाइबललाई अनौपचारिक रूपले अध्ययन गरी पूर्णरूपले बुझ्न सक्छन् भन्ने अर्को विचार छ । यी दुईवटा विचारहरूका विचमा सत्यता छन् - सिक्नको निम्ति उचित तरीकाद्वारा प्रयास गर्दछन् भने सबैले बाइबल बुझ्न सक्छन् । *"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तैं आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर"* (२ तिमोथी २:१५) । मेहनती हुनको निम्ति उचित प्रयासको आवश्यकता पर्दछ, र यो विषयलाई थप जोड दिनको निम्ति "कामदार" शब्द प्रयोग भएको छ । अन्तिम दिनमा उद्धार पाउन र परमेश्वरलाई प्रसन्न तुल्याउनको निम्ति उहाँले उनलाई के भन्नुभएको छ भनी थाहा पाउनको लागि कसैले सही तरीकाबाट बाइबल अध्ययन गर्ने प्रयास गर्नुपर्छ । सही तरीकाले विभाजन गर्नु भन्नाले सही तरीकाले प्रयोग

गर्नु, सत्यतालाई राम्रोसँग सिकाउनु भन्ने अर्थ लाग्छ, जसको निम्ति सही बिधिद्वारा बाइबल अध्ययन गर्नु पर्छ । उहाँले हामीलाई पढ्न र थाहा पाउनको निम्ति दिनुभएको वचनहरूमा हामीहरूले ध्यान दिएको होस् भनी निश्चिय नै उहाँले हामीबाट अपेक्षा गर्नुहुन्छ ।

परमेश्वरले बाइबलमा मानिसहरूसित सामना गर्नुभएको तीन वटा युगहरूलाई बाइबलका विद्यार्थीहरूले जान्नु पर्छ । पहिलो युगलाई पितापूर्खाको समय भनियो (परमेश्वरले घरका प्रमुख व्यक्तिहरूसित बोल्नुभयो); त्यसपछि मोशाको युग भनियो (परमेश्वरले मोशा र इस्रायलीहरूलाई व्यवस्था दिनुभयो); र अहिलेको समयलाई ख्रीष्टियान युग (परमेश्वरको पुत्रले सबैका निम्ति नयाँ करार स्थापना गर्नुभयो) । नयाँ नियम नै त्यो व्यवस्था हो जसद्वारा हामी सबैको न्याय हुनेछन् । कसैले गल्तीले पनि यी करारहरूलाई एकै ठाँउमा मिसाइदिन्छ र पुराना करारका अभ्यासहरूलाई नयाँ करारमा ल्याइदिन्छन् । यिनीहरू फरक करारहरू हुन, पहिलो करारको संशोधन होइनन् ।

उचित बाइबल अध्ययनले यी करारहरू र आज्ञाहरूलाई तिनीहरूको सही दृष्टिकोणमा बुझ्न लगाउँछ । धर्मशास्त्रप्रति कसैको तार्किक दृष्टिकोण हुनुपर्छ । आज्ञाहरूलाई पालन गर्नुपर्छ भन्ने पहिचान, उदाहरणहरूलाई पछ्याउनुपर्छ (वा इन्कार गर्नुपर्छ, सन्दर्भमा निर्भर हुन्छ), र परमेश्वरलाई हामीले कसरी आराधना गर्नुपर्छ र हाम्रा जीवनलाई कसरी संचालन गर्नुपर्छ भनी ती आशयहरूले हामीलाई देखाउँछ ।

वचनलाई ठीक तरीकाले सामना गर्नुको अपेक्षित सिद्धान्त भनेको धर्मशास्त्रको मौनतालाई सम्मान गर्नु हो । यदि बाइबलले हामीलाई केही क्रियाकलापहरू गर्न सक्दैनन् भनी भन्दछ, तब त्यो गर्न अनुमति दिएको छ भनी कसैले सोच्दछन् भने ती क्रियाकलापहरू गर्नको निम्ति हामी बाइबलमा गई त्यसको निम्ति आज्ञा, उदाहरणहरू र व्यवहारिक प्रयोग गरेको अभ्यासलाई हेर्नुपर्छ । अर्को शब्दमा, "म त्यो गर्न सक्दिनँ भनी बाइबलले भन्दैन" भनी हामी भन्छौं भने हाम्रो निसाना चुकिरहेका हुन्छौं । उचित प्रश्न यो हुन्छ, "यो गर्नको निम्ति तपाईले कहाँबाट बाइबलीय अधिकार पाउनुहुन्छ?" हामीलाई अनुमति नदिएका हरेक क्रियाकलापहरू परमेश्वरले हामीलाई भन्नुभएको थियो भने बाइबल कति लामो पुस्तक हुन्थ्यो होला, तपाई आफैं सोच्नुहोस् ।

हामी सबैले बाइबल अध्ययन गर्नुपर्छ ताकि परमेश्वरको सामुन्ने हामी आफैंले आफैंलाई प्रमाणित गर्न सकौं ।

❀

*"किनकि धेरै मानिसहरु सरह हामी परमेश्वरको वचन व्यापार गर्ने होइनौं, तर परमेश्वरले पठाउनुभएको निष्कपट मानिसको रुपमा हामी परमेश्वरको सामुन्ने ख्रीष्टमा बोल्दछौं ।" (२ कोरिन्थी २:१७)*

# के सबै पापहरू समान छन्?

*काइल बट*

प्रायजसो यो प्रश्न सोध्ने गरिएको छः "के सबै पापहरू समान छन्?" यस्तो प्रश्नको जवाफ दिनको निम्ति केवल निश्चित स्रोत बाइबलमा जानुपर्छ जसले आधिकारिक रूपमा पापको बारे बोल्दछ । सोधिएको प्रश्नको जवाफ त्यसको सन्दर्भमा भर पर्छ भन्ने कुरालाई हामी देख्न सक्छौं ।

एउटा अर्थमा त्यसको जवाफ "हो पाप, पाप नै हो ।" याकूब २:१०-११ ले भन्दछः *"किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । किनकि जसले 'व्यभिचार नगर' भन्नुभयो, उहाँले 'हत्या नगर' पनि भन्नुभयो । तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौं भने, तिमी व्यवस्थाका अपराधी भएका छौं ।"* यी पदहरूबाट हामी देख्न सक्छौं कि कुनै पनि पापले मानिसलाई दोष दिन सक्छ । यूहन्नाले लेख्दै गर्दा उनीले पापबारे उसो भन्दछः *"पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो"* (१ यूहन्ना ३:४) । यसकारण, संस्कृतिले कुनै पापलाई ठूलो वा अरू भन्दा कम महत्वको छ भनेर हेरेता पनि बाइबलले सिकाउँदछ कि यदि त्यो पाप क्षमा भएको छैनन् भने परमेश्वरको व्यवस्थामा उलंघन भएका कुनै पनि कुराले मानिसलाई परमप्रभुको उपस्थितिबाट ताढा राख्न सक्छ ।

जवान धनी शासकको कथामा यो विचारलाई अझै राम्ररी बुझ्न सकिन्छ (लूका १८:१८-२७) । जवानी अवस्थादेखि व्यवस्थाका सबै आज्ञाहरूलाई पालना गरेको थियो भनी धनी जवान शासकले व्याख्या गर्‍यो । येशूले उनलाई प्रतिक्रिया गरी भन्नुभयो, *"तिमीलाई अझ एउटा कुराको अभाव छ । तिमीसँग भएका जे जति छन् ती गरीबहरूलाई बाँडिदेऊ, र तिमीलाई स्वर्गमा धन हुनेछ ।"* यो कुरा सुनेर त्यो शासक अति उदास भएर फर्के । उद्धार पाउनको निम्ति उनले सबै आज्ञाहरू पालना गरेता पनि उ अझै पापमा जिइरहेका थिए । परमेश्वरसितको उनको सम्वन्धलाई भन्दा पनि उनको सम्पतिलाई उनले बढी मूल्य थानेको तथ्य देखिन्छ । येशूको भनाइ अनुसार जवान मानिसमा केवल एउटै कुराको अभाव थियो, यसले उनलाई परमप्रभुको उपस्थितबाट ताढा राख्न सक्थ्यो । यसकारण यो सन्दर्भ अनुसार सबै पापहरू एक समान छन् ।

तैपनि, कुनै पापले मानिसलाई दोष दिन सक्छन् भन्ने तथ्यको आधारमा यो अर्थ लाग्दैनन् कि सबै पापहरूको एक समानले इन्साफ हुन्छन् वा त्यस्तै तरीकाका आत्मिक परिणामहरू हुन्छन् । बाइबलले धेरै स्थानहरूमा स्पष्टसँग भनेको छ कि परमेश्वरले केही पापहरूलाई ठूलो भनी विचार गर्नुहुन्छ वा अरू भन्दा बढी दुष्ट भन्नुहुन्छ । उदाहरणको निम्ति प्रस्थान ३२:२१ मा मोशाले हारूनलाई सोध्यो, *"यी मानिसहरूले तपाईलाई के गरे, र तपाईले यिनीहरूलाई यस्तो*

*ठूलो पापमा लानुभयो?"* निश्चय नै, यो तुलनात्मक भाषा हो, जसले हारूनको पाप धेरै दुष्ट थिए वा अरू केही पापको तुलनामा बढी प्रभावित थिए भन्ने बुझाउँछ । यो विचारलाई नयाँ करारमा पनि लिएको हामी देख्छौं । मत्ती ५:१९ मा येशू भन्नुहुन्छ, *"जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लंघन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइने छ ।"* निश्चय नै केही आज्ञाहरू "सानो" र तुलना गर्दा अरूभन्दा "ठूलो" भनी सोच्थे । मत्ती २३:२३ मा महान आज्ञा पाउँछौं । व्यवस्थाका गहकिला विषयहरूः न्याय, दया र विश्वासलाई अवहेलना गर्दा येशूले फरिसीहरूलाई धिक्कार्नु भयो । उहाँको भनाई निकै प्रष्ट थियो कि कोही मानिसलाई दया र न्याय देखाउन असफल हुनु भनेको थोरै मात्रामा मसलाहरूका दशांश दिएर असफल हुनु जस्तै सानो पाप हो ।

यो सिद्धान्तलाई अभिव्यक्त गर्न सम्भवत सबैभन्दा स्पष्ट प्रदर्शन पिलातससँग येशूको सम्वाद हुन सक्छ । यूहन्ना १९:११ मा येशूले पिलातसलाई भन्नुभयो, *"यसकारण मलाई तपाईका हातमा सुम्पिदिने अझ बढी पापको दोषी छ ।"* उहाँको भनाई त्यति प्रत्यक्ष छैनन् । पिलातसले गरेको पापभन्दा हरेक व्यक्तिले गरेको पापको कारणले येशूलाई पिलातसको हातमा सुम्पिदिएको पाप ठूलो छ ।

पापको कारणले गर्दा कोही व्यक्तिको उद्धार कसरी गुम्न सक्छन् भनी कोही व्यक्ति अचम्म पर्न सक्नुहुन्छ । तर केही पापहरू अरूभन्दा ठूलो छन् भनी इन्साफ गर्नुहुन्छ । यसलाई प्रष्ट गर्नको निम्ति यो उदाहरण राम्रो हुनेछ । मानिलिनुहोस् एकजना व्यक्तिले १० लाख मूल्य पर्ने कार किन्नको लागि बैंकसँग ऋण माग्यो । त्यो व्यक्तिले बैंकलाई ९ लाख पैसा तिरेर बाँकी पैसा तिर्न छोड्यो । त्यसपछि के भयो? यद्यपी त्यो व्यक्तिले १ लाख रूपैया बाँकी राखेर सबै पैसा तिरे तापनि बैंकले त्यसको कार खोस्नेछ । तिर्न बाँकी रहेको रकमले कार गुम्न सक्छ । मानिलिनुहोस्, एकजना मानिसले १० लाख मूल्यको कार किन्न बैंकसँग ऋण माग्यो । त्यसले एक पैसा पनि तिरेनन् । त्यसपछि के भयो? बैंकले त्यसको पनि कार खोस्नेछ । यी दुईवटा उदाहरणहरूमा के एकजनाको ऋण अर्कोको भन्दा बढी ऋण छ? निश्चय नै, जसको १० लाख ऋण छ । तर के तिनीहरू दुवै जना ऋणी हुन्? तिनीहरूमा असमान मूल्य भएता पनि दुवैजना आफ्नो कार किन्नको निम्ति मूल्यको ऋणी भएका छन् । अवश्य नै तिनीहरू ऋणी हुन् ।

परमेश्वरले पापलाई कसरी हेर्नुहुन्छ भनी बाइबलले हामीलाई स्पष्ट र बुझ्ने गरी बताएको छ । न्याय र तौलको सर्तहरूमा पाप फरक हुन सक्छन् । तापनि, यदि क्षमा हुन बाँकी छन् भने कुनै एउटा पापको कारणले गर्दा मानिसको आत्मा गुम्न सक्छन् । यो सत्यतालाई हेर्दै हामी सबै परमेश्वरमा विश्वासयोग्य आज्ञाकारी हुने कोशिष गरौं ताकि सानोबाट ठूलो जुनसुकै पाप उहाँको पुत्र येशू ख्रीष्टको रगतले हाम्रा सबै पापहरूबाट निरन्तर हामीलाई शुद्ध पार्नुहुन्छ (१ यूहन्ना १:७) ।

❀

# *थुमाको जीवनको पुस्तक*

*डेभिड आर. फार*

येशूले आफ्नो अन्तिम यात्रा यरूशलेमको निम्ति तयारी गर्नुहुँदा उहाँले आफ्ना चेलाहरूबाट सत्तरी जनालाई चुन्नुभयो र उहाँको आगमनको निम्ति तयार गर्न अगाडी पठाउनुभयो । त्यहाँ विरोध हुनेछन् भनी उहाँले चेतावनी दिनुभयो । तिनीहरू *"ब्वाँसाहरूका बीचमा भेडाका पाठाहरू झैं"* हुनेछन् । तिनीहरूलाई ख्रीष्टको नाउँमा भुतहरू धपाउने र बिरामीहरूलाई निको पार्ने ठुलो शक्ति दिनुभयो (लूका १०:१) ।

ख्रीष्टका चेलाहरूमा सेवाकाईको सफलताप्रति ठुलो आनन्द हुनेछन् भनी अपेक्षा गरेको थियो । सत्तरी जना चेलाहरू फर्कदा तिनीहरूले उत्साहजनक प्रतिवेदनकासाथ यसो भने, *"प्रभुज्यू, तपाईको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन् ।"* महान कार्य भएको थियो भनी येशू जान्नुहुन्थ्यो । दुष्ट आत्माहरूले तिनीहरूलाई प्रतिकार गर्न सकेनन् । तैपनि, आश्चर्य कर्मभन्दा पनि केही उत्तम कुराहरू छन् भनी येशूले औंल्याउनुभयो । उहाँले भन्नुभयो, *"तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन्, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ"* (लूका १०:१७–२०) ।

शक्तिशाली कार्यहरू गर्न सक्नु भन्दा पनि केही उत्तम कुराहरू छन् भन्ने विषयलाई हेरौं । उनको नाउँ जीवनको पुस्तकमा वा स्वर्गमा लेखिएको छ भनी हरेक विश्वासयोग्य परमेश्वरको सन्तानलाई आश्वासन दिइएको छ । पवित्र शहर स्वर्गबारे यूहन्ना लेख्दछ, *"तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरू बाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन"* (प्रकाश २१:२७) ।

जीवनको पुस्तकमा नाउँ छ भन्नुको तथ्यले हामीलाई यो बताउँदछ कि परमेश्वरले हामी सबैलाई घनिष्टरूपमा चिन्नुहुन्छ । उहाँले हाम्रो नाउँ चिन्नुहुन्छ । परमेश्वरले मोशालाई वास्ता गर्नुहुन्छ भनी जोड दिदै उहाँले भन्नुभयो, *"मैले तँलाई नाउँले नै चिनेको छु"* (प्रस्थान ३३:१७) । येशू आफैले आफैलाई "असल गोठालोको" रूपमा अभिव्यक्तगरी भन्नुभयो, *"उसले आफ्ना भेडाहरूलाई नाउँ काढी-काढी बोलाउँछ"* (यूहन्ना १०:३) । पावलले फिलिप्पीमा भएका आफ्ना संगी सहकर्मीहरूका बारेमा उल्लेख गर्दछ, *"जसका नाउँ जीवनको पुस्तकमा छन्"* (फिलिप्पी ४:३) । सार्डिसको मण्डलीलाई उनको पत्रमा ख्रीष्टले तिनीहरूलाई आश्वासन दिदै भन्नुहुन्छ, *"तर सार्डिसमा कति व्यक्ति छन्, जसले आफ्ना लुगा बिटुलो पारेका छैनन्...म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ । म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु"* (प्रकाश ३:३–४) ।

परमेश्वरले हाम्रा नाउँहरू चिन्नुहुन्छ भन्नाले हामीलाई यो पनि याद गराँउछ कि उद्धार मुक्ति ब्यक्तिगत कुरा हो, सामुहिक होइनन् । जीवनको पुस्तकमा राष्ट्र, परिवार वा कुनै मण्डलीको नामको सूची लेखेको हुँदैन् तर ब्यक्तिहरूका नाम हुन्छन् । हो, उद्धार पाएका मानिसहरू नै ख्रीष्टको मण्डलीको सदस्यहरू हुन् । ब्यक्तिगत विश्वास र आज्ञाकारिताको परिणामले उद्धार मुक्ति प्राप्त हुन्छ (१ पत्रुस १:२२) । न उनको परिवारको नाउँ स्वर्गमा लेखिएको कारणले हो न ता उनले मण्डलीको सदस्यतालाई दावी गरेको हुनाले कोही स्वर्गमा प्रवेश गर्नेछन् । तर हरेक ब्यक्तिको ब्यक्तिगत सम्वन्ध परमप्रभुसित भएको कारणले गर्दा हो ।

थुमाको जीवनको पुस्तकमा निश्चित र ठीक सुची समावेश गरेको हुन्छ भन्ने कुरालाई जोड दिनु आवश्यक छ । कसको नाउँ लेख्ने भन्ने कुरा वास्तवमै परमेश्वर जान्नुहुन्छ । *"परमप्रभुले आफ्ना जातिलाई चिन्नुहुन्छ"* (२ तिमोथी २:१९) । जीवनको पुस्तकमा कुनै गल्ती हुँदैनन् । उहाँको अधिनमा नभएकाहरूका नाउँ समावेश हुँदैनन्, र त्यहाँ हुनुपर्नेहरूका नाउँ छुटेका हुँदैनन् । जिम्मेवारी मानव जातिहरूमा केवल दुई वर्गमात्र छन्ः पुन नयाँ गरी जन्मेका मानिसहरू र नयाँ गरी नजन्मेका मानिसहरू; मण्डलीमा भएका मानिसहरू र संसारमा भएका मानिसहरू; पाप क्षमा भएका मानिसहरू र पापमा जिइएका मानिसहरू; जीवनको पुस्तकमा नाउँ उल्लेख भएका मानिसहरू र जीवनको पुस्तकमा नाउँ उल्लेख नभएका मानिसहरू हुन् ।

नाउँहरू जन्ममा अभिलेख गर्दछ- नयाँ जन्ममा, त्यही समयमा जब कोही नयाँ गरी जन्मन्छ (यूहन्ना ३:१७; १ पत्रुस १:२३; गलाती ३:२६) । पृथ्वीमा हामीसँग भएको पुस्तक, बाइबललाई जब हामीले विश्वास गरी पछ्याउँछौं त्यसैद्धारा नै हाम्रा नाउँ थुमाको जीवनको पुस्तकमा हुन्छन् कि हुँदैनन् भनी हामी जान्न सक्छौं ।

लेखिएका नाउँहरू हट्न सक्छन् भन्ने कुरालाई थाहा पाउनु पनि महत्वपूर्ण छ । जो विश्वासयोग्य भएर पापलाई जितेका छन् तिनीहरूका नाउँ हटाइनेछैनन् (प्रकाश ३:५) । तैपनि, यसबारे डरलाग्दो चेतावनी दिएको छ, *"अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ"* (प्रकाश २२:१९) । यूहन्नाले आफ्नो दर्शनमा अन्तिम इन्साफबारे लेख्छः *"मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो...जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो"* (प्रकाश २०:१२-१५) ।

# ठूलो प्रश्नः कुनचाहिं?

*क्यारोल साईटस*

जीवन निर्णयले भरिएको छ । कुनै निर्णयहरू ठूला र कुनै साना हुन्छन् । केही निकै महत्वपूर्ण र केही कम महत्वपूर्ण हुन्छन् । केहीले कसैको जीवनमा प्रभाव पर्दछ भने केहीले कोही व्यक्तिको भाग्यलाई प्रभाव पर्दछ । हामीले गरेका हाम्रा निर्णयद्वारा कुन चाहिं ठूलो प्रश्नलाई जवाफ दिन्छौं । कृपया तल दिएका कुराहरूलाई होशियारका साथ विचार गरी सही निर्णय गर्नुहोस् ।

- दिनलाई शुरूवाट गर्ने दुईवटा मार्गहरू छन्– प्रार्थनाद्वारा वा विनाप्रार्थना । तपाईले आफ्नो दिन यी दुई मध्ये एउटाबाट शुरूवाट गर्नुहुन्छ । कुनचाहिँ?
- प्रभुको दिनलाई दुई तरीकाबाट बिताउन सकिन्छ– अल्छी भएर वा भक्तिभावमा रहेर । तपाईले प्रभुको दिन यी दुई मध्ये एउटाबाट बिताउनु हुन्छ । कुनचाहिं?
- संसारमा दुई वर्गका मानिसहरू छन्- उद्धार पाएका वा उद्धार नपाएका । ती मध्ये तपाई एउटा वर्गमा पर्नु हुन्छ । कुनचाहिं?
- ब्रहमाण्डमा मानिसहरूका दुई ठूला मालिकहरू छन्- परमेश्वर वा शैतान । तपाईले यी दुई मध्ये एक जनाको सेवा गर्दै हुनुहुन्छ । कसको?
- यहि समय भएर अनन्ततातर्फ डोऱ्याउने दुईवटा मार्गहरू छन्- फराकिलो बाटो र साँघुरो बाटो । यी दुईवटा मार्गहरू मध्ये तपाई एउटा बाटोमा हिडँदै हुनुहुन्छ । कुनचाहिं?
- दुई प्रकारका मृत्युहरू छन् जसमा हरेक मानिसहरूको मृत्यु हुन्छन्- कोही प्रभुमा मृत्यु हुन्छन् भने कोही आफ्नै पापमा मृत्यु हुन्छन् । यी दुईवटा मृत्यु मध्ये तपाईको मृत्यु एउटामा हुनेछ । कुनचाहिँ?
- मानिस जाने दुईवटा स्थानहरू छन्- स्वर्ग वा मृत्यु । यी दुईवटा मध्ये तपाई एउटा भएर जानुहुनेछ । कुनचाहिँ ।

के तपाईको जीवनमा केही परिवर्तन गर्नुपर्ने आवश्यकता छ? के तपाईले त्यसको योजना गर्नुहुन्छ? कहिले? के तपाई स्वर्ग जाने योजना गर्नुहुन्छ? कुनचाहिँ भन्ने ठुलो प्रश्नलाई जवाफ दिदै सम्भवत् तपाईले यी प्रश्नहरूको जवाफ दिने विचार गर्नुहुन्छ । बाइबलले प्रष्टरूपमा भन्दछ, *"अब सबै कुरा सुनिएका छन्- कुराको निष्कर्ष यही हो । परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तब्य यही नै हो"* (उपदेशक १२:१३) ।

# मृतकहरूका निम्ति बप्तिस्मा

*डेव मिलर*

***"नत्रता मृतकहरुका निम्ति बप्तिस्मा लिएको अर्थ के भयो? मृतकहरु जीवित नपारिने भए ता तिनीहरुका निम्ति मानिसहरुले किन बप्तिस्मा लिन्छन्?"***

१ कोरिन्थी १५:२९ पदलाई मोर्मनहरूले गलत तरीकाले वर्णन गर्दछन्- कि पृथ्वीमा जीवित भएका मानिसहरूले पहिले नै मरिसकेकाहरूका निम्ति प्रभावकारी रूपमा बप्तिस्मा लिन्छन्, तिनीहरू अहिले जो आत्मिक स्थानमा छन् । तर यो पदले मृतकहरूका निम्ति लिएको बप्तिस्माको बारेमा सिकाउदैनन्, जसरी मोर्मनहरूले अभ्यास गर्दछन् । हरेक ब्यक्ति स्वंयम आफै यो जीवनमा परमेश्वरप्रति आज्ञाकारी हुनुपर्छ भन्ने सम्भावनाका अरू धैरे अनुच्छेदहरूलाई यसले मेटाइदिन्छ (हितोपदेश ११:७; यूहन्ना ८:२४; लूका १६:२६; २ कोरिन्थी ५:१०; हिब्रू ९:२७) । बाइबलले शुरूदेखि अन्त्यसम्म जे सिकाउँछ त्यसमा मोर्मनको दृष्टिकोण प्रत्यक्षरूपमा बेमेल छ । हामीले यही जीवनमा निर्णय गर्न सक्छौं । जब हामी यो जीवन छोडेर जान्छौं तब हामीसँग पश्चाताप गर्ने अरू कुनै मौका हुँदैनन् (लूका १६:२५-३१; हिब्रू ९:२७) ।

कम्तिमा पनि चारवटा पर्याप्त ब्याख्याहरू छन् जहाँ बाइबलले अरू विरोधाभासलाई इन्कार गर्छ । सबैभन्दा पहिला, "मृतक" शब्दले "पापको पुरानो मनुष्यत्व" लाई र्दशाउँछ (रोमी ६:६) । पापको मृत मानिसलाई हटाउनको निम्ति हामी पानीमा बप्तिस्मा लिन्छौं भने त्यो अर्थमा मृतकहरूका बप्तिस्मा भएको हुन्छ । यदि भविष्यमा पुनरूत्थान हुदैनन् भने अनन्तताको आशालाई स्वीकार गरी पापको पुरानो मनुष्यत्वलाई हटाउन कसैले बप्तिस्मा लियो भनी किन पावलले सोधिरहेको थियो?

दोस्रो अर्थमा, "मृतक" ले संसारमा हराएका आत्माहरू- जो आत्मिकरूपमा मरेका छन्, तिनीहरूलाई प्रतिनिधित्व गर्छ । "तिनीहरू" भन्ने शब्दले प्रेरितहरूलाई बुझाउँछ र "बप्तिस्मा" ले कष्टको बप्तिस्मा बुझाउँछ कि संसारलाई सुसमाचार प्रकट गर्नको निम्ति प्रेरितहरूले कष्ट सहेका थिए (मर्कूस १०:३८-३९; लूका १२:५०; प्रेरित ९:१६ र १ कोरिन्थी ४:९ यस्तै संकेटका अनुच्छेदहरू हुन् ।) यदि कसैमा पुनरूत्थानको आशा नै छैनन् भने आत्मिकरूपमा संसारमा मरेका मानिसहरूको पक्षमा किन प्रेरितहरू आफैले आफैलाई कष्टको बप्तिस्मामा राख्नु पऱ्यो भनी पावलले सोधिरहेका थिए ।

तेस्रो अर्थमा "तिनीहरू" भन्ने शब्दले एक पल्ट आत्मिकरूपमा मरेका तर सिकाई र प्रचारको आधारद्वारा पानीमा बप्तिस्मा लिएकाहरूलाई बुझाउँछ ।

अर्को शब्दमा, यदि बप्तिस्मा लिनु पर्छ भनी कसैले सिकाएको व्यक्ति आत्मिक रूपमा मरेको छ र मृतकबाट बौरी उठ्नेछैनन् भने के त्यो मानिसले आज्ञा पालन गर्न बप्तिस्मा लिन्छन र त्यसले चिहान बाहिरको जीवनमा आशा राख्छ?

चौथो, पावलले तार्किक विवादको रूपलाई प्रयोग गर्दै थियो- त्यो समयका मानिसहरूले जे गरिरहेका थिए विवाद त्यसैमा आधारित थियो जुन कुरा पाठकहरूलाई थाहा थियो । मृतकहरूका लाभको निम्ति बप्तिस्मा लिएका मानिसहरूका बारेमा कोरिन्थीका मानिसहरू परिचित थिए । "तिमी" वा "हामी" शब्दलाई विरोध गर्न उनले तेस्रो व्यक्ति सर्वनाम "तिनीहरू" भन्ने शब्द प्रयोग गरेका छन् । नयाँ नियमको बप्तिस्माले पहिलो वा दोस्रो व्यक्तिलाई बुझाउँछ । यो सन्दर्भको रणनीती जुन बाहिरका मानिसहरूले आत्मिकी मूल्य देखाउनको निम्ति प्रयोग गर्दथे, यही कुरा पावलले अरू स्थानहरूमा पनि प्रयोग गरेको थियो (जस्तैः प्रेरित १७:२८; तीतस १:१२) ।

यी चार वटा सम्भाव्य अनुवादहरूलाई सर्मथन गर्न हरेकको सान्र्दभिक प्रमाणहरू छन् । यी चार वटा अनुवादहरूका कुनै बाइबलीय शिक्षामा बेमेल छैनन् । आलोचनात्मक रूपमा यो महत्वपूर्ण छ कि हामीले पावलको १ कोरिन्थी १५ अध्यायलाई गुमाउँदैनौं । मृतकहरूका बप्तिस्माको विषयलाई उनले यहाँ ल्याउनुको एउटा कारण छः पुनरूत्थानको यर्थाथलाई पुनः पुष्टि गर्नको निम्ति हो । सामान्यतया पुनरूत्थान काल्पनिक हो भनी ख्रीष्टियानहरू विनाशकारी विषयमा खिचिरहेका थिए । यसैमा उनले उत्सुकतापूर्वक पुनरूत्थानको वास्तविक र केन्द्रियताको प्रतिरक्षा गरी उनले प्रमुख दुई वटा प्रश्नहरू सोधेका थिए । यदि पुनरूत्थान र अन्तिम समय नहुनेभए, *"मृतकहरूको निम्ति बप्तिस्मा किन लियो?" र "किन हरघडी प्रेरितहरू जोखिममा परिरहेको छन्?"* (१ कोरिन्थी १५:२९-३०) । यदि पुनरूत्थान नै आशा गरिएको अन्तिम उद्देश्य हो भने ख्रीष्टियानहरूले गरेका धेरै कुराहरू अर्थपूर्ण छन् भन्ने तथ्यलाई कोरिन्थीले सामना गरोस् भन्ने उनी चाहन्थे । यदि हाम्रो मृत्युमा नै सबै कुराको अन्त्य हुने हो र भविष्यमा कुनै सचेतको अस्तित्व हुँदैनन् भने प्रेरितहरूले जस्तै बारम्वार किन जोखिमको ख्रीष्टियान जीवन जिउने? । यदि यही संसारिक जीवन नै सबै कुरा हो भने, ख्रीष्टियानिटीलाई बिर्सनुहोस् र जिऊन छोडनुहोस् (१ कोरिन्थी १५:३२) । तर पुनरूत्थान हुनेछ । त्यसकारण शारीरिक कुराहरूमा लिप्त भएर जीवन नजिउनुहोस् जसले तपाईलाई त्यस्तै गर्न प्रभाव पार्छ (१ कोरिन्थी १५:३३) । धर्मी भएर जिउनुहोस् र तपाईको मनले प्रत्यक्षरूपमा पुनरूत्थानको आगमनको ज्ञानलाई हेर्नुहोस् (१ कोरिन्थी १५:३४) ।

❀

# मण्डली बृद्धिको कारण


*वेन बेरियर*



हरेक मण्डलीको प्रमुख प्राथमिकता मण्डली बृद्धिबारे हुनुपर्छ । सारा संसारमा सुसमाचार फैलाउने र आज्ञा पालन गर्नेहरूलाई बप्तिस्मा दिने (मत्ती २८:१८-२०) महान आज्ञाबारे यदि मण्डली विश्वासयोग्य भएको छ भने त्यसपछिको परिणाममा मण्डली बृद्धि हुनेछ । मण्डली बृद्धिको निम्ति थप विस्तृत आवश्यकताहरू एफिसी ४:१-१६ मा दिएको छ । यो अनुच्छेदको पद १६ मा "मण्डली बृद्धि हुँदैजानेछ" भन्ने केही भनाइबाट अन्त्य हुन्छ । हामीले यो अनुच्छेदलाई राम्रोसँग जाँच गऱ्यौं भने मण्डली बृद्धिको निम्ति आवश्यक पर्ने धेरै कुरालाई पहिचान गर्न सक्छौं ।

सबैभन्दा पहिला मण्डलीका सदस्यहरूका चरित्र र स्वभावहरूका राम्रो हुनुपर्दछ भनी धेरै पदहरूले देखाउँछन् ताकि तिनीहरूले मण्डली बृद्धि हुनको निम्ति सहायता गर्छन् । यसमा सारा दीनता, नम्रता, धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहने, प्रेमसित सत्य बोल्ने र काम गर्न इच्छुक हुने सम्लग्न हुन्छन् । एफिसी ४:३१-३२ पदहरूमा पावल भन्दछ, *"सबै तीतोपना, क्रोध, र रीस र होहल्ला र निन्दा, सबै किसिमको डाहसमेत तिमीहरूले त्यागिदेओ । जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एउटा अर्काप्रति कोमल मनका र दयालु होओ ।"*

त्यसपछि ख्रीष्टको शरीरको एकताको निम्ति पावलले सात वटा तत्वहरूका सूची दिन्छन् । एफिसी ४:४-६ मा उनी भन्दछ, *"शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौं, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ- एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा,*



*हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका मध्य र सबैमा हुनुहुन्छ ।"* हामीले एकताका यी सात तत्वहरूलाई परिभाषित गर्नुभन्दा अगाडी होशियार र विस्तृतरूपमा सबै धर्मशास्त्रलाई अध्ययन गरेर राम्रोसँग बुझ्नु पर्छ (२ तिमोथी ३:१६,१७) । विस्तृत गम्भीर बाइबल अध्ययनविना हामीले यो आवश्यकतालाई पुरा गर्न सक्दैनौं । धेरै विश्वासीहरूले विरलै बाइबल अध्ययन गर्दछन् र निकै कम बाइबलको ज्ञान हुन्छन् । तिनीहरू सजिलै *"छालले अगि-पछि हुत्याएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल धूर्तता र फट्याइँले यताउता उडाइएका"* जस्तै हुन्छन् (एफिसी ४:१४) ।

अन्तमा, हामी सबै कामदार, शरीरको बृद्धि र निर्माणको निम्ति हरेकले आफ्नो भागको काम गर्ने हुनुपर्छ (एफिसी ४:१६) । प्रेरितहरू र अगमवक्ताहरूद्वारा मण्डलीलाई सिकाउनुपर्छ । तिनीहरूका वचनहरू (बाइबल) हाम्रो अर्तीको निम्ति सुरक्षित गरेको छ । आज प्रचारक, सुसमाचारवाहक, एल्डरहरू र शिक्षकहरूले अगुवाई र सिकाइको काम गर्दछन् जसले हरेक ख्रीष्टियानलाई सेवाको कामको निम्ति सुसज्जित बनाउँछ (एफिसी ४:११,१२) । हरेक सदस्यहरूसँग पृथक क्षमताहरू, योग्यताहरू, सामर्थ्य र प्रतिभाहरू हुन्छन् । कसैको विशेषता, अवसर र गुणमा आधारित भएर हरेकले सेवाको कामलाई विकसित गर्नुपर्छ । प्रभुको सेवाको निम्ति जसरी हामी हरेकले हाम्रा भागका काम गर्छौं, तब मण्डली सुदृढ र बृद्धि हुनेछ । तपाई कस्तो सेवाकाई गर्दै हुनुहुन्छ?


मण्डली संसारको सबैभन्दा महत्वपूर्ण शरीर हो । पापबाट उद्धार भएका र अनन्त स्वर्गको निम्ति तयार भएकाहरूका संग्रह नै मण्डली हो । मण्डलीको बृद्धि हुन गाह्रो छ, तर बाइबलले उपलब्ध गराएका मार्ग दर्शनहरूको प्रयोगद्वारा यो सम्भव भएको छ । यी सामान्य पदहरूमा बृद्धिको निम्ति शक्तिशाली मार्गदर्शन समावेश भएका छन् ।

❀

# ख्रीष्ट तपाईंको हृदयको ढोकामा

*डेव मिलर*

***"हेर, म ढोकामा उभिएर ढक्ढक्याउँछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु, र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ ।" (प्रकाश ३:२०)***



ख्रीष्टियान जगतमा सबैभन्दा बढि उच्चारण गरेको प्रख्यात अभिब्यक्त यो छः "ख्रीष्ट तपाईंको हृदयको ढोकामा उभिनुहुन्छ ।" पाप क्षमा पाउन र ख्रीष्टियान हुनको निम्ति "येशूलाई आफ्नो हृदयमा निमन्त्रणा गर्नुहोस्" भनी धेरै प्रचारकहरूले आफ्ना सुन्ने स्रोताहरूलाई आग्रह गर्दछ । यदि तपाईंले यो भनाइलाई पर्याप्त मात्रामा उच्चारण गर्नुहुन्छ, बारम्बार दोहऱ्याउनुहुन्छ र परिचितको आधारमा मानिसहरूले यसलाई स्वीकार गर्नेछ भनी कसैले भन्दछ । "ख्रीष्ट तपाईंको हृदयको ढोकामा उभिनुहुन्छ" भन्ने सल्लाह यति बारम्वार दोहरिएको छ कि धेरै मानिसहरूको निम्ति प्रश्न गर्न अकल्पनिय भएको छ । कसैले विचार गर्दछन् कि मुक्तिको पहुँचको निम्ति यो भनाइ ब्यापकरूपमा फैलिएको छ र अभिब्यक्ति निकै प्रसिद्ध छ कि निश्यच नै यो भनाइ धर्मशास्त्रमा पाउन सक्छ । यसलाई महसुस गर्नु कति दिक्क लाग्ने हुन्छ कि यो भनाइ धर्मशास्त्रमा पाउँदैनौं र सामान्यरूपमा बाइबलले यो शिक्षा सिकाउँदैन् ।

प्रकाश ३:२० ले यो वाक्यांशलाई सम्झना दिलाउने छ- कसैको हृदयको ढोका

अगि ख्रीष्ट उभिराख्नु भएको छ भन्ने विचारलाई समर्थन गर्न प्रायजसो यो अनुच्छेदलाई उद्धरण गर्दछ । तर सन्दर्भलाई राम्रोसँग अवलोकन गर्नुहोस् । पहिलो शताब्दीको अन्त्यतिर एशिया माइनरमा रहेका सातवटा ख्रीष्टका मण्डलीहरूलाई विशिष्टरूपमा निर्देशित गरी सातवटा साना पत्रहरू प्रकाश २ र ३ अध्यायहरूमा उल्लेख गरेका छन् । शुरूमा, कसैले पहिचान गर्नुपर्छ कि प्रकाश ३:२० ख्रीष्टियानहरूलाई सम्बोधन गरिएको छ– अख्रीष्टियानहरूलाई होइनन् ।

ख्रीष्टले लाउडोकिया मण्डलीलाई टिप्पणी गर्नु भएकोमा यो पद पाउँछौं । मण्डली अविश्वासयोग्य अवस्थामा पुगिसक्यो भनी येशूले स्पष्ट पार्नुभयो । तिनीहरू हराएका थिए । "मनतातो" भएकोले परमेश्वरमा तिनीहरू ग्रहणयोग्य थिएनन् (प्रकाश ३:१६) । तिनीहरूको आत्मिकी अवस्था "दुःखी, दयनीय, दरिद्र" (प्रकाश ३:१७) भएकाले तिनीहरू उद्धार गुमाएका अवस्थामा पुगेका थिए । यसरी, वास्तविक अर्थमा तिनीहरूको बीचबाट आफ्नो उपस्थितलाई हटाएर येशूले तिनीहरूलाई त्याग्नुभयो । उहाँ भित्र आउनको निम्ति बाहिर हुनुहुन्थ्यो । उहाँ अझैपनि तिनीहरू माझ हुन चाहनुहुन्थ्यो, तर निर्णय तिनीहरूको थियो । तिनीहरूले उहाँको उपस्थितलाई पहिचान गर्नुपर्‍थ्यो, प्रवेशको निम्ति उहाँको ढकढक्याइलाई सुन्नु पर्‍थ्यो, र ढोका खोल्नुपर्‍थ्यो- तिनीहरूले पश्चात्ताप गर्ने पर्छ भनी यी सबै आलंकारिक भाषाले भन्दछ (प्रकाश ३:१९) । परमेश्वरको निगाह पाउनको निम्ति तिनीहरू आज्ञाकारी जीवनमा फर्किनु पर्छ (यूहन्ना १४:२१,२३) ।

अख्रीष्टयानहरूले केवल "आफ्नो हृदयको ढोका खोल्नुपर्छ" र आवश्वासनकासाथ "येशूलाई निमन्त्रणा" गरी तिनीहरूले मानसिक वा मौखिकरूपले त्यसो गर्दा येशू तिनीहरूका हृदयमा आउनुहुनेछ र एकैसाथ विगतका सबै पापहरूबाट तिनीहरूले उद्धार पाउनेछन् अनि तिनीहरू ख्रीष्टियन हुन्छन भन्ने अर्थ पनि लाग्दैनन् । प्रकाश ३:२० ले यो विचारलाई समर्थन पनि गर्दैन् । पतन भएको मण्डलीमा येशू पुनः प्रवेश गर्न खोज्दै हुनुहुन्थ्यो भनी प्रकाश ३:२० को सन्दर्भले देखाउँछ ।

के बाइबलले येशू मानिसको हृदयमा आउनुहुन्छ भनी सिकाउँदैनन् र? अवश्य नै सिकाउँछ । तर, धार्मिक संसारले सल्लाह दिएको तरीका अनुसार होइनन् । विश्वासद्धारा ख्रीष्ट हृदयमा वास गर्नुहुन्छ भनी एफिसी ३:१७ ले भन्दछ । बाइबलीय सत्यतालाई सुनिसकेपछि मात्र विश्वास प्राप्त हुन्छ (रोमी १०:१७) । बाइबलीय सत्यतालाई पालन गर्दा हरेक ब्यक्ति "विश्वासद्धारा बचाइन्छ" (हिब्रू ५:९; याकूब २:२२; १ पत्रुस १:२२ इत्यादि) । "*जब हामी हाम्रा हृदय खराब विवेकबाट छर्कोद्धारा चोख्याए (हामी हाम्रा पापबाट पश्चात्ताप हुन्छौं) र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर (हामी पानीमा बप्तिस्मा लिन्छौं) साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीपमा जान्छौं*" (हिब्रू १०:२२), तब ख्रीष्ट हाम्रो जीवनमा प्रवेश गर्नुहुन्छ । ख्रीष्टलाई स्वीकार गर्ने नयाँ नियमको सही तरीका यही नै हो ।

❀

# ख्रीष्टियान विश्वास

*बोबी डकिरी*



रोम शहरको बाहिरी दुगर्म क्षेत्रमा करिब ६० वटा भूमिगत सुरूङ्गहरू छन् जसलाई "सामुहिक चिहान घर" भनिन्छ । ती सुरुङ्गहरू करिब ५ फिट चौडा र ८ फिट उचाइ छन, जसमा ६०० माइलको भूलभुलैया शाखाको भूमिगत प्रवेशद्वारहरू छन् । धेरैजसो ती सामुहिक चिहान घरहरू ख्रीष्टियानहरूले खेदो सतावटको सयममा बनाएका थिए । विशेष गरी रोमीहरूले तीव्ररूपमा विरोध गर्दा ती ठाउँहरू शरणस्थानको निम्ति, आराधनाको निम्ति र लाश गाड्नको निम्ति प्रयोग हुन्थे ।

अघिका सन्तहरूका विश्वासको जाँच गरेको (१ पत्रुस ४:१२) डरलाग्दो ज्वलन्त परीक्षणका विभिन्न कथाहरू यी सामुहिक चिहान घरहरूले बताउँछ । पहिलो र दोस्रो शताब्दीमा करिब चार देखि सात लाख ख्रीष्टियानहरूलाई ती सुरुङ्गहरूमा गाडिएका थिए भनी अनुमान गरिन्थ्यो । जब ती अगिका सन्तहरूका चिहानहरू खोले, तब ख्रीष्टको खातिर तिनीहरूले भयानक कष्ट सहेका दुःखलाग्दो प्रशस्त प्रमाणहरू तिनीहरूका क्रूरतापूर्वक विकृत गरेका कंकालहरूमा देखिन्थ्यो ।

यस्तो पीडा र कष्टको समयमा अगिका ख्रीष्टयानहरूका विश्वास हलचल भयो होला भनी हामी अनुमान गर्न सक्छौं । त्यसको सट्टामा चिहानको शिलालेखको स्मारकहरूका सम्भनाले तिनीहरूको पूर्ण भरोसा र आशा ख्रीष्टमा देखिन्थ्यो । एउटा स्थानमा यस्तो कुँडिएको थियो, "शान्तिको सपनामा यहाँ मार्सिया विश्रामको निम्ति सुतिरहेको छ ।" अर्कोले पनि यस्तै सामान्य गवाही बोक्दछ, "ख्रीष्ट र शान्तिमा विजयी ।" अभै पनि अर्कोले यसो भन्दछ, "ताढाबाट बोलाएर,

उनी शान्तिमा गए ।"

कसरी अगिका यी ख्रीष्टियानहरूले आफ्नो प्रिय जनहरूलाई यसरी शान्त भरोसापूर्वक गाड्न सके? बोल्न नसकिने खेदो सतावटमा कसरी तिनीहरूले दृढतापूर्वक शान्ति र आशाको बारेमा बोल्न सके? तिनीहरूका रहस्य के थिए? कसरी तिनीहरूले त्यस्तो महान विश्वासको विकसित गरे?

**(१) परमेश्वरको वचन अध्ययनद्वारा तिनीहरूले आफ्नो विश्वास बलियो पारे ।** *"जे सुनिएको छ त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ"* (रोमी १०:१७) भन्ने कुरा यी ख्रीष्टियानहरूले महसुस गरेका थिए । यसकारण तिनीहरू *"प्रेरितहरूका शिक्षामा लागिरहन्थे"* (प्रेरित २:४२) । धर्मशास्त्र पढ्न र अध्ययन गर्नको निम्ति तिनीहरूले हरेक अवसरहरूका लाभ उठाउँथे । परमेश्वरको वचन अध्ययनप्रति तिनीहरूका स्वभावलाई प्रेरित पावलद्वारा उत्तम तवरले उदाहरण दिएको छ । उनले झ्यालखानामा *"पुस्तकहरू र चर्मपत्रहरू"* लिएर आउनु भनेको थियो ताकि मृत्युको घडीमा पनि पुरानो करारका धर्मशास्त्रलाई निरन्तर अध्ययन गर्न सकिन्थ्यो (२ तिमोथी ४:१३) ।

**(२) एकसाथको भेलाद्वारा तिनीहरूले आफ्नो विश्वासलाई बलियो पारे ।** तिनीहरू नियमित रूपमा आराधना र भक्तिभाव संगतीमा एकैसाथ भेला हुन्थे । जब सतावट निकै क्रूर हुँदै गए तब तिनीहरू खुल्लमखुल्ला र घर-घरमा भेला हुन सकेनन् । यसकारण तिनीहरू सुरूङ्गमा गएर भेला भए । तिनीहरूका वरपर अन्धकारमय मृत्युले घेरिरहेका थिए । तिनीहरूले विश्वास र आशाका विजयी भजनहरू गाए । विश्वास निर्माण गर्ने महत्वपूर्ण तथ्यको रूपमा एकसाथ जम्मा भएर आराधना भेलालाई नत्याग्ने तिनीहरूको दृढ संकल्प थियो ।

**(३) एकले अर्कालाई दिएको हौसलाद्वारा तिनीहरूले विश्वासलाई बलियो पारे ।** तिनीहरूले दिनहुँ एकले अर्कालाई हौसला दिनुपर्ने (हिब्रू ३:१३) कुरालाई पहिचान गरी एकअर्काको सहयोग खोज्थे ताकि तिनीहरू एक अर्कालाई प्रेम र असल कामको निम्ति उत्साहित हुन सक्थ्यो (हिब्रू १०:२४) । तिनीहरूले ख्रीष्टमा भएका दाजुभाइ र दिदी बहिनीहरूका हौसलाको साथै विश्वासयोग्य भएर जीउने उत्साहको उदाहरण पाउँथे ।

तिनीहरूका विश्वास संसारलाई जित्ने विश्वास थियो किनभने तिनीहरूलाई थाहा थियो कि *"जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ"* (१ यूहन्ना ४:४) । के तपाईको विश्वास माथि उठेको चाहनुहुन्छ? त्यसो भए सुरूङ्गमा कुँडिएका ती विश्वासहरूबारे सिक्नुहोस् ।

❀

# "भातृ-प्रेम बनिरहोस"
# हिब्रू १३:१

*सेसिल मे जेआर.*



भातृ-प्रेमलाई फिलाडेल्फिया (शहरको नाउँ जस्तै) भनी अनुवाद गर्दछ, जुन दुईवटा शब्दहरूका समिश्रण हुन् । एउटा विशेष प्रकारको प्रेम र दाजुभाईलाई देखाउने शब्द हुन् ।

नयाँ नियममा "आगापे" शब्दले सामान्यतया त्यो प्रेमको बारेमा बोल्दछ जोसँग प्रेम छ र अरू प्रेमको आवश्यकता पर्दैनन् (रोमी ५:८) । तिनीहरूप्रति अस्पष्ट र मिठो अनुभव हुनुभन्दा पनि प्रेम गरेकाहरूप्रति यो असल काम गर्ने इच्छाको कुरा हो (मत्ती ५:४४,४५) ।

अर्को "फिले" शब्द छ । यसले मित्रता, दाजुभाइको प्रेम दर्शाउँछ । हरेक मित्रताको सम्वन्धमा अरूलाई सन्तुष्ट वा आनन्द ल्याउने कुरा भएकोले यो अस्त्विमा छ । धार्मिक क्षेत्र बाहिर हेर्दा हामी फुटबल खेल्ने साथीहरू, माछा मार्न जाने साथीहरू, गल्फ खेल्ने साथीहरू देख्छौं । यहाँ हामीले हेर्न खोजेको मुख्य बूदाँ भनेको यस्ता धेरै कुराहरू छन् जुन कुरा गरेर मानिसहरू रमाउँछन्, र त्यो एक्लैले गरेको भन्दा एकैसाथ मिलेर गर्दा आनन्दित हुन्छन् । त्यसको परिणाममा तिनीहरूले जे एक अर्कामा बाँध्छन् त्यो एक अर्का बीचको प्रेम (फिले) हो ।

एक जना प्रचारकले एकताको बारेमा प्रचार गर्दै यसो भन्नुभयो, "शिक्षाले विभाजन गर्छ; प्रेमले एकता गराउँछ; त्यसैले आउनुहोस् एकले अर्कालाई प्रेम गरौं र शिक्षालाई छोडौं ।" यो अवधारणा पनि गलत नै हो ।

तपाईले पनि यस्तो अनुभव गर्नु भएको होला जसरी मैले अनुभव गरेको छु । म एउटा ठूलो ख्रीष्टियान सम्मेलनमा सहभागी भएको थिए । त्यहाँ सिक्ने क्रममा कोही संगी ख्रीष्टियान वा ख्रीष्टको मण्डलीको सदस्य पनि रहेको अचानक थाहा पाएँ । के त्यो व्यक्तिप्रति तपाईले तत्कालै आत्मियता अनुभव गर्नुहुन्न्, जुन तपाईले अगि सोच्नुभएको थिएन् र भीडमा भएका अरू कसैलाई पनि त्यस्तो अनुभव गर्नुहुन्न्? जब हामीले एकले अर्कालाई देख्यौं, हामी एक अकासँग सँगै बस्न र सँगै खान खोज्यौं । के कुराले गर्दा हामीलाई एकैसाथ ल्यायो? म विश्वास गर्छु यो भातृ-प्रेम (फिले) को कारणले हो । तर के कुराले गर्दा यो उत्पन्न भयो? हामीले एक अर्कामा बाँधेको विश्वासले गर्दा के भयो?

ख्रीष्टमा दाजुभाइ, दिदी बहिनीहरूप्रति हामीमा जुन प्रेम छ- त्यो आगापे प्रेम जस्तो होइन् जुन हामीले अपरिचित र शत्रुहरूका निम्ति देखाउँछौं । तर त्यो प्रेममा आपसी स्नेह र आनन्द संलग्न हुन्छ जुन ख्रीष्टमा हामी एक हौं भन्ने कुरालाई महसुस गर्छ । साझा टेबलको वरपर प्रभुको दिनमा भेला हुन्छौ । अनि हामीमा एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा हुन्छन् ।

दोस्रो विश्व युद्ध लडेका सिपाहीहरूका आनन्दको पुर्नमिलन कार्यक्रममा एक पल्ट एक जना सिपाहीलाई पनि एउटा होटलमा निमन्त्रणा गरिएको थियो । ती मानिसहरूमा एक अर्काप्रतिको प्रेम, आपसी सम्मान निकै उदाहरणयोग्य थियो । ख्रीष्टको शरीरमा भएका अरू सदस्यहरूलाई पनि ख्रीष्टियानहरूले एक अर्कालाई यस्तै प्रकारको वास्ता र प्रेम गर्नु पर्छ । तैपनि, विश्वास, सुनाई, सुसमाचारको ज्ञान, ख्रीष्टको शिक्षाको अनुपस्थितमा "शिक्षालाई बिर्सेर केवल एक अर्कालाई प्रेममात्र" गरेको देखिन्छ । यो ख्रीष्टियानिटी होइन् । यो मण्डली होइन् । यो छुटकारा भएका मानिसहरूका सहभागिता होइनन् ।

प्रेम र शिक्षा दुवैको आवश्यकता पर्दछ । त्यो विश्वास र शिक्षा हो, जुन हामी एक अर्कामा बाँधिन्छौं । त्यसले नै दाजुभाइ दिदी बहिनीहरूको रूपमा विशेष प्रेम उत्पन्न गराउँछ, जसमा हामी रमाउँछौं ।

❁

**"जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ ।"**
***(एफिसी ४:३२)***

# एउटा अर्को जस्तै राम्रो?

*बिल बिलोन*



दुई जना मानिसहरू भर्खरै तिनीहरूले किनेका कारको सापेक्षिक गुणहरूका बारेमा कुराकानी गरिरहेका थिए । अर्को भन्दा आफ्नो कार किन उत्तम छ भनी दुई जनाले राम्रो हास्यसँगै आफ्ना कारणहरू दिदै थिए । त्यसपछि त्यहाँ एकजना मिल्ने साथी आइपुग्यो, र ती साथीहरूका आपसी विवादमा तिनीहरूले उनलाई सामेल गराए । "तपाईलाई कुनचाहिँ कार मन पर्छ" भनी तिनीहरूले सोधे?

विवादमा फस्न नचाहेर उनले केवल भने, "मलाई थाहा छैन् । एउटा अर्को जस्तै राम्रो छ भनी म ठान्छु ।"

"एउटा अर्को जस्तै राम्रो? कुनै भौतिक कुराबारे हुन सक्छ । तर सबै कुरामा निश्चय नै होइनन् । के एउटा पत्नी वा पति अर्को जस्तै राम्रो छ? के एउटा घर अर्को जस्तै राम्रो छ? के एउटा भोजन अर्को जस्तै राम्रो छ?

बाइबलले सिकाउँदछ कि येशूले आफ्नो एउटै मण्डली स्थापना गर्नुभयो, आफ्नै अमूल्य रगतले यसलाई किन्नुभयो (प्रेरित २०:२८) । त्यही मण्डली हो, जसको बारेमा हामीले चासो लिनु पर्छ । कसैले येशूको निम्ति आफ्नो प्रेमलाई अभिव्यक्त गरी उहाँका आज्ञाहरूलाई पालन गरेर कोही यो मण्डलीमा थपिन्छ । तपाई कहाँ हुनुहुन्छ- परमप्रभुको मण्डलीमा वा अरू कुनै स्थानमा?

# परमप्रभुलाई पुकार्ने

*ओवेन डी ओलब्रिक्ट*

उद्धार पाउन मानिसले के गर्नुपर्छ भन्ने प्रश्नमा योएलको उद्धरणलाई रोमीको पुस्तकमा पावलद्धारा लेखिएको खण्डलाई धेरै प्रचारकहरूले उद्धरण गरी मानिसहरूलाई बताउँदछः *"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ"* (रोमी १०:१३) । पत्रुसले पनि यो खण्डलाई पेन्तिकोसको दिनमा उद्धरण गऱ्यो (प्रेरित २:२१) ।

## "पुकार्नेको" अर्थ

"पुकार्ने" भन्ने शब्दलाई हामी धेरै पल्ट विभिन्न अर्थमा प्रयोग गर्छौ । उनले मलाई बारम्वार फोनबाट बोलाउँछ । खेलाडीहरूलाई खेल खेल्नको लागि बोलायो । मानिसले सहायताको निम्ति बोलायो । उनले मद्यतको निम्ति अपील गर्दैछ ।

"पुकार्नु" को निम्ति ग्रीक भाषामा फरक शब्दहरू छन् । "नाउँ लिने" (प्रेरित २:२१; रोमी १०:१३) मिश्रित शब्दको अनुवाद हो, जसको अर्थ कसैको उपनाम राख्नु हो (मत्ती १०:२), कैसरलाई जस्तै कसैलाई अपील गर्नु हो (प्रेरित २५:११), र नाउँद्धारा बोलाउनु (याकूब २:७) । पुकार्नुको अर्थ प्रार्थना गर्नु हो भन्ने कुनै सन्दर्भले पनि स्पष्ट देखाउँदैनन । केवल प्रार्थनाद्धारा मात्र उद्धार मुक्ति पाउँछन् भनी धेरैले सिकाउँछन् ।

## पेन्तिकोसको दिनका यहूदीहरू

पत्रुसले योएलको भनाइलाई उद्धरण गरिसकेपछि, *"जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ"* (प्रेरित २:२१), तिनीहरूले के गर्नुपर्छ भनी मानिसहरूले उनलाई सोधे (प्रेरित २:३७) । परमप्रभुको नाउँमा तिनीहरूले प्रार्थना गर भन्नको निम्ति पत्रुसले योएलको भनाईलाई उद्धरण गरेर देखाउन खोजेको होइन् । त्यसको सट्टामा उनले तिनीहरूलाई भने, *"पश्चात्ताप गर र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ"* (प्रेरित २:३८) ।

"परमप्रभुको नाउँलाई पुकार्नु" को अर्थ "प्रार्थना गर्नु" लाग्थ्यो भने पत्रुसले तिनीहरूलाई "पापीको प्रार्थना" उच्चारण गर्न लगाउथ्यो होला, जुन प्रार्थना बाइबलमा कहीं पनि पाउँदैनौं । त्यसको सट्टामा विश्वास गर्नेहरूलाई उनले *"पश्चात्ताप गर र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ"* भन्नुभयो ।

## कर्नेलियस

स्वर्गदूतले अन्यजाति कर्नेलियसलाई पत्रुसको निम्ति योप्पामा पठाउ भन्यो,

*"उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ– तिमी र तिम्रा सारा परिवारले"* (प्रेरित ११:१४) । पत्रुस कर्नेलियसको घरमा आएपछि उनले तिनीहरूलाई येशू प्रचार गरे । अन्यजातिहरूले पनि यहूदीहरूले जस्तै उद्धार पाउँछन् भनी देखाउन तिनीहरूमा पवित्र आत्मा आउनुभयो (प्रेरित १५:७-९) । प्रार्थना गर भन्नुको सट्टा पत्रुसले *"तिनीहरूलाई ख्रीष्टको नाउँमा बप्तिस्मा लिन आज्ञा दिनुभयो"* (प्रेरित १०:४८) ।

**पावल**

येशू पावलकहाँ देखा पर्नुहुँदा, उहाँले तिनलाई भन्नुभयो, *"तर उठेर शहरमा (दमस्कस) जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ"* (प्रेरित ९:६) । पावल शहरमा गए जहाँ उनले तीन दिनसम्म नता खाना खाए न पानी पिए (प्रेरित ९:९) र तिनी प्रार्थना गरिरहेका थिए (प्रेरित ९:११) ।

येशूले हननियालाई पावलकहाँ पठाइदिनुभयो । हननिया पावलकहाँ आइपुग्दा उनले तिनलाई निरन्तर प्रार्थना गर भन्नुभएनन् । त्यसको सट्टामा उनले तिनलाई भने, *"त अब किन पर्खनुहुन्छ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्"* (प्रेरित २२:१६) । तीन दिनसम्म पावलले प्रार्थना गरिरहँदा पनि उनको पाप धोइएको थिएन् । तर उनले बप्तिस्मा लिएर परमप्रभुको नाउँको अपील गरे ।

**हाम्रा अपील**

येशूको नाउँमा बप्तिस्मा हुँदा हाम्रा पाप क्षमा हुन्छ । यसको अर्थ उहाँको अधिकारमा आधारित भएर हाम्रा पाप क्षमाको निम्ति अपील हुन्छ । हामी सबै कुरा येशूको नाउँमा, उहाँको अधिकार अनुसार गर्छौं (कलस्सी ३:१७) । उहाँको नाउँमा हाम्रो अपील हुनुको कारण, *"अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन"* (प्रेरित ४:१२) ।


हामी येशूको नाउँमा, उहाँको अधिकारद्वारा बप्तिस्मा लिन्छौं । उहाँले आफ्ना चेलाहरूलाई संसारमा पठाउनु हुँदा तिनीहरूलाई जुन आज्ञा दिनुभएको थियो त्यही आज्ञा अनुसार हाम्रो बप्तिस्मा हुन्छ । उहाँले तिनीहरूलाई भन्नुभयो *"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ"* (मत्ती २८:१८-२०) ।

यदि हाम्रो बप्तिस्मा येशूको नाउँमा, उहाँको अधिकारद्वारा भएको छ भने, यो बप्तिस्मा पिता, पुत्र, र पवित्र आत्माको नाउँमा हुनेछ ।

❀

# के सत्यताले फरक पार्छ?

*बोबी की*



तपाई बस्नु भएको शहरभन्दा धेरै ताढा एकपल्ट दुई जना मानिसहरू बस्दथे । ती दुवै जना धार्मिक मानिस थिए र परमेश्वरमा भय राख्थे । तैपनि, छिमेकीहरूले तिनीहरूलाई अपरिचितहरूका हातमा सुम्पिदिए । दुवैजना पृथक थिए । यसको साथै प्रख्यात धार्मिक अगुवाहरूले दुवैजनालाई मन पराउँदैन्थ्यो ।

तिनीहरूले उहाँको आफ्नै वचनद्वारा पासोमा पार्न खोजेका थिए (लूका ११:५४) । तिनीहरूले उहाँको मनशायमाथि गलत ब्यवहार गरे (यूहन्ना ८:४३; १०:२०) । उहाँ प्रभु येशू ख्रीष्ट हुनुहुन्थ्यो । अन्तमा, तिनीहरूले उहाँलाई क्रूसमा किल्ला थोकेर मृत्युदण्ड दिए ।

दोस्रो ब्यक्ति केही वर्षसम्म बाँच्यो । उनी धर्ममा परिवर्तन हुँदा उनको नराम्रो शुरूवाट भएको थियो । कस्तो दयनीय! सेवाकाईको निम्ति त्यो समयका उत्कृष्ट प्राध्यापकको अधिनमा भएर उनले शिक्षा हासिल गरे । उनी अगिका मानिसहरूले सत्यतालाई भन्दा राजनैतिक पार्टीहरूमा बढी चासो राख्दथे । तिनीहरूले उनलाई शत्रु ठान्थे (गलाती ४:१६) । तिनीहरूले उनलाई धेरै पल्ट मार्ने कोशिस गरे (प्रेरित २३:१२) । तिनीहरूले उनलाई रोमी साम्राज्य भरी पछ्याए । उनी प्रेरित पावल थियो ।

येशू र पावल दुवैमा प्रख्यात र आशाजनक भविष्य थियो । तर तिनीहरूले कुरूप बनाइदिए । तैपनि, दुवैजनामा लोकप्रियताभन्दा पनि सत्यता धेरै महत्वपूर्ण थियो । जो ब्यक्ति आज निश्चित छ, त्यसले कहिलेकाहीं झुट पनि बोल्छ सक्छ । उनलाई पनि अपमान र गलत ब्यवहार गर्‍यो । सत्य जहिले पनि लोकप्रिय हुँदैन् भन्ने कुरा सत्य हो भनी तपाई देख्नुहुन्छ । सारा संसारले यसलाई इन्कार गरेतापनि सत्य जहिले पनि सत्य नै हुन्छ । तपाईको निम्ति सत्य कति महत्वपूर्ण छ?

# एकता र शिक्षा

*बेन जोन्स*



एकता इच्छा गर्न योग्यको छ । यो प्रायजसो मायावी गुण हो । असहमतका विषयहरूमा एकता खोज्नुको अर्थ अन्ततः असम्भव कुरालाई हासिल गर्नु जस्तै हुन्छ । दुर्भाग्यवश, शिक्षा आफैं नै शिकार भएको हुन्छ । जताततै विरोधीहरू हाँस्नको निम्ति बढ्दो गतिमा छन् । आधुनिक संसारमा सिद्धान्तलाई प्रायजसो दोस्रो कुरा र धार्मिक एकताको बाधकको रूपमा लिइन्छ ।

प्रेरित पावलले एफिसीको पत्रमा सिद्धान्त र एकता बिचको सम्वन्धलाई सम्बोधन गरेको छ । एफिसीको पुस्तकलाई दुई खण्डमा बाँध्न सकिन्छ । ख्रीष्टले मण्डलीको निम्ति के गर्नुभयो भन्ने कुरा अध्याय १-३ मा केन्द्रित गरेको छ भने मण्डलीले त्यसको बदलामा ख्रीष्टलाई के गर्नु पर्छ भन्ने कुरा अध्याय ४-६ मा केन्द्रित गरेको छ । यो सन्दर्भमा यी दुई खण्डहरूलाई एफिसी ४:१-६ ले माध्यमिकरूपमा क्रमस जोड्छ । परमेश्वरको अनन्त छुटकारको योजना अनुसार पूर्ण रूपमा सिद्ध संगतीको महसुस गरी मानिसहरूलाई आत्माको एकतामा ख्रीष्टमा बोलाइएका छन् । ख्रीष्टियानहरूलाई यो बोलावटको योग्य चालमा चल्नको निम्ति आज्ञा गरियो, *"शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर"* (एफिसी ४:३) ।

यो अनुच्छेदले संकेट गरे अनुसार, साँचो एकता परमेश्वरको परिणाम हो,

मानिसको होइन् । एउटा अर्थमा, परमेश्वरको अनुग्रहको उचित जवाफलाई एकताको रूपमा वर्णन गरियो, जसमा ख्रीष्टियानहरू योग्य तरीकाबाट हिड्दा यो परिमाण आउँछ । यस्तो हिडाइमा दुई वटा तत्वहरू सम्लग्न हुन्छन्, सेवकको स्वभाव र परमप्रभुको शिक्षा ।

सर्वप्रथम, पावलले ख्रीष्टमा भएका गुणहरूका श्रेणीलाई सूची दिन्छन् जसले हरेक चेलाहरूका जीवनमा काम गरेका हुनुपर्छ । यिनीहरू नम्रता, दया, धैर्य, सहनशीलता र परिश्रम हुन् । ख्रीष्टियानहरू जो आफ्नै मार्गमा हुन्छन्, तिनीहरू लगातार चिन्तालाई थामिराख्छन् वा मण्डलीको जीवनका अवरोधका पहिलो समस्याका चिन्हहरूलाई त्याग्छन् ।

दोस्रो, ख्रीष्टियान विश्वासका जगका आकृति जुन नयाँ नियमको शिक्षाहरूका श्रेणीहरूलाई पावलले प्रकट गर्दछ । यिनीहरू एउटै परमेश्वर, एउटै पिता, एउटै प्रभु, एउटै आत्मा, एउटै शरीर, एउटै विश्वास, र एउटै आशा हुन् । सात वटा "एउटै" कुराले परमेश्वरका जनहरूको एकताको निम्ति चाहिने आवश्यक अर्थ र उदाहरण दुवै उपलब्ध गरेको छ । परिभाषाद्धारा एक अर्कामा विशिष्ट र अलग छन् । तापनि यसको अर्थ केवल एउटा र एउटामात्र लाग्छ । फरक विश्वास अंगाल्ने मानिसहरूप्रति ख्रीष्टियानहरू दयालु र शिष्ट हुन सक्छन् । तर एकताले दुवै सहमतको स्वभाव र सत्यताप्रति प्रतिवद्धताको निम्ति बोलाउँछ ।

उदाहरणको निम्ति एउटै आशाको विषयलाई लिऔं । भरोसासाथ केही पाउने अपेक्षा गरिएको वास्तविक कुरा नयाँ नियमको आशामा सम्लग्न हुन्छ । ख्रीष्टियानहरूको आशा स्वर्गको अनन्त जीवन हो, जुन येशूको पुनरूत्थानको यर्थाथमा जडा गाडिएको (१ पत्रुस १:३), र परमेश्वरका प्रतिज्ञाहरूका स्थिरतामा (हिब्रू ६:१८–२०) छ । यी तथ्यहरूविना आशा दिउँसोको सपनाभन्दा केही ठूलो होला । त्यो मण्डलीलाई कल्पना गर्नुहोस, जहाँ एक जना मानिसले पुर्नजन्ममा आशा राख्दछ, अर्कोले ख्रीष्टको हजारौं वर्ष राज्य हुनेछन् भन्ने कुरामा आशा राख्दछ, र विना सुसमाचार सबै मानिसहरूका उद्धार हुन्छन भन्ने अर्कोले आशा राख्दछ । दुःख लाग्दो सत्यता यो छ कि त्यस्तो मण्डली भन्दा नराम्रो कुनै हुँदैनन् जसमा हरेकले त्यही गलत शिक्षालाई विश्वास गर्दछन् ।

साँचो एकता एकै साथ प्रयास गर्नु भन्दा पनि ठुलो कुरा हो । यो लक्ष्य सहित सर्मपणका साथ जिउने ख्रीष्टियान जीवन हो । परमेश्वरलाई चिनेर उहाँको वचनलाई आज्ञापालन गरेर एकतालाई पहल गर्न सकिन्छ । बाइबल सही छ भन्ने कुरामा जब हामी सहमत हुन्छौं, तब एकतालाई बाधा दिने कुराहरूलाई हामी हटाउछौं ।

❀

# हप्ताको पहिलो दिन रोटी भाँच्ने

*एरिक लाइन्स*



प्रेरित पावलको तेस्रो-प्रचार यात्राको अन्त्य नजिकै उनी यरूशलेम जाने योजना गर्दै थिए । उनले धेरै चेलाहरूलाई त्रोआस शहरको समुन्द्री तटमा भेटे । पेन्तिकोसको दिन यरूशलेम पुग्ने आतुरी भएता पनि (प्रेरित २०:१६), उनी त्रोआसमा अरू चेलाहरूसित सात दिनसम्म बसे (प्रेरित २०:४-६) । प्रेरित २०:७ अनुसार *"हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले तिनीहरूसँग मध्यरातसम्म बातचीत गरिरहे ।"* उनको लामो प्रवचन र युटिकसलाई जीवित अवस्थामै लगेपछि पनि पावलले रोटी भाँचेको थिएन् भनी लूकाले संकेट गर्दछ (प्रेरित २०:११) । धेरैले प्रश्न गर्दछन् कि पावल र अरू चेलाहरूले कतै प्रभुभोज शनिबार, आइतबार वा सोमबार त लिएनन्? प्रेरित २० अध्यायमा रोटी भाँचेको प्रभुभोजसित केही सम्वन्ध छ कि भनेर अरू मानिसहरू अच्चमित हुन्छन् । यो विषयलाई के भन्ने?

प्रायजसो बाइबल समयमा "रोटी भाँच्नु" ले सामान्य भोजन खानुलाई दर्शाउँछ । विलाप गर्नेहरूका निम्ति "खानेकुरा दिनेछैन्" भनी एक पल्ट परमेश्वरले आफ्ना अगमवक्ता यर्मियालाई चेतावती दिएको थियो (यर्मिया १६:७) । येशू इम्माउसको बाटोमा चेलाहरूसित देखा पर्नुहुँदा उहाँले रोटी भाँच्नुभयो (लूका २४:३०,३५) । अगिका ख्रीष्टियानहरूले हरेक दिन निरन्तररूपमा *"घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे"* भनी भन्दछ (प्रेरित २:४६) । जहाज इटाली जान लाग्दा २७५ जना संगी साथीहरूलाई बल प्राप्त गर्नको निम्ति पावलले एक पल्ट रोटी भाँचेको थियो (प्रेरित २७:४३-३५) । प्राचीन समयमा

"रोटी भाँच्नु" ले बोलीको आकृति जनाउँछ जहाँ एक भागले सम्पूर्णको लागि जनाउँछ ।

तापनि नयाँ नियमको समयमा, "रोटी भाँच्ने" वाक्यांशले प्रभुभोज लिएको कुरालाई व्याख्या गर्दछ । उहाँको मृत्यु हुनुभन्दा केही समय अगि आफ्ना चेलाहरुसित अखमिरी रोटीको चाडको उत्सवमा येशूले यो विशेष भोजको स्थापना गर्नु भएको थियो ।

*"तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आर्शीर्वादि दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, 'लेओ, खाओ, यो मेरो शरीर हो ।' तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, 'तिमीहरू सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ । तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैन, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ"* (मत्ती २६:२६-२९) ।

पावलले १ कोरिन्थी १०:१६,१७ मा यी बचनहरुद्धारा प्रभुभोजको विषयलाई सम्बोदन गर्दछ, *"जुन आशिष्का कचौराको निम्ति हामी आशिष माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? र त्यो रोटी जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र? रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।"* पावलले पछि कोरिन्थीहरूलाई याद गराउँछ कि त्यो रात येशूले पहिलो पल्ट स्थापना गर्नुभएको यो सम्झनाको भोजबारे भन्दछ, *"किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर"* (१ कोरिन्थी ११:२३-२४) । यो भोजको सम्झनाको हिस्सामा वास्तवमै रोटी भाँच्ने कुरालाई आज्ञा गरेको थियो जसमा रोटी भाँच्ने अभिव्यक्तले अधिका मण्डलीले प्रभुभोजलाई प्रयोग गरेको सन्दर्भ देखाँउछ । जसरी यो वाक्यांसले सामान्य भोजन खाने सन्दर्भलाई पनि प्रयोग गरेको थियो । त्यसरी नै यसलाई प्रभुभोजको सन्दर्भमा पनि प्रतिनिधित्व गरेको थियो जहाँ रोटी खाएको र अंगुरको रस पिएकोलाई सामान्य रूपमा "रोटी भाँच्ने" भन्ने गर्दथ्यो ।

"रोटी भाँच्ने" वाक्यांसले सामान्य भोजन र प्रभुभोज दुवैलाई बुझाउने भएकोले कुन चाहिँको बारेमा छलफल गरेको हो भनी थाहा पाउनको निम्ति कसैले अनुच्छेदको सन्दर्भलाई जाँच गर्नै पर्छ । उदाहरणको निम्ति, प्रेरित २:४२ मा रोटी भाँच्ने कुरालाई मण्डलीको अरू धार्मिक क्रियाकलापहरूका सूचीमा राखेको छ, जसमा शिक्षा, सङ्गति (ग्रीक शब्द "कोइनोनिया", "संयुक्त सहभागिता") हप्ताको पहिलो दिनको इच्छा अनुसारको भेटी लगाएत विविध पक्षहरू सम्लग्न हुन्छन्

(रोमी १५:२६; २ कोरिन्थी ९:१३; १ कोरिन्थी १६:१-२) । कसैले तार्किकपूर्ण निष्कर्ष दिन सक्छन् कि रोटी भाँच्ने सन्दर्भले अगिका ख्रीष्टियानहरू प्रभु भोजमा सहभागी भएको जनाउँदछ । यो पदमा सामान्य भोजनलाई भन्दा पनि कुनै विशेष अवसरमा विचार गरेको घटनाबाट प्रभावित भएको देखिन्छ, जहाँ प्रभुभोजलाई कहिल्यै पनि पौष्टिक दिने खानेकुराको उद्देश्यको रूपमा प्रयोग गरेनन् (प्रेरित २:४६; १ कोरिन्थी ११:३३-३४) ।

प्रेरित २०:७ मा "रोटी भाँच्ने" वाक्यांशलाई कसरी प्रयोग गरेको छ? यो अनुच्छेदमा प्रयोग गरेको वाक्यांशलाई प्रभुभोजको रूपमा बुझ्न कुन खण्डबाट संकेट पाउँछौ? सर्वप्रथम, "रोटी भाँच्ने" शब्दले सामान्य क्रियालाई जनाउँछ । ग्रीक र अंग्रजीमा अनियत क्रियाले कुनै प्रमुख क्रियाको उद्देश्यको कामलाई जनाउँदछ । कसैले यो थाहा पाउन सकिन्छ कि पावल, लूका र अरू चेलाहरू "रोटी भाँच्ने" प्राथमिक उद्देश्यले त्रोआसमा एकैसाथ जम्मा भएका थिए । यो तथ्यको ज्योतिलाई अगाडी जानकारी गराउँदै पावलले कोरिन्थीको मण्डलीलाई पत्र लेखेको थियो । प्रभु भोजमा सहभागी हुने उद्देश्यले तिनीहरू सबै एकसाथ जम्मा भएका थिए (व्यवस्थित ढंगले- १ कोरिन्थी ११:२०,२३), त्यसपछि प्रेरित २० को अनुच्छेदले अझै उत्तम अर्थ दिन्छः "रोटी भाँच्नु" ले (कम्तिमा पनि) प्रभु भोज लिएको अर्थ दिन्छ । पेन्तिकोसभन्दा अगाडी यरूशलेम पुग्नको निम्ति हतार भए तापनि किन पावल सात दिनसम्म त्रोआसमै बसे? (यरूशलेम पुग्न करिब ३१ दिन लाग्थ्यो, १० ठाउँमा रोक्नुपथ्यो र १,००० माइल ताढा थियो (प्रेरित २०:६, १३-१६; २१:१,३,७,८,१५) । किन तिनीहरू सात दिनसम्म त्रोआसमा बसे? सन्तहरूसित साधारण भोजन खानको निम्ति होइन् । त्यसको सट्टा त्रोआसको मण्डलीसित पावलले हप्ताको पहिलो दिनमा आराधना गर्ने इच्छा गऱ्यो जसमा तिनीहरू प्रभुभोज लिने कुरा सम्लग्न हुन्छन् (१ कोरिन्थी १०:१६) ।

के पावल र मण्डलीले त्रोआसमा साँच्चै नै आइतबारको दिन प्रभु भोज लिए? सर्वप्रथम, यो सम्भव छ कि रातभर प्रचार गरिसकेपछि पावलले रोटी भाँच्यो र कुराकानी कै क्रममा लिएको साधारण भोजन पनि एउटा हिस्सा थियो जुन आफ्नो यरूशलेमको यात्रा विस्तार गर्नुभन्दा अगि खुशीका साथ लिएको थियो । प्रेरित २०:११ मा लूकाको शब्दावलीलाई राम्रोसँग विचार गरेर हेर्दा यो देखिन्छ कि पावलले चेलाहरूसित दुईवटा फरक भोजन गरेको थियोः सबैभन्दा पहिला प्रभुभोज, त्यसपछि सामान्य भोजन । यो पछिल्लो अभिव्यक्त प्रभुभोजको उत्सवको निम्ति प्रयोग गरेको थियो भनी कहिँ उल्लेख गरेनन्, जसरी प्रेरित १०:१० मा साधारण भोजनलाई लिएको देख्छौं । रोटी भाँच्ने पहिलो अभिव्यक्तले ग्रीकमा प्रष्टसंग प्रभुभोजको उत्सवलाई दर्शाउँछ; तिनीहरूको त्यो गर्ने अभिव्यक्त प्रेरित २०:७ मा देखिन्छ, तर यो बाहेक अरू कुनै पनि ठाउँमा तिनीहरूले वास्तविकरूपमा गरेका देखिदैनन् ।

पावल मध्य रातपछि रोटी भाँच्नको निम्ति पर्खेको भए (प्रेरित २०:७,११), के प्रभु भोज लिएको सोमबार बिहान भएनन्? मध्य रात अगि वा पछि जुनसुकै बेला स्मरणको भोज लिएता पनि कोही विश्वस्त हुन सक्छन् कि तिनीहरूले आइतबारकै दिनमा लिए, किनभने रोटी भाँच्नको निम्ति चेलाहरू हप्ताको पहिलो दिनमा जम्मा भएका थिए । धेरै ख्रीष्टियाहरूका निम्ति तिनीहरूले मध्य रातपछि प्रभुभोजमा सहभागी भएको व्यवहार स्वीकार योग्य कारण छन् किनभने यहूदी विधिबाट समयलाई गणना गर्ने कुरा अझै पनि व्यापकरूपमा स्वीकार गरेको थियो । यहूदी र रोमीहरूले दिनको घण्टालाई गणना गर्नको निम्ति फरक मापदण्ड प्रयोग गर्‍थ्यो । दुईवटै प्रणालीमा दिनलाई १२ घण्टाको दुई अवधिमा बाँडिएको भएतापनि, रोमीहरूका निम्ति नयाँ दिनको शुरूवाट मध्यरातबाट हुन्छ, जब कि यहूदीहरूका निम्ति नयाँ दिनको शुरूवाट साँझ सूर्य अस्ताएपछि र अर्को दिनको सूर्य नअस्ताएसम्मको निम्ति हुन्छ । मत्ती र मर्कूसले जस्तै लूकाले पनि आफ्ना सुसमाचारको अभिलेख र प्रेरितको पुस्तक दुवैमा यहूदी तरीकाको समयलाई पहिचान गराएको छ (लूका २३:४४; प्रेरित २:१५; २३:२३; यूहन्ना १९:१४; २०:१, १९) । यसरी पावलको मध्य रातको प्रचार हाम्रो शनिबारको साँझ अनुरूप थियो, तर तिनीहरूको पहिलो दिनको शुरूवाट थियो । तिनीहरू पहिलो दिनको साँझ वा पहिलो दिनको बिहान जहिले प्रभुभोजमा सहभागी भएता पनि यो तिनीहरूले सही दिनमा लिएको थियो, जुन दिन येशू चिहानबाट बौरी उठ्नुभयो (लूका २४:१) - हप्ताको पहिलो दिन ।

ख्रीष्टियानहरूले प्रभुभोजलाई अवसरको रूपमा लिई सम्मान गरी (१ कोरिन्थी १:२२), परमप्रभु र उहाँका मानिसहरूसँग सहभागी हुनुपर्छ (१ कोरिन्थी १०:१६-१७) । अघिका ख्रीष्टियानहरूले पनि यसलाई शनिबार राती वा सोमबार बिहान गरेको थियो भनी २१ औं शताब्दीमा कसै-कसैले हप्ताको पहिलो दिनलाई भन्दा पनि ती दिनहरूमा प्रभुभोजमा सहभागीता भएको देख्दा दुःख लाग्छ । छलफलमा याद गर्नुपर्ने महत्वपूर्ण कुरा भनेको अगिका चेलाहरूले यो स्मरणको चाडलाई हप्ताको पहिलो दिन एकैसाथ भेला भएर लिन्थे । पहिलो शताब्दीमा यहूदी तरीकाको समय गणनालाई अझै व्यापकरूपमा स्वीकार गरेको थियो । तिनीहरूको पहिलो दिनको शुरूवाट जुन दिनलाई हामी शनिबार साँझ भन्छौ र त्यो आइतबार साँझ अन्त्य हुन्छ । २१ औं शताब्दीमा प्राय जसो सबैले समयलाई मध्यरात देखि मध्यरातसम्मलाई गनिन्छ । परमेश्वरले कुन समयको तरीकालाई प्रयोग गर्नु भनी विशिष्ट रूपले भन्नुभएको छैनन्, तर हप्ताको संख्यात्मक दिनलाई विशिष्ट गर्नुभएको छ जुन दिन प्रभुभोज लिनुपर्छ । ख्रीष्टियानहरू जहाँ बसेतापनि बाँधिएको समयको मापदण्डलाई प्रयोग गर्नुपर्छ ।

# के बच्चाहरू पापसित जन्मेका हुन्छन्?

*मोयसेस पिनिडो*



के तपाईले नवजात शिशूको अनुहार हेर्नुभयो? के तपाईले त्यसको गुलाफ रंगको नरम छाला भएको गालाहरूलाई छुनुभयो? के तपाईले त्यसको सुन्दर आँखाहरूलाई हेरेर त्यसको निर्दोषतालाई अनुभव गर्नुभयो? पूर्णरूपमा ठीक त्यसको विपरित क्याथोलिकले आरोप लगाउँदै सिकाउँदछ कि "साना शिशुहरू पापी छन् ।" क्याथोलिक मण्डलीको शिक्षाले यो घोषणा गर्दछः-

> *"मूल पापद्धारा दाग लागेको र मानविय स्वभावसित पतन भएर जन्मेकाहरू, अन्धकारको शक्तिबाट मुक्त हुन बप्तिस्मामा बालबच्चाहरूको नयाँ जन्म हुनु आवश्यक छ, परमेश्वरका सन्तान स्वतन्त्रताको क्षेत्रमा ल्याउनुपर्छ, जसको निम्ति सबै मानिसहरूलाई बोलाइएका छन् ।"*

बच्चाहरूले आफ्ना अभिभावकहरूका पाप बोकेका हुँदैनन् भनी बाइबलले सिकाउँदछ (**प्रस्थान** ३२:३२-३३; **व्यवस्था** २४:१६; २ **राजा** १४:६; २ **इतिहास** २५:४; **यर्मिया** ३१:३०; **इजकिएल** १८:२०) । तैपनि, क्याथोलिकहरूले दाऊदको घोषणालाई छिटो औल्याउँछः *"साँच्चै, म जन्मँदा पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ"* (भजनसंग्रह ५१:५) । यो पद खण्ड बुभ्नको निम्ति हामीले हाम्रो मनमा भजनसंग्रह ५१ अध्यायको विषय मूल पाप नभएकन दाऊदको व्यक्तिगत पापलाई राख्नु पर्छ । दाऊदले गरेका पापहरूका बारेमा कुरा गर्दा उनले त्यो पापलाई संकेट गर्न प्रयोग गरेका संज्ञा र स्वामित्वहरूलाई विचार गर्नुहोस्: ***"मेरा** अपराधहरू मेटिदिनुहोस्"* (पद १); *"मेरो सबै अधर्मबाट **मलाई** पूर्ण रूपमा*

*धोइदिनुहोस, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्"* (पद २); *"किनकि **मेरा** अपराधहरू म जान्दछु, र मेरो पाप सदा **मेरो** सामुन्ने छ"* (पद ३); *"तपाईंको विरूद्धमा, केवल तपाईंकै विरूद्धमा **मैले** पाप गरेको छु"* (पद ४); इत्यादि । भजनसंग्रह लेखकको बिन्तिमा कुनै प्रकारको मूल पापलाई देखाउने कुनै संकेट पनि देखिदैन् । वास्तवमा, यो उनको आफ्नै पाप र अधर्म थियो जसबाट लेखक मुक्त हुन चाहेको थियो ।

त्यसो भए उनले किन आमाको गर्भमा रचिँदाको पललाई देखाउँदैछ? लेखकले बढाइ चढाइको भाषालाई प्रयोग गरेको थियो (भजनसंग्रह ५८:३) वा उनको आमाले उनलाई गर्भधारण गर्दा खेरीको अवस्थालाई जोड दिएको छ । उनी विना पापमा जन्मेको भएता पनि उनी त्यो संसारमा जन्मियो जहाँ पापले ढाकेको थियो, पापको विपत्तिमा थियो र पापद्वारा प्रभावित भएको थियो ।

जवान अवस्थामा पाप गरी लेखकले पाप क्षमाको निम्ति विन्ति गरेको कुरालाई विचार गर्नुहोस् । पाप क्षमा पाउन गरेको विन्तिमा उनले वर्तमान कालको क्रियालाई प्रयोग गरेको छः *"ममाथि कृपा गर्नुहोस्...मेरा अपराधहरू मेटिदिनुहोस्"* (पद १); *"मेरो पापबाट मलाई **शुद्ध गरिदिनुहोस्**"* (पद २); *"मेरा अपराधहरू म **जान्दछु**"* (पद ३); *"हिसपले मलाई **शुद्ध पार्नुहोस्...मलाई धुनुहोस्**"* (पद ७); *मलाई हर्ष र उल्लास सुन्न दिनुहोस्"* (पद ८); *"मेरा पापहरूदेखि आफ्नो मुख **लुकाउनुहोस्**, र मेरा सारा अधर्महरू **मेटिदिनुहोस्**"* (पद ९); *"ममा शुद्ध हृदय **सृजनुहोस्**, र मभित्र एउटा स्थिर आत्मा **पुनर्जीवित** पार्नुहोस्"* (पद १०) ।

आफु जन्मको लामो समयपछि दाऊदले गरेको पाप क्षमाको निम्ति विन्ति गर्दछ । समानान्तर अनुच्छेदहरूमा लेखकले यो तथ्यलाई आफैले स्पष्ट पारेको छ जहाँ उनी यसरी प्रार्थना पर्दछः "मेरो जवानीका पापहरू र मेरा अपराधहरू स्मरण नगर्नुहोस्" (भजनसंग्रह २५:७) । यदि भजनसंग्रह ५१ ले मौलिक पापबाट मुक्त हुनको निम्ति आग्रह गरिएको हो भने, परमेश्वरले अभिषेक गरी आशिष दिई उपयोग गर्नुभएको दाऊदले कसरी पहिलो मानिसको पाप बोक्यो भनी क्याथोलिकले वर्णन गर्न सक्छ?

यसमा थप्दै भजनसंग्रहको लेखक घोषणा गर्दछ कि उनी गर्भधारण गरेदेखि नै पापी थियो (भजनसंग्रह ५१:५) । क्याथोलिकले दावा गरे अनुसार यो जन्मको सन्दर्भ होइन्, तर गर्भधारणको हो । भजनसंग्रह ५१ ले मूल पापको धर्म सिद्धान्तलाई सर्मथन गर्छ भनी क्योथोलिकको विचारलाई निरन्तरता दिन हामीले गर्भधारणका समयमा नै मूल पापको विस्तार हुन्छ भनी हामीले निष्कर्ष दिनै पर्ने हुन्छ । यदि यो कारण हो भने अन्धकारको शक्तिदेखि बचाउनको निम्ति जन्मनुभन्दा अगाडी नै बप्तिस्मा दिनुपर्छ भन्ने निश्कर्ष दिई बप्तिस्माको शिक्षामा क्याथोलिक मण्डलीले पुनः कार्य गर्नुपर्ने हुन्छ ।

भजनसंग्रह ५१ को सही अनुवाद सम्म आइपुग्नको निम्ति, हामी पनि

अरू समानान्तर अभिव्यक्त गरेर प्रयोग गरेका बाइबलीय अनुच्छेदहरूमा जानुपर्छ । उदाहरणको निम्ति, यशैया घोषणा गर्दछ, *"जन्मनुभन्दा अघि परमप्रभुले मलाई बोलाउनुभयो । मेरो जन्मदेखि नै उहाँले मेरो नाउँको चर्चा गर्नुभएको छ"* (यशैया ४९:१) । यर्मिया १:५ मा परमेश्वरले आफ्ना अगमवक्तालाई भन्नुभयो, *"मैले तँलाई गर्भमा रच्नुभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ, तँ जन्मनुभन्दा अघि नै मैले तँलाई अलग गरें"* (यर्मिया १:५) । यदि यो अभिव्यक्तद्वारा म जन्मँदा नै पापी थिएँ (भजनसंग्रह ५१:५) भन्नाले मौलिक पापलाई दाऊदले बोकेको संकेट गर्छ, कसरी क्याथोलिकहरूले यशैया र यर्मियाको गर्भबाट नै अलग गरें भन्ने घोषणालाई ब्याख्या गर्छन्? के यी दुईजना अगमवक्ताहरू मूल पापको प्रदुषणविना जन्मेका थिए? क्याथोलिकको सिद्धान्त अनुसार केवल येशू र मरियममात्र पूर्ण पवित्र अवस्थामा जन्मेका थिए । यी अनुच्छेदहरू क्याथोलिकको मूल पापको धर्म सिद्धान्तसित मिल्दैनन् ।

रोमी ५:१२ बारे के भन्न सक्छौं, जहाँ प्रेरित पावल यसो लेख्दछ कि *"एउटा मानिसद्धारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।"* के हामीले आदमको पाप बोक्छौं भनी यो पदले सिकाउँछ? अवश्य पनि होइन् । यो पदले सिकाउँछ कि- पापको परिणाम मृत्यु हो- सबै मानिसमा मृत्यु फैलियो । आदमले पाप गरेको कारणले गर्दा होइन्, तर सबैले पाप गरेको कारणले गर्दा हो (रोमी ५:१२; ३:२३) । निश्चय नै, "सबै" भन्ने शब्दले केवल आदमलाई मात्र बुझाउँदैनन् । बच्चाहरू पापसँग जन्मेका छन् भनी बाइबलले सिकाउँदैन र त्यस्तो कुनै संकेट पनि गर्दैनन् ।

जहाँ ब्यवस्था छैन, त्यहाँ पाप पनि हुँदैन् भनी पावलले संकेट गर्दछ (रोमी ३:२०; यूहन्ना १५:२२) । प्रेरित यूहन्ना घोषणा गर्दछ कि *"पाप नै ब्यवस्था भङ्ग हो"* (१ यूहन्ना ३:४) । बच्चाहरूले परमेश्वरको ब्यवस्था बुझ्न सक्दैनन् वा जानेको हुँदैनन् भने तिनीहरूले ब्यवस्था उलंघन पनि गर्न सक्दैनन् ।

येशू आफैले भन्नुभयोः *"साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो"* (मर्कूस १०:१४) । अशुद्ध भएकाहरू कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैनन् भनी पावल घोषणा गर्दछ (एफिसी ५:५) । येशूले थप्नुभयोः *"मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ"* (मत्ती १८:३) । यदि बच्चाहरू संसारमा "मानव पतनको स्वभाव र मूल पापको दागद्धारा" आउँछन् भने किन मानिसहरू साना बालकहरू जस्तै हुनुपर्‍यो जो पापसित प्रदुषण हुन्छन्? बाइबल स्पष्ट छः पाप वंशानुगत होइन् । आदमको पापको दोष बोकेर कोही बच्चाहरू पनि कहिल्यै जन्मेका हुँदैनन् । कोही मानिसले पनि आदमको पापको जिम्मेवारी बोक्दैनन् तर आदम आफैले बोक्छ ।

❀

# महत्वपूर्ण पदहरुका छिटो टिप्पणी
## (१ तिमोथी २:९-१५ )

९ यसै गर म चाहन्छु, कि स्त्रीहरूले सरलता र भ्रदसाथ सुहाउँदो वस्त्र पहिरून्, केशको बढी सिङ्गार गरेर, सुन, मोती र बहुमूल्य वस्त्रहरू पहिरेर होइन्,

१० तर असल कामद्वारा सुसज्जित होऊन, जो पमेश्वरको भक्ति गर्ने स्त्रीहरूलाई सुहाउँछ ।

११ स्त्रीले पूर्ण दीनतासाथ चूपचाप बसेर सिकून् ।

१२ तर स्त्रीले पुरूषलाई सिकाउने र पुरूषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून् ।

१३ किनभने आदम नै पहिले सृजिएका हुन्। त्यसपछि हव्वा ।

१४ आदम छलिएका होइनन्, तर स्त्रीचाहिँ छलिएर अपराधमा फसेकी हुन् ।

१५ तरै पनि, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन् ।

**घर र मण्डलीमा स्त्रीको भूमिकाबारे बहस भइरहेको छ । तर, धर्मशास्त्रले के भन्दछ?**

परमेश्वरले पुरूष लगायत स्त्रीलाई सृष्टि गर्नुभयो भनी उहाँद्वारा लेखिएको पुस्तकले हामीलाई भन्छ । उहाँले भन्नु भएको कुराहरू स्पष्ट, सजिलो, बुझ्न सक्ने छन् र ती सुन्नैपर्छ ।

**(१) किन स्त्रीहरूलाई भद्र वस्त्र पहिरनको निम्ति आज्ञा गरेको छ?** किनभने अविवेकी वा पातलो वस्त्र पहिरनले अरूको ध्यान आर्कषण हुन्छ र पुरूष मानिसको हृदयमा कामवासना सृजना गरिदिन्छ । छोटो वस्त्र पहिरन वा छोटो काटेको वस्त्र लगाउने स्त्रीहरूले आफ्नो शरीरको माथिल्लो भागहरू बढी प्रदर्शन गरिरहेकी हुन्छिन्, जसले पुरूषहरूलाई उनको वरपर पाप गर्ने कारण बनाउँछिन् । यो कुरा पनि सत्य हो कि जब उनका वस्त्रहरू निकै छोटा छन्, उनको सूरूवालहरू निकै कसिलो छन वा उनले बाहिरी वस्त्रहरू तल झर्छिन भने उनले भित्री वस्त्रमात्र बाँकी राखेकी छे भन्ने अर्थ लाग्छ ।

**(२) आराधना भेलाहरूमा पुरूषहरूमाथि सार्वजनिक अगुवाई गर्ने अधिकार परमेश्वरले स्त्रीहरूलाई दिनुभएको छैनन् ।** यो केवल पहिलो शताब्दीको लागि मात्र दिएको हो, र त्यो संस्कृति परिवर्तन भईसक्यो भनी कसैले भन्दछन् । तर परमेश्वरको व्यवस्था संस्कृतिमा आधारित छैनन् । सृष्टिदेखि उहाँले पुरूष र स्त्रीलाई सम्पूर्ण एकाईको दुई भागमा गठन गरी, उहाँले चाहनुभए अनुसार एकले अर्कालाई उत्कृष्ट भूमिकामा सुसज्जित गर्नुभयो । **घरको शीर पुरूष हुन्, जो परिवारको निम्ति जिम्मेवारी हुन्छ; स्त्री उनको छेउमा पूर्णताको रूपमा हुन्छिन् ।** स्त्रीहरूले कुनै कुरामा बढी भरोसा राख्छिन् र सजिलै धोका खान्छिन् । धर्मशास्त्रलाई हेर्नुहोस्ः परमेश्वरको सार्वजनिक कार्यको निम्ति कति जना स्त्रीहरू प्रेरितहरू, अगमवक्ताहरू र अगुवाहरू थिए ?

एउटा परिवारको मातृत्व मार्फत आत्मा र मुक्तिमा ख्रीष्ट जस्तै परिपक्वताको परिणाम हुन यी सबै गुणहरूमा स्त्रीहरू बढ्नुपर्छ ।

# त्यति छिटो निरासा नहुनुहोस् ।

*स्टीभ हिग्जिनबोथम*

नाइजेरियाको हयारीसन ओकेनी अप्रत्याशित रूपमा आफैलाई आशा नभएको अवस्थामा पाइएको थियो । समुन्द्री छालको कारणले गर्दा एउटा जहाज डुब्न लाग्यो । त्यो जहाजलाई बचाउन उनीहरूको शक्तिशाली तान्ने नाउ पनि समुन्द्री छालले गर्दा उल्टो पल्टियो । यसरी उनीहरूको जहाज डुबेर उनले आफैलाई महासागरको फेदमा पाइयो । आफ्नो जहाज उल्टो डुबेकाले गर्दा जहाजको भित्री भागको टुप्पो पट्टी केही थोरै हावामा सास लिएर बाँचिरहेको थियो । हयारीसन पूर्ण अन्धकारमा, अव्यवस्थित, एक्लै, र केवल छोटो र पातलो लुगाहरूमात्र लगाएको थियो । त्यहाँको तापमान चिसो थियो । करिव ६० घण्टासम्म उनले पूर्ण अन्धकारमा आफ्नो हातले यताउती छाम्दै थियो । चिसोको कारणले गर्दा शरीर काम्न थाले । आफ्ना संगी चालकदलका मृत शरीरलाई ठुला माछाहरूले चपाएर खाएको आवाजहरू सुने । उनको अक्सिजन आपूर्ति कहिले सकिन्छ भनेर उनी पर्खेर बसिरहेको थियो ।

त्यसपछि, उनको अक्सिजन आपूर्ति सकिनै लाग्दा त्यहाँ केही अचम्मलाग्दो कुरा भयो । उद्धार गर्ने गोताखोरहरू देखापरे । हयारीसनलाई अक्सिजन दिएर विघटन कक्षतर्फ डोऱ्याई बिस्तारै सतहसम्म पुऱ्याइयो । तिनीहरूले उनलाई मृत्युको मुखबाट बचाए । यो उनको उद्धारको योजनाको निरासाको अवस्था थियो । उनी कसरी बचाइयो भनी अरू मानिसहरूलाई भन्नको निम्ति अहिले हयारीसन जीवित छ ।

के तपाईले कहिल्यै आत्मिकी निरासाको अनुभव गर्नुभएको छ? परमेश्वरको उद्धार गर्न सक्ने अनुग्रहबाट टाढा पुग्नुभएको छ भनी के तपाई कहिल्यै सोच्नुभयो? त्यसो भए, म तपाईलाई यो याद दिलाउन चाहन्छु । मतवाला अनैतिक पिता लोट, झुट बोल्ने वेश्या राहाब, हत्यारा/व्यभिचारी दाऊद, र मण्डलीलाई सताउने शाऊल/पावलको पाप क्षमा हुन सक्छन् । हामीलाई विश्वासको महान पुरूष र स्त्रीहरूका उदाहरण दिएको छ । त्यसो भए तपाईको निम्ति पनि आशा छ!

जब हयारीसनको हात बचाउ दलसम्म पुग्यो र उनले तिनीहरूलाई छोए, हयारीसन ओकेनीले अनुभव गरेको आनन्द र आरामलाई कल्पना गर्नुहोस् । निरासाबाट आशा! यसरी पापी मानिसहरूले अनुभव गरेको आनन्द र आरामलाई कल्पना गर्नुहोस् जो मुक्तिदातासम्म पुगेर उहाँको हात समात्छन्! निरासाबाट आशा!

परमेश्वरद्वारा उद्धार पाएर अहिले बाँचिरहनु भएका तपाईहरूले यसको बारेमा अरूलाई बताउनुहोस्! कसरी परमेश्वरले तपाईलाई आशा नभएको अवस्थाबाट बचाउनुभयो र तपाईलाई आशा दिनुभयो! *"परमप्रभुले छुटकारा दिनुभएकाहरूले यसै भनून्!"* (भजनसंग्रह १०७:२) ।

❀

# उनले सुसमाचारलाई प्रचार गरिरहे

*वेन ब्रीवर*



नयाँ नियमको चाखलाग्दो व्यक्तिहरूमध्ये एक जना फिलिप पनि थियो । उनी मण्डलीको सदस्यहरूका विचमा राम्रो प्रतिष्ठा भएको मानिस, र यरूशलेममा "खुवाउने-पियाउने" कामको निम्ति चुनिएको थियो (प्रेरित ६:२,५) । विधवाहरूका आवश्यकतामा तिनीहरूलाई वेवास्ता गरेका थिएनन् भन्ने कुरामा उनले सुनिश्चित गरे । यसरी मण्डली र प्रभुको महान सेवकको रूपमा फिलिप प्रमाणित भएको छ (प्रेरित ६:१) । कम्तिमा पनि दुईवटा कारणले यो काम महत्वपूर्ण थियोः पहिलो, प्रेरितहरूले सुसमाचार प्रचारको काममा निरन्तरता दिन सकोस् (प्रेरित ६:२), र दोस्रो, किनभने *"परमेश्वर र पिताको अगाडी शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाहा गर्नु..."* (याकूव १:२७) ।

केही समयपछि, *"यरूशलेममा भएको मण्डलीको विरूद्धमा ठूलो सतावट शुरू भयो, र तिनीहरू सबै छरपष्ट भए..."* (प्रेरित ८:१), तिनीहरू मध्ये जसले शहरलाई छोडेका थिए त्यसमा फिलिप पनि पर्‍यो । लूकाले हामीलाई यसो भन्दछ, *"तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे । फिलिपचाहिँ सामरियाको*

*एउटा शहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे"* (प्रेरित ६:४,५) । फिलिप निकै चाखलाग्दो मानिस थियो किनभने उ ती सामरीहरूकहाँ गए जो सबैभन्दा बढी यहूदीहरूबाट घृणित र अपमानित भएका थिए । परिणाम हौसलाजनक थियो, *"तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरूष र स्त्रीहरूले बप्तिस्मा लिए"* (प्रेरित ८:१२) । धेरै यहूदीहरू नगएको ठाउँमा फिलिप पुगे । सुसमाचारको शक्ति प्रकट भयो (रोमी १:१६; १०:१७) ।

फिलिप र अरू छरपष्ट भएकाहरूले गएर के प्रचार गरे? तिनीहरूले "वचन", "येशू", "परमेश्वरको राज्य", "येशू ख्रीष्टको नाउँ" प्रचार गरे । केही समयपछि फिलिपले इथियोपियाबाट आएको मानिसलाई भेट्यो, *"...धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए"* (प्रेरित ८:३५) । यसलाई अवलोकन गर्नुहोस् कि पहिलो शताब्दीका ख्रीष्टियानहरू, फिलिप जस्तो व्यक्तिले मानिसका परम्पराहरूलाई प्रचार नगरी परमेश्वरको वचन प्रचार गरे । यरूशलेम र अरू स्थानमा आएको तीव्र सतावटले गर्दा फिलिप लगाएत अरू धेरैलाई शहर बाहिर धपाए । सुसमाचार प्रचार गर्ने र सिकाउने कुराबाट तिनीहरू हटेनन् । वास्तवमा, खेदो सतावटले तिनीहरूलाई वचन प्रचार गर्ने नयाँ अवसर प्रदान गऱ्यो ।

जब फिलिपले इथियोपियाको नपुंसकलाई सुसमाचार प्रचार गरे, तब त्यसले सुसमाचारको आज्ञा पालना गरे (प्रेरित ८:३८) । फिलिपको बारे यी वचनहरू लेखेका छन्, *"उनले सबै शहरहरूमा सुसमाचार सुनाउँदै गए"* (प्रेरित ८:४०) । "प्रचार गऱ्यो" भन्ने क्रियापदको काललाई "निरन्तर रूपमा प्रचार गरिरहे" भन्ने शाब्दिक अनुवाद गर्न सकिन्छ । फिलिपले धेरै अवरोधहरूलाई सामना गर्नुपरे तापनि, उनले परमेश्वरको राज्यको सुसमाचार र ख्रीष्टको सुसमाचार प्रचार गरिरहे । "प्रचार गरिरहे" भन्ने यी शब्दहरूले आज परमेश्वरको वचन प्रचार गर्ने र सिकाउने हरेक व्यक्तिको विशेषता हुनुपर्छ । मानिसहरूले विश्वास गरे पनि, नगरे पनि हामीले निरन्तररूपमा प्रचार गरिरहनु र सिकाइरहनु पर्छ । मानिसहरूले सुसमाचारप्रति सकारात्मक जवाफ दिएपनि, नदिए पनि हामीले निरन्तररूपमा प्रचार गर्दै सिकाइरहनुपर्छ । सन्देश प्रख्यात भएता पनि, नभएता पनि हामीले निरन्तररूपमा सिकाउँदै प्रचार गरिरहनुपर्छ । हामी पनि फिलिप जस्तै निरन्तररूपमा प्रचार गरिरहनुपर्छ । किनभने सुसमाचार *"...मुक्तिको निम्ति परमेश्वरको शक्ति हो..."* (रोमी १:१६) ।

❁

# पहिलो कक्षामा २४ वर्ष

*जेस व्हाइटलक*




केही वर्ष अगाडी मेरो अफिसको टेबलमा एउटा पत्रिका आएको थियो । "पहिलो कक्षामा २४ वर्ष" नामक शिर्षक क्लिपमा समावेश थियो । धेरै जसो सार्वजनिक विद्यालयहरू मण्डलीको "आइतबार विद्यालय" जस्तै छन् । जो कहिलेकाहिँ मात्र कक्षामा उपस्थित हुन्छन् वा नियमित बाइबल कक्षामा उपस्थित हुँदैनन् । यदि यस्तो हो भने पहिलो कक्षा उर्त्तीण हुन २४ वर्ष लाग्न सक्छ ।

अमेरिकामा सन् २०१२ मा "परमेश्वरको वचन अध्ययनबारे" सर्वेक्षण गरेको थियो । त्यो अनुसन्धान अनुसार मण्डली जाने विश्वासीहरूमध्ये १९% ले मात्र दैनिक बाइबल पढ्ने गर्दथे । २५% विश्वासीहरूले हप्तामा कहिले काहिँमात्र बाइबल पढेको देखायो । अचम्मलाग्दो रूपमा १४% ले मात्र हप्ताको एकदिन बाइबल पढेको देखायो । २२% ले महिनाको एकपल्ट वा केही समय बाइबल पढेको स्वीकार गऱ्यो ।

केही महिना अगाडी मण्डलीका दाजुभाइहरूले बाइबल अध्ययन पाठ्यक्रमबारे लामो समयसम्म छलफल गरेका थिए । तिनीहरूसँग भएका ख्रीष्टियान लेख र साहित्यहरू धर्मशास्त्र अनुसारको छ कि छैनन् भनी प्रमाणित गरेर केही अनावश्यक निर्देशनहरू हटाइदिए । कतिपय मण्डलीहरूले आफ्नै सामग्रीहरू लेख्ने निर्णय गरे । त्यसको निम्ति वरपर भएका अरू मण्डलीका अगुवाहरूसँग सम्पर्क गरे ।

लेखेका सामग्रीहरू ठीक छ कि छैनन् भनी पुन जाँच गर्न थाले । अन्तमा ती सामग्रीहरू कार्यान्वयन गर्दै जाने हो भने सबै पाठ्यक्रम पुरा गर्नको निम्ति कम्तिमा पनि पाँच वर्ष लाग्नेछ । यसरी अध्ययन गर्दा पुरानो र नयाँ करारलाई दुई पल्ट राम्रोसँग पढ्न सकिने रहेछ ।

एक जना एल्डरले एकपल्ट यसो भनेको थियो कि यदि एकजना ब्यक्तिले २० वर्षको समय अवधिमा उसलाई दिएको पाठ्यक्रमलाई हरेक दिन २० मिनेटमात्र त्यसमा समय बिताउँछन् भने त्यो समयसम्ममा उ त्यो क्षेत्रको निपूर्ण ब्यक्तिको रूपमा चिनिन्थ्यो । बाइबलले हामीलाई हरेक असल कामको निम्ति पूर्णरूपमा सुसज्जित पार्दछ (२ तिमोथी ३:१६१७) । बाइबल सत्य हो जसले हामीलाई स्वतन्त्र पार्छ (यूहन्ना ८:३२; १७:१७), परमप्रभुको वचन शुद्ध र पवित्र छ (भजनसंग्रह ११९:१४०; हितोपदेश ३०:५,६) । यसकारण आउनुहोस्, परमेश्वरको वचनको मूल्यलाई कहिल्यै पनि नबिर्सौं । उहाँको वचन सबै मानव जातिका निम्ति आखिरी इन्साफको मापदण्ड हुनेछ (यूहन्ना १२:४८) । सबै मानिस एक दिन वास्तविक सर्वोच्च न्यायधिशको अगाडी खडा हुनेछन् ।

हरेक बुबा आमा, हजुर बुबा र हजुर आमाले गम्भीरताकासाथ वचन अध्ययनबारे विचार गर्नुपर्छ । तपाईका बालबच्चाहरू बाइबल अध्ययन कक्षामा उपस्थित हुने बारे के भन्दछन्? यदि तिनीहरू सो कक्षाको आधा कक्षामा मात्र उपस्थित भएको छ भने यसको अर्थ यो हुन्छ कि तिनीहरूलाई पहिलो कक्षा उत्तीर्ण गर्न १० वर्ष लाग्नेछ । बाइबल कक्षामा जस्तै कहिले काहिँमात्र उपस्थित हुने हो भने सार्वजनिक विद्यालयहरू कस्तो हुनेछन्? यदि त्यस्तो हुने हो भने देशका बहुसंख्यक जवान मानिसहरू उच्च विद्यालयमा प्रवेश नगरीकनै मृत्यु हुन्छन् । यसकारण हामी पनि बाइबल अध्ययनबारे गम्भीर होऔं ।

❁

**के तपाईले प्रार्थना गर्नुभयो?**

**परमप्रभुलाई पछ्याउने मानिसहरुलाई उहाँले स्पष्टरुपमा भन्नुभयो कि तिनीहरुका आवश्यकताहरुसम्म पुग्नको निम्ति तिनीहरुले परमेश्वरसँग प्रार्थनामा माग्नुपर्छ । के हामीले माग्नुपर्दैनन्? वास्तवमै मनबाट गरेको प्रार्थनाले हाम्रो जीवन र संसारमा शक्तिशाली परिवर्तन ल्याउँछ । जब हामीले हाम्रा हृदयलाई परमेश्वरतिर उचालेर उहाँको बुद्धि माग्छौं, हामी आफैले आफैलाई महान बुद्धि र प्रेमको स्रोतमा पाउँछौ ।**

**के आज तपाईसँग प्रश्नहरु छन्? के तपाईसँग भविष्यबारे उत्तर दिन नसक्ने प्रश्नहरु छन्? के तपाईले छिट्टै गर्नुपर्ने रोजाइ वा निर्णयहरुका प्रश्नहरु छन्? के यस्ता आवश्यकताहरु तपाई आफैले पुरा गर्न सक्नुहुन्न्? के तपाईले परमेश्वरको बुद्धि खोज्नुभयो? के तपाईले उहाँको मार्गदर्शन, सुरक्षा, शक्ति, र हौसलाको निम्ति माग्नुभयो? यदि तपाईले गर्नुभएको छ भने, निरन्तर उहाँसँग बुद्धि माग्नुहोस् । तपाईका प्रार्थनाहरुका जवाफ दिन परमेश्वर पूर्णरुपमा सक्षम हुनुहुन्छ । तर सबै भन्दा पहिला तपाईले प्रार्थनामा माग्नुपर्छ । याकूब १:५ पढ्नको निम्ति आज केही समय निकाल्नुहोस् । यसबारे सोच्नुहोस् । यसलाई अभ्यासमा लगाउनुहोस् ।**

# तपाईं कसरी नाप्नुहुन्छ ?

मैले तिमीहरुलाई दिएका आज्ञाहरुमा केही पनि घटबढ नगर्नू, तर मैले तिमीहरुलाई दिएका परमप्रभु परमेश्‍वरका आज्ञाहरु पालन गर्नू । बाल-पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरुले आफ्नै आँखाले देखेका छौ । पोरको बाल देवतापछि लाग्ने सबै मानिसहरुलाई परमप्रभु परमेश्‍वरले तिमीहरुका मध्येबाट नाश गर्नुभयो । तर परमप्रभु तिमीहरुका परमेश्‍वरसित लागिरहने तिमीहरुमध्येको प्रत्येक आजसम्म जीवित छ । हेर, परमप्रभु मेरा परमेश्‍वरले मलाई आज्ञा गर्नु भएबमोजिम तिमीहरुले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरुलाई यी विधिविधानहरु सिकाएको छु । तिमीहरुले ती मान र पालन गर, किनकि यसैबाट अरु जातिहरुका अगि तिमीहरुका बुद्धिमानी र समझको प्रचार हुनेछ । यी सबै विधिहरु सुनेर उनीहरुले भन्नेछन, 'अवश्य यस महान् जातिका मानिसहरु खूबै बुद्धिमान र समझदार हुनेछन्' हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्‍वर हाम्रो जति नजीक हुनुभएझैं ईश्‍वर यति नजीक भएको अरु कुनचाहिँ यति महान् जाति छ? मैले तिमीहरुलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरु कुनचाहिँ यति महान् जाति छ? तर होशियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरुले आँखाले देखेका कुराहरु नबिर्स र ती तिमीहरुको सारा जीवनभरि तिमीहरुको मनदेखि नहटून् । ती तिमीहरुका छोराछोरीहरु र नातिहरुलाई सिकाओ ।

(व्यवस्था ४ः२-९)

# आइतबारलाई थप आराधनायोग्य बनाउन शनिबारबारको दिन तपाई के गर्न सक्नुहुन्छ?

*जे रान्डल मँथनी*



लोकप्रिय सफलता र टेक्नोलोजी वेबसाइटले प्रमुख लेखका निम्ति विषय प्रस्ताव गर्छ, "सोमबारको दिन अझ प्रवन्धनीय बनाउन आइतबारको दिन तपाई के गर्न सक्नुहुन्छ? यो अचम्मको होइन् कि पेशाको विकास र आर्थिक सफलताबारे निरन्तर सोचेर कसरी अगाडी बढ्ने भन्नेबारे मानिसहरू सोचिरहेका हुन्छन् ।

त्यसोभए, किन ख्रीष्टियानहरूले आफ्नो र छिमेकीहरूका आत्मिकी सफलताहरूका बारेमा अझ बढी नसोच्ने? आइतबारको दिन अझ बढी आराधना योग्य, आत्मिकी र उत्साहित बनाउन हामी शनिबारको दिन के गर्न सक्छौं? आइतबारको निम्ति तयार हुन शनिबारको दिन गर्नुपर्ने केही सात वटा सुझावहरूलाई विचार गर्नुहोस्ः-

(१) शनिबार राती चाँडै ओछ्यानमा विश्राम गर्न जानुहोस् । प्रशस्त बिश्राम गर्नुहोस् । आत्मिकताको निम्ति निन्द्रा अनुकूल हुँदैन । आफुले आफुलाई प्रभुको दिन भन्दा अघिल्लो दिन धेरै थकित बनाउनुहोस् । यदि त्यसो भयो भने तपाईले राम्रोसँग आराधना गर्न सक्नुहुन्न् ।

(२) आराधनाको सफलताको निम्ति आफैले आफैलाई न्यवस्थित गर्नुहोस् । तपाईले जे सत्यता सुन्नुहुनेछ त्यसले परमेश्वरको सेवा र ख्रीष्टमा भएको

तपाईको जीवनलाई फरक बनाउँछ ।

(३) आत्मिकी खाँचो परेकाहरूलाई खोज्नुहोस् । तपाईको निम्ति साथी हुन सक्ने व्यक्ति देखाउनलाई परमप्रभुसँग प्रार्थना गर्नुहोस् ।

(४) तपाईसँगै भेलामा जानको निम्ति कसैलाई निमन्त्रणा गर्नुहोस् । के अपेक्षा गर्ने भन्ने कुरा अगाडी नै वर्णन गर्नुहोस् । भेलामा सहभागीता हुँदा के लाभहरू हुन्छन् भन्ने कुरा अगि नै बताउनुहोस् ।

(५) आराधनाको अघिल्लो दिन- शनिबारको दिन बाइबल अध्ययन र प्रार्थना गरी सुत्नुहोस् । हप्ताभरी परमेश्वरलाई खोजी गर्ने मानिसहरूले उहाँलाई आइतबार उत्कृष्ट तरीकाले प्रशंसा गर्न सक्छन् ।

(६) भेला हुने स्थान/भवन वा मण्डली भेला हुने सभामा प्रवेश गर्नुभन्दा अघि आफ्ना कुराहरूलाई ढोकामै छोड्नुहोस् । आफ्नो केन्द्रविन्दु परमेश्वर– उहाँको चरित्र, उहाँका कामहरू, उहाँको इच्छा, उहाँको उद्देश्य, उहाँको भलाइमा राख्नू ।

(७) आत्मिकी कुरा निमार्ण गर्नुहोस र उत्साहित हुनुहोस् । लिन र दिन सिक्नुहोस् । आफैले आफैलाई मित्रताको व्यवहार गर्नुहोस् र अरू मित्रहरू बनाउनु होस् । परमप्रभुको नजिक आउनुहोस्, र उहाँ तपाईको नजिक आउनुहुनेछ । परस्पर व्यवहारको सिद्धान्तबारे सिक्नुहोस् र अभ्यास गर्नुहोस् ।

चलाख विवेक भएका व्यापारी मानिसहरूलाई थाहा हुन्छ कि सफलता कुनै संयोगबाट आउँदैनन् । ठूलो पेशा गर्नको निम्ति तयारीको आवश्यतकता पर्दछ । त्यतिकै सर्वशक्तिमानको आराधना र भक्ति विरलै होला । यसकारण, परमप्रभुको दिनको निम्ति शनिबारको तयारी ठूलो पहल हुन सक्छ ।

❀

*<u>नयाँ नियमको आराधना</u>*

**नयाँ नियमको आराधनामा पाँच बिशिष्ट क्रियाकलापहरुलाई विशेष क्रमबद्धरुपमा समावेश गरेका छैनन्, जुन कुराहरुलाई स्वर्गीय पिताले प्राथमिकरुपमा क्रमबद्धरुपमा निर्देशन गर्नुभएको छैनन् । नयाँ नियमलाई होशियारीकासाथ अध्ययन गर्दा आराधनाका निम्न क्रियाहरु प्रकट भएका छन्ः–**

- **सिकाई वा प्रचार गरेको (प्रेरित २०ः७) ।**
- **प्रभु भोजमा सहभागी भएको (१ कोरिन्थी ११ः२३–२६) ।**
- **भेटी संकलन गरेको (१ कोरिन्थी १६ः१–२) ।**
- **भजन गाएको (एफिसी ५ः१९; कलस्सी ३ः१६,१७) ।**
- **प्रार्थना गरेको (१ कोरिन्थी १४ः१५) ।**

**ख्रीष्टको सुसमाचारमा परमेश्वरले प्रभुको दिनमा यो भन्दा बढी वा कम गर्न अधिकार दिनुभएको छैनन् ।**

# निरन्तर प्रार्थना गरिरहो ।

***डाल्टन की***

हामी आफै चिन्तालाई अंगालेर थकित हुन्छौं । तनावग्रस्तको कारणले हामीले हाम्रो पेटमा घाउ बनाइदिन्छौं । हामी आफैले आफैलाई चाँडै नै समाधिमा पुऱ्याउँछौं किनभने हामीले प्रार्थनाको शक्ति र उद्देश्यलाई बिर्सेका छौं । *"तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ"* भन्ने भनाइ अझै पनि सत्य छ (१ पत्रुस ५:७) । परमेश्वर शक्तिशाली हुनुहुन्छ, उहाँले हामीलाई वास्ता गर्नुहुन्छ भन्ने कुरामा विश्वस्त भई हामी प्रार्थनामा लाग्नुपर्छ । बाइबलमा अचम्मलाग्दो प्रार्थनाका चरित्र भएका मानिसहरूका उदाहरणहरूलाई हामीले हृदयमा लिनुपर्छ । *"निरन्तर प्रार्थना गरिरहो"* (१ थेसलोनिकी ५:१७) भन्ने पावलको हौसलालाई हामीले ध्यान दिनुपर्छ ।

विगतका बाइबलिय इतिहासलाई अवलोकन गर्नुहोस् । परमेश्वरका महान व्यक्तिहरू जहिले पनि प्रार्थनाका महान व्यक्ति भएका छन । इसहाकले खेतमा प्रार्थना गरे (उत्पति २४:६३), याकूबले खोलाको किनारमा प्रार्थना गरे (उत्पति ३२:२२-२४), यर्मियाले खादलको गहिराबाट प्रार्थना गरे (विलाप ३:५५), दानिएलले सिंहको खोरमा प्रार्थना गरे (दानिएल ६), योनाले माछाको पेटबाट (योना २:१), पत्रुसले घरको कौसमा प्रार्थना गरे (प्रेरित १०:९), र अभिलेखले देखाउँछ कि प्रार्थनाका शक्तिशाली व्यक्ति प्रेरित पावलले एक पटकभन्दा बढी कैदबाट परमेश्वरलाई निवेदन गरेका थिए ।

मुक्तिदाताको बारेमा के भन्ने? उहाँ शरीरमा हुनुहुँदा के उहाँ प्रार्थनाको मानिस हुनुहुन्थ्यो? के उहाँ लामो समय प्रार्थनामा बिताउनु भएनन्? हो, रातभरी नसुतिकन, इच्छुक भएर प्रार्थनामा बिन्ति गर्नुभयो । परमप्रभुको प्रार्थनामय जीवनद्वारा उहाँका चेलाहरू अति प्रभावित भएका थिए । एउटा घटनामा उहाँले प्रार्थनागरी सक्नु भएपछि उहाँको एकजना चेलाले सोधे, *"प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्"* (लूका ११:१) । उहाँको प्रार्थना यूहन्ना १७ अध्यायमा उल्लेख गरेको छ, जुन प्रार्थनालाई सही तरीकाबाट "प्रभुको प्रार्थना" भनिएको छ, जहाँ उहाँको प्रार्थनामय जीवनको गहिराई र सम्पन्नता प्रकट भएको छ ।

"संसार तिनीहरू सबैको निम्ति योग्यको थिएनन्", यसको साथै यहाँ अरू धेरै महत्वपूर्ण बाइबलीय सिद्धान्तहरू उल्लेख गरेका छैनन । पहिचान गरी महसुस गर्नुहोस् कि हामीहरूमध्ये धेरैले यसलाई मूर्खतापूर्वक र अविश्वासकासाथ अलग राखेका छौं । यिनीहरूलाई दृढतापूर्वक विश्वास गरिएको छ कि *"धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ"* (याकूब ५:१६) ।

❀

# प्रभुको टेबलमा धन्यवाद व्यक्त गर्दै

*मक्सी बी बोरन*



सबै दाजुभाइहरूलाई म इमान्दारपूर्वक आग्रह गर्दछु कि येशूको शरीर र रगतको प्रतीकको प्रतिनिधित्वमा सहभागी हुनुभन्दा अगाडी प्रार्थना गर्दा सभाको आराधनामा धन्यवाद अभिव्यक्त गर्ने बिषय अझ विचारशील र अर्थपूर्ण हुनु पर्दछ । यदि यस्तो प्रार्थना धर्मशास्त्र अनुरूप, अर्थपूर्ण छैनन्, र हाम्रो निम्ति येशूले गर्नुभएको महान बलिदानको चिन्हलाई समझको गहिराइमा अभिव्यक्त गर्न सकेन भने त्यो आत्मिकी कमजोर हुनेछ । उदाहरणको निम्ति एकजना भाइले एकपल्ट यसरी प्रार्थना गरेको थियो, "परमेश्वर तपाईलाई यो रोटीको निम्ति धन्यवाद, हाम्रा शरीरलाई पोषणको निम्ति यसलाई आशिष दिनुहोस् ।" यात त उ डराएको थियो र उनले के भनिरहेको थियो सो उनले महसुस गर्न सकेनन् कि त प्रभु भोज के हो भन्ने बारेमा उनले केही पनि जानेको थिएन् । कुनै पनि तरीकाले त्यो आत्मिक क्षणको स्थितिलाई यसले ठूलो मात्रामा विचलित बनाउँछ ।

निरन्तर प्रार्थना गरिरहेका हुन्छन् तर जसरी हामी प्रभुभोजमा सहभागी हुँदा परमेश्वरप्रति धन्यवादी हुनुपर्ने थियो, त्यसरी हामीले परमेश्वरलाई कहिल्यै धन्यवाद दिदैनौं । प्रभुभोजको निम्ति प्रार्थना गर्दा केही दाजुभाइहरूले परमेश्वरको लागि प्राय काल्पनिक कुराहरू सोच्दछन् जुन कुराले ख्रीष्टको बलिदानको निम्ति कुनै अर्थ दिदैनन् । यो निकै दुःखलाग्दो कुरा हो र यसले धेरै स्थानहरूमा साँच्चै नै समस्या बनाइदिन्छ । कसरी हामीले आराधनाको यो महत्वपूर्ण भागलाई सुधार्न सकिन्छ?

सबै भन्दा पहिला दाजुभाइहरूले ख्रीष्टको सम्झनाको भोजमा सहभागी हुने प्रत्यक्ष अभिलेखहरूलाई पढ्नुपर्छ जुन हप्ताको पहिलो दिनमा गरिन्थ्यो (प्रेरित २०:७), र तिनीहरूलाई प्रतिबिम्बित हुन केही समय शान्तपूर्वक प्रार्थनामा समय बिताउनुहोस् (मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५; लूका २२:१४-२०; १ कोरिन्थी ११:२३-२९) । त्यसपछि दोस्रोमा, अरू सम्वन्धित अनुच्छेदहरूलाई पनि त्यतिकै समानमात्रामा

विचार गर्नुपर्छ जस्तैः रोमी ५:६-११; १ कोरिन्थी १:१८-२४; १५:१-४; २ कोरिन्थी ६:१८-२१; गलाती १:३-४; २:२०; ६:१४; एफिसी १:३-१४; २:४-९; फिलिप्पी ३:७-१२; कलस्सी १:१२-२३; १ थेसलोनिकी १:१०; २ तिमोथी १:८-१०; तीतस २:११-१४; ३:४-७; हिब्रू २:९-१८; ७:२६-२७; ९:११-२८; १०:१०,१२; १ पत्रुस १:१८, १९; २:२१-२५; १ यूहन्ना ४:९,१० र प्रकाश ७:९,१४ ।

ख्रीष्टको बलिदानको कुनै भजनहरूका सन्देशलाई पढेर विचार गर्नु पनि राम्रो हो । यस्ता धर्मशास्त्रका पदहरू र भजनहरूलाई पढेर विचार गरे पश्चात प्रभुभोजको निम्ति प्रार्थना अगुवाई गर्ने जिम्मेवारी दाजुभाइहरूले प्रार्थनामा कुन सुहाउँदो शब्दहरू प्रयोग गर्ने भन्ने बारेमा सावधानीपूर्वक विचार गर्नुपर्छ । कसैले हृदयको सच्चा र निष्कपटताका साथ प्रार्थना गर्नुपर्दछ । ताकि परमेश्वरको प्रेम र ख्रीष्टको दया प्रकट भएको र उहाँले हाम्रो खातिर आफैं क्रूसमा बलिदान हुन इच्छुक हुनुभयो भन्ने कृतज्ञताको गहिराई अभिव्यक्त हुन्छ । कृपया अन्तमा यी तीनवटा अवलोकनलाई विचार गर्नुहोसः-

(१) प्रायजसो समय प्रार्थनाका शब्दहरूमा येशूको शरीर र रगतलाई उल्लेख नगरी "रोटी" र "अंगुरको रस" को निम्ति परमेश्वरलाई धन्यवाद दिन्छन् । दाजुभाइ, यो शाब्दिक रोटी र शाब्दिक अंगुको रसलाई प्राथमिकरूपले धन्यवाद दिने होइनन्, तर येशूको शरीर र रगतलाई धन्यवाद दिने हो! दोस्रो अर्थमा हामीले केवल तिनीहरूको प्रतीकको निम्ति धन्यवाद दिन्छौं । यसले त्यही प्रतीकको प्रतिनिधित्व गर्छ जसको निम्ति हामी धन्यवादी हुन्छौं । हाम्रा प्रार्थनाका शब्दहरू जहाँ हुनुपर्छ त्यहाँ जोड किन नदिने?

(२) हरेक सार्वजनिक प्रार्थनाहरूमा शब्दहरू पर्याप्त ठूलो स्वर र स्पष्टरूपमा मानिसहरूले सुन्ने र बुझ्न सक्ने हुनुपर्छ । दाजुभाइहरूले सार्वजनिक स्थानमा प्रार्थना गर्दा कहिल्यै पनि भुनभुनाएर गर्नुहुँदैनन् ।

(३) अन्तमा, हामी सबैले याद गरौं कि परमेश्वर पितालाई हामी प्रार्थना गर्छौं । उहाँको प्रिय पुत्र येशू क्रूसमा मर्नुभयो । उहाँले शरीर दिनुभएको र उहाँको रगत बहाइको निम्ति परमेश्वर पितालाई धन्यवाद दिनु गलत हो । परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२३,२४) र आत्माको शरीर र हाडहरू हुँदैनन् (लूका २४:३९) । येशू नै केवल परमेश्वरको पुत्र हुनुभयो, जो मानिसको रूपमा जन्मनुभयो (यूहन्ना १:१-४, १४; ३:१६,१७) र हाम्रो निम्ति क्रूसको कष्ट भोग्नुभयो (फिलिप्पी २:५-११) । यसकारण कलभरीमा बलिदान भएको येशूको शरीर र रगत थियो । यद्यपी ईश्वरत्व "एक" हुनुहुन्छ, ता पनि बाइबलले स्वर्गमा हुनुहुने पिता र मुक्तिदाताको रूपमा संसारमा आउनुभएको पुत्रबिच स्पष्ट भिन्नता देखाउँछ । यो सत्यतालाई हामीले निकै होशियारकासाथ हेर्नुपर्छ । अन्यथा गलत हुन सक्छ र हामी प्रार्थनालाई दुरूपयोग गरिरहेको हुन सक्छौं ।

# भावनालाई तथ्यको रुपमा पछ्याउनु

*एरिक लाइन्स*




मानिसहरू भावनात्मकरूपमा सृष्टि भएका प्राणी हुन् । हामी प्रेम र घृणा गर्छौं । हामी आशावादी र निरासा पनि हुन्छौं । हामी डराउँछौं र आनन्दित पनि हुन्छौं । हामी खुशीमा हाँस्छौं र दुःखीमा रून्छौं । हामी रीस र उत्साहमा पनि चिच्याउँछौं । मेरो एउटा छोरो छ जो खुशी हुँदा पनि हाँस्दैन् । जब उ समस्यामा पर्छ तब उ हाँस्छ (जुन कुरा मैले अझै बुझ्न सकिन्) । अरू मानिसहरू जस्तै ख्रीष्टियानहरू पनि भावनात्मक मानिसहरू हुन् । हामी मनोभावका हुन्छौं । त्यसको साथै हामी येशू ख्रीष्टका सेवकहरू भएकाले भावनामा पनि हलचल हुन्छौं ।


ख्रीष्टियानहरूलाई आत्मिक मानिसहरू पनि भनिन्छन् (गलाती ६:१) । हामी *"आत्मिकी कुराहरूमा सहभागी"* हुन्छौं (रोमी १५:२७) । *"हामी विश्वासद्वारा हिड्छौं, देखेका कुराहरूमा होइन्"* (२ कोरिन्थी ५:७) । परमेश्वर पितालाई हामी आत्मामा आराधना गर्छौं (यूहन्ना ४:२३-३४) । आत्मिकी बलिदानहरू चढाउनको निम्ति हामी आत्मिकी घरहरू निमार्ण गर्छौं (१ पत्रुस २:५) । यस्तो आत्मिकताले हामीलाई भावनाका पोशाकलाई अनुभव गर्न लगाउँछः सृष्टिकर्त्ताको निम्ति भय, हराएकाहरूका निम्ति दया, दुष्टताको निम्ति घृणा, परमप्रभुको आगमनको प्रतिज्ञा इत्यादि । दुःखपूर्वक कहिलेकाहीं ख्रीष्टलाई पछ्याउँछु भन्नेहरू सामान्यरूपमा ख्रीष्टियानिटी "राम्रो धर्मको अनुभव" को रूपमा सोच्दछन् । धेरै मानिसहरूका बिचमा "भावना पहिला,


ज्ञान पछि" भन्ने सोचाइ छन् । बालका अगमवक्ताहरूजस्तै, तिनीहरू भावना र अनियन्त्रित उत्तेजनाको वरपर ठुलो स्वरले चिच्याए (१ राजा १८:२०–४०) । मानिसले देख्ने गरी फरिसीहरूले प्रार्थना र उपकारका कामहरू गरे (मत्ती ६:१–८) । विश्वासद्धारा बलिदान गर्नुको सट्टा कयिनले स्वीकार अयोग्य बलिदान चढाए (उत्पति ४:४–५; हिब्रू ११:४; रोमी १०:१७) । त्यस्ता मानिसहरूका निम्ति ख्रीष्टियानिटीको कुनेढुंगा ख्रीष्टको सट्टा भावना (एफिसी २:२:) र तथ्यहरू मात्र हुन् । पवित्र आत्माले प्रकट गर्नुभएका सत्यताहरू नजानिकन (यूहन्ना १६:१३) तिनीहरू "आत्मिक" हुन सक्छन् भनी ठान्छन् ।

विश्वासयोग्य ख्रीष्टियानहरूका भावनाले बाइबलीय तथ्यहरूलाई पछ्याउँछन् भनी धर्मशास्त्रले सिकाउँछन् । इस्रायलीहरूमा *"परमेश्वरको निम्ति जोस थिए, तर ती ज्ञान अनुसार थिएनन्"* (रोमी १०:२), परमप्रभुको निम्ति हाम्रो उत्साह उहाँको वचनको ज्ञानमा जरा गाडेको हुनुपर्छ । ख्रीष्टियान हुनुभन्दा अगाडी हाम्रो हृदय सुसमाचारको सुनाईद्धारा सही तरीकाले छियाछिया भएको हुनुपर्छ (प्रेरित २:१४–३७) । *"सत्यताको ज्ञानमा आएपछि"* (१ तिमोथी २:४) र *"हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण"* (याकूब १:२१) गरेपछि हाम्रो उद्धार हुन्छ । परमेश्वरको वचनलाई ध्यान दिँदा हामी शुद्ध भई सान्त्वना पाउन सक्छौं (भजनसंग्रह ११९:९, ५०–५२) । वचनलाई ग्रहण गरिसकेपछि हामी हाम्रो मार्गमा आनन्द भएर जान सक्छौं (प्रेरित ८:२६–३९) । परमेश्वरका धार्मिक इन्साफहरूको ज्ञान भएपछि हामी परमेश्वरलाई सोझो मनले प्रशंसा गर्न सक्छौं (भजनसंग्रह ११९:७) । सत्यता थाहा भएपछि हामी परमेश्वरलाई आत्मामा आराधना गर्छौं (यूहन्ना ४:२४; १७:१७) । *"आत्माको तरवार, जुन परमेश्वरको वचन हो"* (एफिसी ६:१७) यसलाई समातेर "आत्माका फलहरू" फलाएर (गलाती ५:१६–६:१) हामी आत्मिकी हुन सक्छौं ।

के हामीले परमेश्वरलाई नियमितरूपमा आराधना गर्नुपर्छ? निश्चय नै गर्नुपर्छ । के हामी असल कामको निम्ति जोसिलो हुनुपर्छ (तीतस २:१४) । अवश्य नै हुनुपर्छ । के आत्मा बचाउने येशू ख्रीष्टको सन्देशले लगातार हाम्रो आत्मालाई हलचल गराउनुपर्छ? साँच्ची नै गर्नुपर्छ । तर कच्चा मानविय भावनाहरूमा कहिल्यै पनि ख्रीष्टियानिटीले जरा गाडेनन् । ख्रीष्टियानिटी उत्तेजना समानको छैन् । विश्वास केवल भावनामात्र होइन् । ख्रीष्टियानिटीले परमेश्वरको वचनमा जरा गाडिएको छ । हाम्रो उद्धार, आत्मिकता, आराधना, कार्य, र परमेश्वरप्रतिको सम्पूर्ण विश्वासयोग्यताहरू परमेश्वरको इच्छा थाहा पाउनुमा निर्भर हुन्छ । याद गर्नुहोस्, *"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ"* (रोमी १०:१७) ।

❀





(बाल संगतीमा शिक्षक र बिद्यार्थी)

शिक्षकः आज तिमी किन ढिला आएको?

बिद्यार्थीः सर, बुबा आमा झगडा गर्दै हुनुहुन्थ्यो त्यसैले ढिला भयो ।

शिक्षकः अनि तिमी किन त्यही बसिरहेको त?

बिद्यार्थीः न बसेर के गर्नु त सर, बाल संगतीमा आउँदा लगाउने एउटा जुत्ता बुबाले र अर्को जुत्ता आमाले लिइराख्नु भएको थियो ।

.............................

(बाल संगतीमा बिद्यार्थीलाई कराउँदै शिक्षक)

शिक्षकः तिमीले मेरो टाउको दुखाई सक्यौ, पछि तिम्रो बुबालाई बोलाउ, बुझ्यौ ।

बिद्यार्थीः सर, मेरो बुबालाई भन्दा मेरो आमालाई बोलाउन पाए बेस हुन्थ्यो?

शिक्षकः आमालाई किन र?

बिद्यार्थीः किनकि मेरो आमा डाक्टर हुनुहुन्छ ।

.............................

आमाः छोरा, आज बाल संगतीमा केही बदमास त गरिनस्?

छोराः गरिन आमा, कान समातेर मण्डलीको कुनामा उभिमात्र

आइतबारको बालसंगतीमा होशियारका साथ आदम र हब्बाको कथा सुनाएको थियो । कथा सुनाई सकेपछि बालबालिकाहरूलाई कथा अनुसारको केही चित्रहरू बनाउने काम दिए । एक जना बच्चाले कारमा तीनजना मानिसहरू भएको चित्र बनाए । अगाडी एक जना मानिस बसेको थियो भने पछाडी अर्को एकजना पुरूष र स्त्री बसेका थिए । आदम हब्बासितको यो उदाहरण बुझ्न शिक्षकलाई गाह्रो पर्‍यो । त्यसपछि त्यो बच्चाले भन्न थाले, "अगाडी कार चलाउने ब्यक्ति परमेश्वर हुनुहुन्थ्यो र पछाडी बस्ने ब्यक्तिहरू आदम र हब्बा थियो । परमेश्वरले तिनीहरूलाई अदनको बगैंचामा कारमा बसाएर घुमाइरहनु भएको थियो ।

.................

प्रचारकः पावल आज तपाई किन संगतीमा ढिला आउनुभयो?

पावलः आज बाटोमा मेरो पुरानो साथीलाई भोट्यो त्यो त चुम्बक जस्तै छ । त्यसैले आज ढिला भयो ।

प्रचारकः ऊ चुम्बक त थियो तर तपाई किन फलाम बन्नुभयो त?

.....................

आमाः छोरा आज तेरो आँखा किन रातो छ नि?

छोराः के गर्ने आमा आज बाल संगतिमा राम्रोसँग सुत्नै पाएनन् ।

# अझै सानो आवाज

*रानी तिमोटी*



मानिसहरूले तपाईलाई हृदयमा प्रहार गर्ला । तपाईको मन मोडिन्छ र परिवर्तन हुनुपर्छ भन्ने तपाई जान्नुहुन्छ । तपाईलाई चुनौती दिएको छ, रीस उठाउने बनाएको छ र रीसले पीडा भएको छ । परीक्षा, नैतिक दोधारहरू र पीडा दायक रोजाइहरूसित तपाईका परिस्थितिहरू बाँधिएका छन् । तपाईले तिनीहरूलाई इन्कार गर्न, छल्न, त्याग्न सक्नुहुन्छ, तर तिनीहरू अझै त्यहाँ लुकिरहेका छन् र तिनीहरूसित सामना गर्न माग गरेको छ ।

अन्तस्करण प्रश्नहरू बाइबलबाट आउनुपर्छ । त्यसले तपाईलाई स्मरण गराँउछ कि परमेश्वर को हुनुहुन्छ र हामी को हौं! परमेश्वरसँग तपाईको सम्वन्ध कस्तो छ? प्रतिबिम्बको निम्ति यहाँ केही धर्मशास्त्रहरूका पदहरू छन्ः-

**उत्पति ४:७–** डाही, तितोपना र हत्या गर्ने सम्वन्धमा परमेश्वर कयिनसँग बोल्नुभयो, *"यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र? तर यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ । त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ ।"*

**उत्पति ३९:९–** *"त्यस घरमा मभन्दा ठूलो कोही छैन । उहाँले तपाईबाहेक सबै कुरा मलाई दिनुभएको छ, किनभने तपाई उहाँकी पत्नी हुनुहुन्छ । तब कसरी यस्तो घोर दुष्ट काम गरेर परमेश्वरको विरूद्धमा मैले पाप गर्नु?"* व्यभिचारप्रतिको परीक्षाबारे योसेफले पोतिफरको पत्नीलाई यस्तो जवाफ थियो ।

**उत्पति ५०:१९,२०–** आफ्ना दाजुहरूप्रति योसेफले क्षमा प्रर्दशन गऱ्यो । *"तर योसेफले उनीहरूलाई भने, नडराओ, के म परमेश्वरको स्थानमा छु र? तिमीहरूले मेरो विरूद्धमा हानि गर्ने विचार गरेका थियौं, तर परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो, ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरू बाँचिरहून ।"*

**उत्पति ४:१४–** विश्वासको परीक्षामा मोर्दकैले आफ्नी भतिजीसँग बोल्नुभयो, *"यस्तो बेलामा तिमी चूप लागी बस्यौं भने यहूदीहरूका निम्ति सहायता र छुटकारा अरूद्वारै आउनेछ । तर तिमी र तिम्रा पिताको घरानाचाहिँ नष्ट हुनेछन् । शायद यस्तै समयको निम्ति नै तिमी यो राजपदमा पुगेकी हौ कि?"*

# ख्रीष्टियान जीवन

*नील रिच्ची*



प्रभु येशूले भन्नुभयो, *"यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्"* (मत्ती ५:१६) । मैले भन्न सक्ने सबैभन्दा उत्तम कुरा यही हो कि यसका कुनै सीमितता छैनन् ।

अर्को शब्दमा, मण्डलीका विश्वासीहरू माझ होस् वा आइतबारको सेवामा होस् वा मण्डली भवन बाहिर होस् असल उदाहरणको रूपमा चम्कनको निम्ति कुनै प्रतिबन्ध छैनन् । साँच्चै भन्नुपर्दा सबैभन्दा महत्वपूर्ण कुरा हाम्रा ज्योतिहरू घरमा, काममा, विद्यालयमा, र सामाजिक संचारका माध्यमहरूमा पनि चम्कनुपर्छ । साँचो ख्रीष्टियानिटी आफैमा, जताततै, हरेक समयमा उज्जवल हुन्छन् ।

प्रश्नः के तपाई ख्रीष्टियान हुनुहुन्छ भनी मानिसहरूलाई थाहा छ? तिनीहरूले तपाईलाई सोध्नुपर्दैनन् । तिनीहरू आफ्नो निम्ति आफैं साक्षी हुनेछन् ।

विलियम बार्क यसरी लेख्दछः "वेटरसँग खान मगाउने काम गर्दा वा काउन्टर पछाडीको पसलमा सहयोग गर्ने मानिसलाई ब्यवहार गर्ने तरीकामा हाम्रो ख्रीष्टियानिटीले फरक देखाउनुपर्छ । हाम्रा ख्रीष्टियानिटीले हाम्रा काममा विवेकी, सार्वजनिकरूपमा सेवा गर्दा शिष्टताचार, र हामी जिउने हाम्रा आफ्नै घरहरूका सोचविचारहरूमा फरक पार्नुपर्छ ।"


ख्रीष्टियानिटी पूर्णकालिन काम हो । यो आइतबारको दिनमा मात्र समय बिताउने अभ्यास होइन् । यसले हाम्रा हरेक दिनको उत्कृष्ट ब्यवहारको माग गर्छ ।

जोर्ज बेली भन्दछः "उदाहरणभन्दा अरू कुनै संक्रामक छैनन् ।" तपाईले कस्तो प्रकारको उदाहरण दिदै हुनुहुन्छ? यो संक्रामक छ । अरू मानिसहरूले तपाईबाट के कुरा सिक्दैछन्?

❁

# के ले परमेश्वरको सेवक बनाउँछ?

*बब प्लन्केट*



के कुराले परमेश्वरको सेवक बनाउँछ भन्ने प्रश्नको जवाफ धेरै हुन सक्छन्, जसमा सेवक हुनको निम्ति चाहिने अनेक गुणहरूका बारेमा छलफल गर्न सकिन्छ । तर यहाँ शमूएलको उदाहरणबाट सेवकको पाठ लिएको छ ।

**(१) प्रायजसो सेवक महान अभिभावकहरूबाट शुरूवाट हुन्छ ।**

हन्ना र एल्काना शामूएलका बुबा-आमा थिए । हन्ना बाँझी थिइन् र उनले बच्चा जन्माउन सकिन । परमप्रभुले उनलाई एउटा छोरा दिनुभएको होस् भनी उनले निरन्तर प्रार्थना गरिन् । उनले भनिन्, *"यदि तपाईंले मलाई बालक दिनुभयो भने, म त्यसलाई तपाईंमा समर्पण गर्नेछु"* (१ शमूएल १:११) । एकदिन उनी गर्भवती भइन् र त्यसपछि उनको एउटा छोरा भयो । उनले वाचालाई कायम राखिन् । जब तिनले बालकलाई दुध छोडाइन्, उनले त्यसलाई परमेश्वरको भवनमा लगिन् र उनलाई तालिम दिन र सिकाउन एलीको हातमा सुम्पिदियो । उनले शामूएललाई निकै माया गर्थिन् र एउटा सानो कुर्ता बनाएर त्यो उनलाई लगिदिन्थिन् । यदि हाम्रा बालबच्चाहरूले परमेश्वरलाई प्रेम र सेवा गर्न चाहन्छौं भने हामीले

तिनीहरूलाई सानो उमेरदेखि नै उहाँको भवनमा लिएर जानैपर्छ (१ शमूएल १:११; २:१९) ।

**(२) सेवकले परमेश्वरको बोलावटलाई जवाफ दिन्छ ।**
परमप्रभुले शमूएललाई बोलाउनु हुँदा उनले यसो भने, *"भन्नुहोस्, तपाईंको दास सुन्दैछ"* (१ शमूएल ३:१०) । आज पनि धेरै मानिसहरूले यस्तै भन्नुपर्छ, "भन्नुहोस्, प्रभु, तपाईंको दास सुन्दैछ ।"

**(३) सेवक परमप्रभुको सत्यतामा विश्वासयोग्य हुन्छ ।**
एलीका छोराहरू दुष्ट भएको हुनाले परमेश्वरले उनी र उनका छोराहरूलाई हटाउँदै हुनुहुन्छ भन्ने कुरा शमूएलले बृद्ध एलीलाई भन्नु थियो, जसले उनलाई प्रेम गरी हुर्काएको थियो । कसैलाई मन परेका कुराहरू जुन अरूले सुन्न चाहदैनन् ती कुरा मानिसहरूलाई भन्नको लागि साहस चाहिन्छ । पछि उनले राष्ट्रलाई भन्नेछन्, *"यदि तिमीहरू आफ्ना पूरा मनले परमप्रभुतिर फर्कदछौ भने तिमीहरूका माझबाट पराई देवताहरू र अश्तोरेत देवताहरूलाई निकालिदेओ"* (१ शमूएल ७:३,४) । उनले १३ अध्यायमा इस्रायलका नयाँ राजालाई गाली गर्नु भयो (१ शमूएल १३:१३,१४) ।

**(४) सेवकले आफ्नो प्रतिस्थापनमा अभिषेक र चुम्वन गर्न सक्छ ।**
इस्रायलले उनलाई त्यागेको थियो भनी शमूएललाई निकै पीडा भएको थियो । तर परमेश्वरले उनलाई भन्नुभयो, *"तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, तिमीलाई होइन्"* (१ शमूएल ८:७; १ शमूएल १०:१) । परमेश्वरको महान सेवकले महसुस गऱ्यो कि परमेश्वरको काम एकजना मानिसभन्दा निकै ठुलो हुन्कछ । उनले आफुलाई भन्दा परमेश्वरको कामलाई प्रेम गर्छ ।

**(५) सेवकले कहिले र कसरी बिदाइ गर्ने भन्ने कुरा जान्दछ ।**
१२ अध्यायमा शमूएलले भन्यो, *"मचाहिँ बृद्ध भएको छु, र मेरो कपाल फुलिसकेको छ । कसको गधा र गोरू मैले लिएको छु? मैले कसलाई ठगेको छु? मैले कसमाथि अत्याचार गरे? मानिसहरूले भने, "कसैको पनि छैन्"* (१ शमूएल १२:१-४) । उनी विश्वासयोग्य थिए ।

शमूएल अग्लो, सुन्दर, प्रख्यात, बलियो र चलाख थियो भनी कहिँ पनि भनेको छैन् । तर त्यो भन्दा पनि उनी विश्वासयोग्य र इमान्दार थिए । हामी पनि त्यस्तै हुन सक्छौं । १ शमूएल १-१३ अध्यायहरूलाई होशियारकासाथ पुनः अध्ययन गर्नुहोस् ।

# कहिले आफ्नो मुखलाई बन्द गर्ने?

*इन्टरनेट*

**यो अवस्थामा तपाईले आफ्नो मुख नखोल्नुहोस्ः**



(१) धेरै रिसाएको बेलामा (हितोपदेश १४:१७) ।
(२) तपाईसँग सबै तथ्यहरू छैनन् भने (हितोपदेश १८:१३) ।
(३) तपाईले कथालाई प्रमाणित गर्न सक्दैनौ भने (व्यवस्था १७:६) ।
(४) तपाईका वचनहरू परमप्रभु, तपाईको परिवार र मित्रहरूका निम्ति खराब प्रतिबिम्बित हुन्छन् भने (१ पत्रुस १:२२,२३) ।
(५) जब तपाईको वचनले कमजोर भाइको अपमान हुन्छ (१ कोरिन्थी ८:११) ।
(६) पापको ठट्टा गर्दै जब तपाई परीक्षामा पर्नु हुन्छ (हितोपदेश १४:९) ।
(७) पछि तपाई आफ्नो वचनबाट लजाउनुहुनेछ (हितोपदेश ८:८) ।
(८) तपाईले पवित्र चीजहरूलाई हलुका बनाउन परीक्षामा पार्नुहुन्छ (उपदेशक ५:२)
(९) तपाईको वचनले गलत प्रभावको अभिन्यक्त गर्दछ भने (हितोपदेश १७:२७) ।
(१०) त्यो विषय बस्तु तपाईको होइन् भने (हितोपदेश १४:१०) ।
(११) कुवाक्य र भ्रष्ट कुराकानीमा (हितोपदेश ४:२४) ।
(१२) तपाईको बोलीले कसैको प्रतिष्ठामा हानी पुग्दछ भने (हितोपदेश १६:२७)
(१३) तपाईको बोलीले मित्रता तोडिन्छ भने (हितोपदेश २५:२८) ।
(१४) तपाई आलोचना महसुस गर्दै हुनुहुन्छ भने (याकूब ३:९) ।
(१५) तपाई चिच्याएर बोल्न सक्नुहुन्न् भने (हितोपदेश १८:२१) ।
(१६) अरूको कुरा सुन्ने समयमा (हितोपदेश १३:१) ।
(१७) पछि आफ्नै वचन खाने हो भने (हितोपदेश १८:२१) ।
(१८) तपाईले एक पल्ट भन्दा पहिले नै बोलिसक्नु भएको छ भने (हितोपदेश १९:१३) ।
(१९) तपाईले दुष्ट मानिसको चापलुसी गरी परीक्षामा पर्नुहुन्छ भने (हितोपदेश २४:२४) ।
(२०) बोल्नुको सट्टा काम गर्नुपर्ने अवस्थामा (हितोपदेश १४:२३) ।

**"आफ्नो मुख र जिब्रो सम्भाल्नेले आफूलाई आपद्-विपदबाट जोगाँउछ ।"**
**(हितोपदेश २१:२३)**

❀

# जसले नम्रतालाई विनाश गर्छ ।

*भ्यान्स हटन*



परमेश्वरले आफ्ना जनहरूलाई नम्रताको निम्ति बोलाउनुहुन्छ । हाम्रो सिद्ध उदाहरण येशू ख्रीष्ट नम्र हुनुहुन्थ्यो । क्रूसको मृत्युसम्मै उहाँले आफैलाई नम्र बनाउनुभयो भनी फिलिप्पी २:५-८ मा पावल लेख्दछ । उहाँ विनम्र र कोमल हृदयको हुनुहुन्छ भनी मत्ती ११:२९ मा येशूले आफ्नैबारे पुष्टि गर्नुभयो, *"मेरो जुवा आफूमाथि लेओ, । मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।"* यही गुणमा हामीले हाम्रा प्रभुलाई पछ्याउनुपर्छ । विनम्रताको आवश्यकता छ भनी मीका भन्दछ, *"ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नू"* (मीका ६:८) ।

विनम्र स्वभावको निम्ति नयाँ नियमका अरू पदहरूले हामीलाई सिकाउँछ । हामी सबैमा विनम्रताको विशेषता हुनुपर्छ भनी फिलिप्पी २:३ ले भन्दछः *"स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान"* (फिलिप्पी २:३) । परमप्रभुको दृष्टिमा हामी आफैले आफैलाई विनम्र तुल्याऔं र परमप्रभुले हामीलाई माथि उचाल्नुहुनेछ भन्ने विश्वासयोग्य प्रतिज्ञाको बारेमा भन्दछः *"प्रभुको सामने आफूलाई विनम्र तुल्याओ, र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ"* (याकूब ४:१०) । परमेश्वरले अहङ्कारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ र नम्रताको वस्त्र धारण गर्न हामीलाई बोलाउँदछ भनी १ पत्रुस ५:५ ले सिकाउँदछ । ठीक समयमा नम्रहरूलाई उचाल्नुहुन्छ । विनम्रता नयाँ मानिसको एउटा हिस्सा हो जो ख्रीष्टियान भएपछि धारण गर्दछः *"यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर"* (कलस्सी ३:१२) । परमेश्वरका सन्तानलाई सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर बस भनी एफिसी ४:२ ले भन्दछ । के हाम्रो हृदय र विचारमा हामी विनम्र, दीन र शिष्ट छौं? हाम्रो जीवनमा विनम्रतालाई विनाश गर्ने या रोकावट गर्ने तीनवटा कुराहरूलाई हेरौं । नम्रताको

महत्वलाई महसुस गर्दै, यी कुराहरूलाई इन्कार गर्नुपर्छ ताकि यसले घातक महामारी फैलाउँछ । यो स्व-धार्मिताकाको अनुभव, आत्म-पर्याप्तको अनुभव, र आत्म सन्तुष्टिको अनुभव हुन् ।

**(१) स्व-धार्मिकताको अनुभवः**

येशूले कुनै फरिसीको बारेमा दृष्टान्त भन्नुभयो कि त्यो धर्मी थियो भनी आफुमा भरोसा राख्दथे । स्व-धार्मिकताको भावनाले कुनै पनि नम्रतालाई नष्ट गर्दछ । पापप्रति घमण्ड स्वभाव हुनु कस्तो दुःखलाग्दो कुरा हो । परमप्रभुविना जसले आफुभित्र आफैलाई धर्मीको रूपमा देख्दछ, त्यो सबैभन्दा दयनीय कुरा हो । केवल परमप्रभुबाट नै हामी धर्मी हुन्छौं भन्ने कुरा कहिल्यै पनि नबिर्सौः *"परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता, पवित्रता र हाम्रा उद्धार बनाउनुभयो । यसैले लेखिएको छ, गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्"* (१ कोरिन्थी १:३०,३१) ।

**(२) आत्म-पर्याप्ताको अनुभवः**

परमेश्वरले हामीलाई सबै कुरा दिनुभएको छ । उहाँले सबै कुरामा आशिष दिनुभयो र दिनुहुनेछ भन्ने कुरा जसले बिर्सिन्छ त्यो ब्यक्ति नम्र हुन सक्दैन् । परमेश्वरले जीवन, सास र सबै कुरा दिनुहुन्छ । हामी उहाँमा जिउँछौं, हलचल गर्छौं र हामी अस्तित्व हुनुको कारण छ । लूका १२ मा धनी किसान त्यो ब्यक्ति हो जसले आत्म-पर्याप्ताको अनुभव गऱ्यो । उनले परमेश्वरको आवश्यकता देखेनन् र उहाँमा कुनै ऋणी भएको अनुभव गरेनन् । यस्तो अनुभवबाट कोही पनि विनम्र हुन सक्दैनन् ।

**(३) आत्म-सन्तुष्टिको अनुभवः**

नम्र उदाहरण भएको ब्यक्ति पावल थियो । उनले आफुलाई अरू प्रेरित र सन्तहरूभन्दा साना, र पापीहरूमध्ये सबैभन्दा मुख्य पापी हुँ भनेको छ । उनी साँच्ची नै विनम्र थियो । पावल आफैमा सन्तुष्टि थिएनन् । पावलले विगतमा हासिल गरेका सबै कुराहरूलाई बिर्सेका छन् र ख्रीष्ट येशूमा परमेश्वरको उच्च बोलावटको निसानातर्फ जोडसँग लम्कँदै छन् भनी फिलिप्पी ३:१२-१४ ले बताउँदछ । परमप्रभुको निम्ति धेरै कुरा गर्न सक्छौं भन्ने कुरा हामी महसुस गरौं ।

यी कुराहरूले विनम्रतालाई विनाश गर्छ । स्वर्गको राज्यमा हामी विनम्र भएर प्रवेश गर्नुपर्छ र महान हुनुपर्छः *"साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ"* (मत्ती १८:३) ।

❀

# सबै कुराको बाबजुद

*भ्यान्स हटन*

"जे होस्" भन्ने शब्द चाखलाग्दो छ । यो शब्दको अर्थ "यसको बाबजुद" वा "यद्यपी" भन्ने लाग्छ । यो शब्दले हाम्रो जीवनमा केही शान्तपूर्वक प्रेरणादायी मार्ग बनाउँछ । यो शब्दले कहिलेकाहिँ केही कुराहरू नक्कल गर्ने र केही चिजहरू ताढा राख्ने अर्थ लगाउँछ । आउनुहोस्, नयाँ नियमका तीनवटा कुराहरूलाई हेरौं जहाँ यो विचारलाई चित्रण गरेको छ ।

**(१) हाम्रो इच्छाको बाबजुद पनि हामीले परमेश्वरको इच्छालाई रोज्नुपर्छ ।** बाइबलको उदाहरणलाई हेरौं । *"किनकि यसैको निम्ति तिमीहरू बोलाएका हौं । ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ"* (१ पत्रुस २:२१) । *"हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस् । तर मेरो इच्छा होइन्, तपाईंकै इच्छा पूरा होस्" भन्ने वचन* लूका २२:४२ मा पढ्छौं । उहाँको भोजन भनेको परमेश्वरको इच्छा अनुसारको काम गर्नु थियो । उहाँले जहिले पनि आफ्नो पितालाई प्रसन्न पार्ने कामहरू गर्नुभयो । स्वर्ग जानको निम्ति हामीले पिताको इच्छा अनुसारको काम गर्नैपर्छ भनी परमप्रभुले हामीलाई सिकाउनुहुन्छ । यदि हामीले उहाँको इच्छालाई पुरा गर्छौं भने हाम्रो निम्ति प्रतिज्ञा पर्खिरहेको छ । जसले पिताको इच्छा अनुसारको काम गर्दछ उ सधैंभरी जिउँछ । कहिलेकाहिँ हाम्रा इच्छाहरू परमप्रभुको इच्छा विपरित हुन्छन् । हाम्रा अभिलाषा र इच्छाहरूका बारेमा एफिसी २:३ मा उल्लेख गरेको छ । यी कुराहरू हाम्रो जीवनमा परमप्रभुका इच्छासित मिल्दैनन् । यसलाई शरीरका अभिलाषा, आँखाका अभिलाषा, र जीवनका घमण्ड भनियोः *"किनकि संसारमा भएका सबै थोक, अर्थात शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्"* (१ यूहन्ना २:१६) । शैतानले हामीलाई परमप्रभुको मार्ग विरूद्ध लिएर जान खोज्छ । हाम्रा इच्छा र शैतानका परीक्षाहरूका बाबजुद पनि हामी परमेश्वर र उहाँका मार्गलाई रोजौं । पत्रुसले रातभरी जाल हानेर पनि केही पाएनन् र पनि परमप्रभुले तिनलाई माछा पक्रनलाई जान हान भन्नुभयो । पत्रुसले त्यो भनाइको बुद्धिमाथि प्रश्न गरे तापनि तपाईको वचन अनुसार म जाल हान्नेछु भनी भन्यो । जब उनले त्यसै गरे तब आशिष पाए । यसकारण आउनुहोस् हाम्रो जीवनको

बाँकी समय यही शरीरमा परमेश्वरको इच्छा अनुसार गर्न दिऔं । जहिले पनि हामी यसको बुद्धिलाई नदेखौला, तर हामी देखेको कुरामा होइन तर नदेखेको कुरामा विश्वास गरी हिड्छौं । परमेश्वरको बुद्धि र ज्ञानमा महान गहिराइ छन् । जसरी पृथ्वीभन्दा स्वर्ग उच्च छ, त्यसरी नै उहाँका मार्गहरू हाम्रा मार्गहरूभन्दा निकै उच्च छन् ।

**२) धेरै असल लक्षणहरूका बाबजुद पनि केही महत्वपूर्ण कुराहरू अभाव हुन सक्छन् ।**
प्रकाश २:२,३ मा परमप्रभुले एफिसस मण्डलीबारे धेरै असल कुराहरू उल्लेख गर्नुभयो । अझै उहाँले ४ पदमा भन्नुभयो कि तिम्रा विरूद्धमा मसित यो कुरा छ, कि तिमीले पहिलो प्रेम त्यागिदिएका छौ । यूहन्ना १२:४२,४३ मा असल गुणका केही नियमहरू छन् । तापनि तिनीहरूलाई सभाघरबाट निकालिदिन्छ भन्ने डरले गर्दा तिनीहरूले प्रभुलाई स्वीकार गरेनन् । मत्ती १९ अध्यायमा जवान धनी शासकसँग धेरै असल गुणहरू थिए जो येशूकहाँ आएको थियो । तर उनमा एउटा ठूलो गुणको अभाव थियो । के हामीमा एउटा वा धेरै कुराको अभाव छन् जसले हाम्रो आत्माको निम्ति मूल्य चुकाउनु पर्छ? कोही कर्नेलियस जस्तो असल मानिस होला जसले अहिले सम्म सुसमाचारलाई पालना नगरेको होलान् ।

**(३) कठिन र सतावटको बाबजुद पनि हामी विश्वासयोग्य हुन सक्छौं ।**
सतावटको बाबजुद पनि पावल लजाएको थिएन् । उनमा ख्रीष्ट जिउनुहुन्थ्यो । *"म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफैंलाई अर्पण गर्नुभयो"* (गलाती २:२०) । १ कोरिन्थी ४:११ लाई पढ्दा हामी देख्छौं कि उनी सबै कुरा भएर जानुभयो तापनि अझै उनी विश्वासयोग्य थियो । आउनुहोस्, परमेश्वरको हातको पवित्रताको बाबजुद पनि हामी विश्वासयोग्य भएर धार्मिकताका शान्तिमय फलहरू फलाऔं । त्यसलाई थामिराखौं ताकि ख्रीष्टद्वारा भएर आत्माको अनन्त इनाममा सहभागी होऔं ।

तपाई र उहाँको इच्छा, गुणहरू र विश्वसनियताविच कुनै कुराहरूलाई आउन अनुमति नदिनुहोस् ।

❀

# तपाईंको परिवारले के गरिरहनुभएको छ?

*जोन जिपसन*

परिवार भविष्यको कोक्रो र संरक्षक हो ।



एक जना प्रख्यात मनोवैज्ञानिकले बच्चाहरू हुर्कने स्थानको रूपमा परिवारलाई परिभाषित गऱ्यो, जहाँ तिनीहरूः अज्ञानतादेखि ज्ञानतर्फ, गैर जिम्मेवारीदेखि जिम्मेवारीसम्म, मौखिक अलगदेखि संचारसम्म, यौन अपरिपक्वतादेखि परिपक्वतासम्म, अहंकारितादेखि अरूप्रति रूची राख्नेसम्म, विशेष दृश्यदेखि सम्पूर्ण दृश्यसम्म बढ्छन् ।

परिवार महत्वपूर्ण छैनन् भनी यदि तपाई सोच्नुहुन्छ भने, किन बाइबलले पतीहरू, बुबाहरू, पत्नीहरू, आमाहरू र सन्तनाहरूबारे यति धेरै भन्दछ?

अर्को हातमा विरामी परिवारहरूले छरेका बालीनालीहरू हामी फसल गर्दैछौं । प्रेमको अभावले गर्दा केटा केटीहरूलाई नसिकाएका, हौसला नदिएका, नसच्चाएका, अनुशासन नभएका वा सल्लाह नदिएका कुराहरू उत्पन्न हुन्छन् । जसको परिणामबाट यस्तो अस्वस्थ पारिवारिक जीवनले हाम्रा विद्यालयहरूमा, हामीले काम गर्ने ठाउँहरूमा, हाम्रा मण्डलीहरूमा र हाम्रा समाजमा हानि पुऱ्याउँछ ।

विद्यार्थीहरूले विद्यालयमा कुनै हातहतियारहरू लिएर आएका छन् कि भनेर हामीले पर्दामा धातु पत्ता लगाउने उपकरणहरू जडान गर्छौं; नियम तोड्नेहरूलाई समायोजित गर्न हामी नयाँ कारागारहरू बनाउँछौं; लागुपदार्थ दुर्व्यशनीमा परेकाहरूका निम्ति हामी लागुपदार्थ पुर्नस्थापना कार्यक्रमहरू चलाउँछौं; नशाले मातेर गाडी चलाउनेहरूका निम्ति नयाँ नियमहरू लागु गर्छौं; लागु औषधीलाई वैध गराउने कुरामा हामी विचार गर्दैछौं; गर्भपतनलाई अपराधको रूपमा मान्छौं; सुरक्षित यौनको प्रचार गर्छौं; एड्सको उपचारको खोजी गर्छौं; र यस्तै अरू कथाहरू धेरै छन् ।

हाम्रा परिवारहरूलाई हामीले पुनः एक नगरेसम्म हाम्रो समस्याहरूका समाधान हुँदैनन् ।

❀

# विवाहलाई जोगाउँदै

*डेल ग्रिसम*

संसारको बढ्दो प्रभावले गर्दा मण्डलीमा पनि ख्रीष्टियानहरुविच सम्वन्ध विच्छेद बढिरहेका छन् । कहिलेकाहिँ हाम्रो जीवन अनियन्त्रित भएर गएको देखिन्छ । एउटा/दुईवटा वैवाहिक संगी त्यो विन्दुमा पुग्छ जहाँ तिनीहरूको आपसी समस्याको सामना गर्न निकै कठिन हुन्छ । कुराकानीका रेखाहरू बन्द हुन्छ, चोट नपुऱ्याईकन र गलत नबुझिकन तिनीहरू एकले अर्कासँग कुरा गर्दैनन् । वास्तवमै, यो विन्दुसम्म आइपुग्दा घमण्ड र जिद्दीले स्थान लिएको हुन्छ । त्यस्तो दम्पतिलाई सहायताको आवश्यकता पर्दछ ।

दुवै साझेदारहरुविच वास्तवमै विवाहले काम गर्न चाहन्छन् । तिनीहरूले आफ्नो बाटोमा आएका घमण्ड र हठीलाई ताढा राख्ने चाहना गर्दछन् भने प्रायजसोका विवाह सुरक्षित हुन्छन् । यदि दुवैजना सहमति हुन्छन् भने ख्रीष्टियान परामर्ष निकै नै लाभदायक हुन्छ । यसको प्रमुख लक्ष्य भनेको तिनीहरूका विवाहलाई बचाउनु हो ।

वैवाहिक जोडीहरू परमप्रभुबाट ताढा हुँदै जान्छन् भने ख्रीष्टियान विवाह समस्या पर्छन् । कहिलेकाहिँ तिनीहरूले आराधना संगतीलाई बेवास्ता गर्न थाल्छन्, तिनीहरूको व्यक्तिगत जीवनमा प्रार्थना गर्ने, बाइबल अध्ययन गर्ने र आत्मिक चिन्तन मननमा बेवास्ता गर्छन । बेवास्ताले पापको ढोका खुल्ला गर्छ । जब पाप प्रवेश गर्छ, त्यसले चोट र पीडा ल्याउँछ । तिनीहरूका सोचाइहरूमा बादल लागेको हुन्छ । असल ख्रीष्टियानहरूको परामर्षविना तिनीहरूको आफ्नो दह्रिलो सम्वन्धलाई फर्काएर ल्याउन कठिन हुन्छ ।

परमप्रभुमा भरोसा गरेको छैनन् र उहाँमा आफ्ना बोझहरूलाई विछ्याएका छैनन् भने विवाहित जोडीलाई कुनै फाइदा हुँदैनन् । उहाँले हामीलाई आफ्नो वचनद्वारा मार्ग निर्देशित गर्नुहुन्छ । किनभने अहिलेसम्म लेखिएको सबैभन्दा महान पुस्तक बाइबल हो । यसबाट सबैभन्दा उत्तम मनोबैज्ञानिक पाठहरू संकलन गर्न सकिन्छ । असल विवाह संयोगले हुँदैन; तिनीहरू कठोर परीश्रमका परिणामहरू हुन् । पति र पत्नीहरूले घमण्ड र अहंकारलाई ताढा फाली विनम्रतालाई धारण गर्नुपर्छ, जसले एक अर्कालाई नरम जवाफ दिन सक्षम बनाउँछ । असल विवाह होस् भनी चाहना गर्नेहरूका निम्ति सुनौलो नियम अनिवार्य छ । *"तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर"* (मत्ती ७:१२) । वर्षहरू बित्दै जाँदा यसले हरेक विवाहलाई उत्तम बनाइदिन्छ ।

परमेश्वरको नजिक रहने निश्चय गर्नुहोस् । असल विवाह निमार्ण गर्नको निम्ति कठोर परिश्रम गर्नुहोस् । "एकैसाथ रहनुहोस् ।"

# *नियमहरुबारे चार सत्यताहरु*

*House to House - Heart to Heart*

**(१) मानिसले बनाएका नियमहरूका अधिनमा ख्रीष्टियानहरू बस्नु पर्दैनन् ।**

पावलले मानिसका आज्ञाहरूका विरूद्धमा चेतावनी दिन्छः *"नसमात, नचाख, नछोओ"* (कलस्सी २:२१-२२), त्यस्ता नियमहरूका बारेमा उनी भन्दछ, *"तिनीहरूले बुद्धिको स्वाँग त पार्छन, तर शरीरका अभिलाषालाई काबूमा ल्याउन यी कुराहरू कुनै मूल्यका हुँदैनन्"* (कलस्सी २:२३) ।

*"तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्"* भनी येशूले तिनीहरूलाई गाली गर्नुभयो । उहाँले कहिल्यै पनि परमेश्वरका नियमहरूलाई उलंघन गर्नु भएनन् । तर उहाँ पूर्खाहरूका परम्पराहरूलाई इन्कार गर्न आउनु भएको देखिन्छ (मत्ती १२:१-९; १५:२) ।

**(२) नियमहरू ख्रीष्टियानिटीको मूलवस्तु होइन् ।**

ख्रीष्टियानिटीको केन्द्र बिन्दु ख्रीष्ट हुनुहुन्छ । सुसमाचार असल सन्देश हो । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ । उहाँले आफ्नो पुत्र हाम्रो निम्ति दिनुभयो । ख्रीष्टले पापको मोल तिर्नुभयो, जुन हामी तिर्न सक्ने योग्यका थिएनौं । यहि नै ख्रीष्टियानिटीको सारतत्व हो । यसले सुसमाचार बनाउँछ ।

**(३) नियमहरू हाम्रो मुक्तिको आधार होइन् ।**

नियम पालनको आधारमा मुक्ति पाउने हो भने, कहिल्यै पनि नियमलाई उलंघन नगर्नु पर्ने हुन्छ । हामी परमेश्वरको नियमलाई उलंघन गर्छौं भने हामीले पाप गर्छौं । उद्धार पाउनको निम्ति पापी मानिसको पाप क्षमा हुनैपर्छ । केवल परमेश्वरले मात्र पाप क्षमा गर्न सक्नुहुन्छ ।

पाप क्षमा हुनको निम्ति न हामीले नियमहरू बनाउन सक्छौ न ता परमेश्वरले दिनुभएका नियमहरूलाई पुर्णरूपले पालना गरेर हामी पाप क्षमा कमाउन सक्छौ । हरेक समयमा ती नियमहरूलाई उलंघन् गर्यौं भने हामी आफैले आफैलाई पापको वशमा राखिरहेका हुन्छौं । *"किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ"* (याकूब २:१०) । वर्तमान समयमा हामीले ती नियमहरू पालना गर्दा अधिका पापको प्रायश्चित हुँदैनन् ।

परमेश्वरले हामीलाई यस्तो अवस्थाहरू दिनुभएको छ, जुन पाप क्षमाको निम्ति हामी त्यसमा पुग्नैपर्छ । तर ती अवस्थाहरूका पहुँचसम्म पुग्नु भनेको सबै नियमहरूको पालना गर्नु भन्ने अर्थ लाग्दैनन् । हामी परमेश्वरका सर्तहरूमा पुग्छौं

किनभने तिनीहरूलाई दिनुहुनेमाथि हामी भरोसा गर्छौं । हामी अनुग्रहद्धारा विश्वासबाट बचाइन्छौं । सबै नियमहरूलाई पालना गरेर हाम्रो उद्धार भयो भनी यदि हामी सोच्छौं भने, हामी आफ्नै बल, बुद्धिमा भरोसा गरिरहेका हुन्छौं । पूर्ण रूपमा पालना गर्न नसकेकोमा हामी दोषी हुन्छौ, जसरी लेखेको छ, *"धर्मी कोही छैन, एक जना पनि छैन"* (रोमी ३:१०) ।

**(४) परमेश्वरका नियमहरूलाई पालन गर्नुपर्छ ।**

शाही कानूनका नियमहरूमा *हत्या नगर्नू....व्यभिचार नगर्नू"* (याकूब २:८-११) भन्ने कुरा समावेश छन् । तिनीहरू स्वेच्छाका नियमहरू होइनन् । त्यो दिनुहुनेले हाम्रा उत्कृष्ट कुरा जान्नुहुन्छ र चाहनुहुन्छ । तिनीहरू हाम्रा लाभको निम्ति दिएका नियमहरू हुन् । दृढतापूर्वक जानाजानी नियम उलंघन गर्नेहरूलाई धर्मी होइन्, दोषी ठहऱ्याइन्छ ।

*"केवल हामीले जे प्राप्त गरिसकेका छौं, त्यसमा दह्रिला भइबसौं ।"*
*(फिलिप्पी ३:१६) ।*

❀


## मेरो सेवाकाई कहाँ छ?
**लुइस रश्मोर**

**मेरो सेवाकाई कहाँ छ? ख्रीष्टियानको रुपमा मेरो सेवाकाई कहाँ छ (मत्ती ५:१६)? के यो ताढा छ (मर्कूस १६:१५,१६) वा के मेरो नजिकै छ? (लूका १०:२५-३७)? बुबाको रुपमा मेरो सेवाकाई कहाँ छ (एफिसी ६:४)? पतिको रुपमा मेरो सेवाकाई कहाँ छ (एफिसी ५:२५)? प्रचारको रुपमा मेरो सेवाकाई कहाँ छ (प्रेरित २०:२७)?**

**महत्वपूर्णरुपमा विचार गर्दा मेरो सेवाकाई के हो? ख्रीष्टियानको रुपमा मेरो सेवाकाई के हो (एफिसी ५:८)? बुबाको रुपमा मेरो सेवाकाई के हो (व्यवस्था ६:७)? पतिको रुपमा मेरो सेवाकाई के हो (१ पत्रुस ३:७)? प्रचारको रुपमा मेरो सेवाकाई के हो (२ तिमोथी ४:२) ।**

**यसबाहेक, म कसको निम्ति सेवाकाई गर्दै छु (कलस्सी ३:२४)? के म आफैले आफैलाई खुशी तुल्याउने (गलाती १:१०)? वा के अरु कोही हुनुहुन्छ जसको पक्षमा म इच्छा गर्दछु (यूहन्ना १२:२६)?**

**निश्चय नै, येशू ख्रीष्टभन्दा अरु कुनै कारण छैनन् (२ कोरिन्थी १२:१०) । येशू ख्रीष्टको वरपर नै कसैको सेवाकाई र उहाँमा नै सबै सेवाकाई प्रकट भएर घुम्दछ (२ कोरिन्थी ४:५) ।**



# पाँच मिनेट बाइबल अध्ययन

## कृतज्ञता

(१) "....................दिनमा प्रशस्त हुँदै, तिमीहरुलाई.............दिएबमोजिम उहाँमा जरा गाडिएका र निमार्ण भएका......................दह्रिला भएका होओ (कलस्सी २:७) ।

(२) "कुनै कुरामा..............नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरुका.....................परमेश्वरमा जाहेर होऊन," (फिलिप्पी ४:६) ।

(३) "उहाँको...................द्धारहरुभित्र...................पस, र...............गर्दै उहाँको मन्दिरमा प्रवेश गर ।" (भजनसंग्रह १००:४) ।

(४) "उहाँको.........................................वरदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्" (२ कोरिन्थी ९:१५) ।

(५) "त्यसबेला येशूले भन्नुभयो, 'हे........, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईमा धन्यवाद चढाउँछु, किनकि तपाईले यी कुरा बुद्धिमान् र समझदारबाट ............................राख्नुभयो, तर...................ती प्रकट गर्नुभयो'" (मत्ती ११:२५) ।

(६) "उहाँको अदृश्य गुण, अर्थात उहाँको.........................................शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बाएका थोकहरुमा छलङ्ग ......................छ । यसैले यिनीहरुलाई कुनै किसिमको बहाना छैन । किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरुले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, नता........................नै चढाए, तर तिनीहरु आफ्ना विचारमा बेकम्मा भए र तिनीहरुको मूर्ख मन अझ अँध्यारो भयो (रोमी १:२०,२१) ।

(यसको उत्तर पछाडीको पानामा छ ।)

# बाइबलको आनन्दको अध्याय


*डेभिड श्यानन*

१ कोरिन्थी १३ अध्यायलाई बाइबलको "प्रेमको अध्याय" भनेर बुझिन्छ भने, बाइबलको "आनन्दको अध्याय" भनेर लूका १५ अध्यायलाई बुझिन्छ ।



लूका १५ अध्याय के को बारेमा छ? तपाईले उत्तर दिनुहुन्छ कि यो हराएर फेला पारेको बारेमा हो । यो सही हो, तर यदि तपाईले यो प्रश्नको उत्तर सामग्रीमा दोहोरिएको आधारमा मात्र जवाफ दिनुभयो भने, उत्तर केही मात्रामा फरक हुनेछन् । लूका १५ अध्याय हराएका चीजहरू भेट्टाउँदा आनन्द अनुभव गरेको बारे हो । येशूले तीनवटा दृष्टान्तहरू भन्नुभयो ।

**पहिलो कथाः** एउटा भेडा ९९ वटाबाट बाटो विराएर हराएको कथा १.५ पदहरूमा वर्णन गरेको छ । आनन्दका कुरा २.५ पदहरूमा उल्लेख गरेका छन् । आनन्दको समय करिब दुइ पल्ट उल्लेख गरेका छन् । सबैभन्दा पहिला गोठालाले भेडालाई खुशीले आफ्नो काँधमा राख्छ । आनन्दको लागि उनले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ । सम्पूर्ण अभिलेखलाई येशूले पद सातमा निष्कर्ष दिनुहुन्छ । उहाँले हराएको भेडा खोज्ने कार्यलाई, हराएको भेडाबारे वा गोठालाको बारेमा वर्णन गर्नु भएन् । एक जना पापी मानिसले पश्चात्ताप गर्दा स्वर्गमा आनन्द हुनेछ भनी येशूले वर्णन गर्नुभयो ।



**दोस्रो कथाः** स्त्रीले हराएको सिक्का खोजेको कथा एउटै पदमा उल्लेख गरेको छ । दुई पल्ट भन्दा बढी पदहरूमा आनन्दको कुरा वर्णन गरेको छ । पद ९ मा उनले आफ्ना मित्रहरू र छिमेकीहरूलाई उनीसँग रमाउनको निम्ति बोलाएकी छे र पद १० मा अघिल्लो कथामा जस्तै उस्तै सारांश दिएको छ ।

पापी मानिसले पश्चात्ताप गर्दा परमेश्वरको उपस्थितिमा स्वर्गदूतहरूले आनन्द गरेको अनुभवको वर्णन पद १० गर्दछ ।



**तेस्रो कथाः** यो कथा केही मात्रामा लामो छ । प्रायजसो लेखिएका छोटो कथाहरू मध्ये यसलाई सबैभन्दा राम्रो कथाको रूपमा लिइन्छ । पिताको घरको हरेक वाक्यांश महान कलाकारले रंग भरेको आनन्दको झट्का जस्तै लाग्छ । नौ वटा पदहरूले हराएको छोराको जीवनबारे वर्णन गर्दछ । अर्को पाँच वटा पदहरूले छोराका पुनः आगमनप्रति बुबाको प्रतिक्रियाको वर्णन गर्दछ । त्यो आनन्दको शब्द थियो । भाइको आगमन र पिताको आनन्दमा जेठो छोरा खुशी थिएनन् । पिता र जेठो छोराको छलफललाई अध्यायको अन्तिम पदहरूमा सारांश दिएको छ । यसले कथाको निचोड पनि दिन्छ । यसले तीन वटै दृष्टान्तहरूलाई केन्द्रबिन्दुको रूपमा सारांश दिन्छ । *"तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ"* (लूका १५:३२) ।

तपाईको जीवनमा के ले आनन्द ल्याउँछ? हराएका मानिसहरू पिताको घरमा आएको होस् भनी आफ्नो मनलाई अझै बृद्धि गर्नुहोस । जब तिनीहरूले त्यसो गर्दछ, तब तपाईको आनन्द स्वर्गीय आनन्दसँग मिल्दोजुल्दो हुन्छ । पावलले यस्तो भनाइलाई अभिव्यक्त गर्दा प्राय कति पल्ट उनले येशूको दृष्टान्तलाई सोचेको होला भनी म अच्चमित हुन्छुः *"हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यस बेला उहाँको सामुन्ने हाम्रो आशा वा आनन्द गर्वको मुकुट तिमीहरू नै होइनौ र? निश्चय हाम्रो गौरव र आनन्द तिमीहरू नै हौ"* (१ थेसलोनिकी २:१९,२०) ।

के तपाई "जेठो दाज्यु" वा "बुबा" को प्रकार हुनुहुन्छ? कुन कुराले तपाईलाई खुशी बनाउँछ, त्यो हेर्नुहोस् । त्यसपछि तपाई आफैले देख्नुहुन्छ कि तपाई कुन प्रकारको हुनुहुन्छ । आउनुहोस्, हामी *"सही" काम गरौं"* (लूका १५:३२) ।

- पाठ्य अध्ययन -

# कुराको निष्कर्ष यही हो

*जिम लज्*

*"अब सबै कुरा सुनिएका छन्- कुराको निष्कर्ष यही हो । परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो । किनकि हामीले गरेको हरेक काम असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ"* (उपदेशक १२:१३,१४) ।

मलाई पक्का विश्वास छ कि तपाईले बाइबलको यो चाखलाग्दो खण्डलाई पहिलो पल्ट पढ्नु भएको होइन् । उपदेशक सोलोमनद्धारा रचित कविताको पुस्तक हो । यसले जीवनको महत्वपूर्ण विषयहरूलाई अनुसन्धान गरी निष्कर्ष दिएको छ, जुन तपाईले माथि पढ्नु भएको छ । संसारलाई अधिनमा पार्न खोज्ने एकजना परिश्रमीको रूपमा उनी लेख्दछ । कसैले परमेश्वरलाई त्याग्छन् भने जीवन साँच्चै नै अर्थहीन हुन्छन् भन्ने कुरा लेखकले पत्ता लगाए । हामी यो पदलाई पढ्दा सम्पूर्ण जीवनको अनुभवलाई निष्कर्षको रूपमा उल्लेख गरेको पाउँछौं । यो पदलाई हामी दुई वटा रूपरेखामा वर्गीकरण गर्न सक्छौं ।

**पहिलो वर्गीकरणः हामीले गर्नुपर्ने काम कुराहरू पर्दछ ।** यी महत्वपूर्ण बूँदाहरूलाई टिप्नको निम्ति तपाईले पुनः अनुच्छेदलाई पढ्नुहोस् । सबैभन्दा पहिला, हामीले "परमेश्वरको भय मान्नुपर्छ" भन्ने तथ्यलाई उल्लेख गर्छौं । विभिन्न जंगली जनावर र सर्पहरूसित डराएको जस्तै हामी परमेश्वरमा डराउनु पर्छ भन्ने यसको अर्थ लाग्दैन् । तर त्यसको सट्टा हामीले उहाँलाई श्रद्धा, सम्मान, र उच्च आदर गर्नुपर्छ भन्न खोजेको हो । येशूले चेलाहरूलाई प्रार्थना गर्न सिकाउनुभयो, *"हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस्"* (मत्ती ६:९) । बुद्धिमान मानिसले हामीलाई याद दिलाउँछ कि, *"परमप्रभुको भय नै ज्ञानको शुरू हो"* (हितोपदेश १:७) ।

दोस्रोमा, उहाँले हामीलाई "उहाँका आज्ञाहरू पालन गर" भन्नुहुन्छ । परमेश्वरका आज्ञाहरू असंख्य छन्; तापनि तिनीहरूलाई दुईवटा आज्ञाहरूमा सारांश दिन सकिन्छ । पहिलोचाहिँ, *"तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर ।"* दोस्रोचाहिँ, *"तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर"* (मर्कूस १२:३१) ।

**दोस्रो वर्गीकरणः हामीले गर्ने काम कुराहरूको कारण तोकिएको छ ।** "मानिसका सारा कर्तव्य" बारे लेखकको भनाइलाई हेरौं । जीवनको वास्तविकता र मूल कुरा यही नै हो जुन साँच्चै महान छ । तपाईले सर्वोच्च प्रेमिलो परमेश्वरको आज्ञा पालन गर्नुहुनेछ । तपाईले प्रेम गर्नुभएको व्यक्तिको आज्ञापालन गर्न कुनै बोझ नभएको तपाई देख्नुहुन्छ (यूहन्ना १४:१५; १५:१४; १ यूहन्ना ५:३) । यदि

तपाईले आफ्ना छिमेकीलाई आफुलाई झैं प्रेम गर्नुहुन्छ भने तपाईले कुनै हानी गर्नु हुनेछैनन् (रोमी १३:८-१०) । त्यसको सट्टा तपाईले उनीहरूलाई गर्न सक्नुहुने सहायता गर्नुहुन्छ (लूका १०:२५-३७) । अझ बढी, हामीले नयाँ नियममा सिकेका कुराहरू उनीहरूमार्फ प्रकट हुन्छ (हामीले गरेका कामहरू उठ्नेछन् र हामीलाई पछ्याउँछन्) । उहाँ भन्नुहुन्छ, *"प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ ।"*

मानिसले हामीलाई पछ्याउनको निम्ति यो जीवनमा हामीले के गर्नुपर्छ? मानिसहरूले हाम्रा कामहरूद्वारा हामीलाई पछ्याउनेछन् । आखिरी दिनमा तिनीहरू महान सेतो सिंहासनको अगि गवाहीका रूपमा उभिनेछन् । हाम्रा कामहरूले हामीलाई गवाही दिनेछन् । राम्रा कामहरू हाम्रा पक्षमा र दुष्ट कामहरू हाम्रा विरूद्धमा बोल्नेछन् (२ कोरिन्थी ५:१०) ।

यी पदहरूलाई खण्डन गरेर हेर्दा धर्मशास्त्रको अथाह सन्देश थाहा पाउँछौं । यो पद छोटो हुन सक्छ, तर यो पूर्णरूपले सत्यतामा अन्तरदृष्टि छ । यस्ता रहस्यका कुरा हामीले होशियारका साथ अध्ययन गऱ्यौ भने बाइबलका सबै अनुच्छेदहरूमा पाउँछौं ।

❀

## किन तिनीहरुलाई ख्रीष्टियान भनेर बोलाइएका थिए?

– जेरी बेट्स

*"...चेलाहरु पहिलो पल्ट एन्टिओखियामा नै ख्रीष्टियान भनिए"* भन्ने चाखलाग्दो भनाइ हामी प्रेरित ११:२६ मा पाउँछौ । त्यो नाउँ अंगालेकोमा हामी गर्व गर्न सक्छौ भनी पत्रुस भन्दछ । *"तर कसैले ख्रीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा दिओस्"* (१ पत्रुस ४:१६) ।

किन अधिका चेलाहरुलाई यरुशलेमको सट्टा एन्टिओखियामा पहिलो पल्ट ख्रीष्टियान भनिए? जे भएपनि यरुशलेममा धेरै वर्षसम्म मण्डली अस्तित्वमा रहेको थियो (सम्भवत १० वर्ष) । धेरै वर्ष यरुशलेममा रहिसकेपछि पनि किन यो नाउँ एन्टिओखिया दिइयो? सबैभन्दा पहिला, मण्डली केवल यहूदीहरुको रचनाबाट बनेको थियो र मण्डलीलाई यहूदीहरुको सम्प्रदायको रुपमा विचार गरिएको थियो । तैपनि, एन्टिओखियामा यो संरचनाले काम गरेनन् किनभने यो मुख्य रुपमा पहिलो अन्यजातिको मण्डली थियो । त्यहाँ यहूदीहरुभन्दा पनि मूर्तिपूजकहरु बढी थिए । अब यहूदी र अन्यजातिहरु दुवै समान अवस्थाका छन, त्यसकारण यी मानिसहरुका पहिचानको निम्ति नयाँ नाउँको आवश्यकता पऱ्यो । ख्रीष्टसितको पहिचान कुनै जातीयताद्धारा प्रतिस्थापित भएनन् । मण्डली ख्रीष्टसित पहिचान थियो ताकि बाहिरकाहरुले पनि अरु कुनै उत्तम नामद्धारा यसरी यो समुहलाई बिश्लेषण गर्न सकेनन् भनी प्रेरित ११:२६ मा लूकाको भनाई छ ।

ख्रीष्टसँग हाम्रो घनिष्टको सम्बन्ध हुनुपर्छ । यो आज पनि सत्य हो । हामी र हाम्रो जीवनलाई हेरेर मानिसहरुले तत्कालै येशूको शिक्षालाई सोच्नुपर्छ र हामीलाई उहाँमा पहिचान गर्नुपर्छ । के यो तपाईको जीवनमा पनि सही हो?

❀

# के यी जवाफहरूले काम गर्छन्?

*बेट्टी बर्टन चोएट*

धेरै बाइबल शिर्षकहरूको यो छोटो विश्लेषणहरूमा, म केही स्पष्ट बूँदाहरू राख्न चाहन्छु जसले हामीलाई प्रष्टरूपमा सारांश दिन सहायता मिल्छ ।


## येशू बालक हुँदा आश्चर्य कर्महरू गर्नुभएको बारेमा "सुसमाचार" का पुस्तकहरूले के भन्दछ?



पवित्र आत्माको विरूद्धमा गरिएको निन्दा क्षमा हुनेछैन भनी येशू आफैले मत्ती १२:२२-३२ मा चेतावनी दिनुभयो । के ले यो चेतावनीलाई संकेट गऱ्यो? बालजिबुलको शक्तिद्धारा उहाँले भूतहरू धपाउनुभयो भनी फरिसीहरूको आरोप छन् । उहाँको चेतावनीले शक्तिको पहिचान गर्दछ जसबाट उहाँले आफ्ना आश्चर्य कर्महरू गर्नुभएको थियो, जुन उहाँको बप्तिस्मामा *"विना नापसित"* (यूहन्ना ३:३४) उहाँमा पवित्र आत्मा आउनुभएको थियो । *"जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो"* भनी यूहन्ना १४:२४ ले भन्दछ । येशूको बप्तिस्माको समयमा स्वर्गबाट परमेश्वर पिता बोल्नुभयो र पवित्र आत्मा येशूमा ओर्लनुभयो । बप्तिस्मा अगि उहाँको कुनै प्रेरणाप्राप्त सिकाई र आश्चर्यकर्मको बारेमा कुनै बाइबलीय अभिलेखहरू छैनन् । उहाँले आफ्ना वचन र उहाँका कार्यहरू पिता र पवित्र आत्मालाई श्रेय दिनुभयो । उहाँले आफ्नो इच्छा अनुसार केही गर्नुभएनन् । येशू पनि शरीरमा हुनुहुँदा उहाँ परमेश्वरमा निर्भर हुनुहुन्थ्यो भनी फिलिप्पी २:५-७ र हिब्रू २:१७ ले देखाउँछ ।

## के बप्तिस्माविना क्रूसमा टाँगिएको चोर बचाइएको थियो?

विना बप्तिस्मा चोरको उद्धार भयो भनी प्रायजसोले पूर्वअनुमान गर्दछन् । हो यो आज पनि सम्भव छ । यस्तो पूर्वधारणामा दुई वटा कारणहरूलाई सम्झिनुपर्छः (१) नयाँ करार प्रभावमा आउनु अगि र ख्रीष्टको रगतद्धारा बाँधिनु अगि त्यो चोर जिएको र मरेको थियो । सुसमाचारको अभिलेखले बताउँदछ कि परमेश्वरमा जस्तै येशूमा पाप क्षमा गर्न सक्ने अधिकार थियो (मर्कूस २:३-१२) ।



(२) के चोरले भनेको कुरालाई तपाई याद गर्नुहुन्छ? ऊ क्रूसमा झुण्डिरहेको थियो । येशूसँग सँगै आफूपनि मर्न गइरहेको छु भन्ने कुरा थाहा पाउँदै, त्यसले उहाँलाई "प्रभु" भनी सम्वोधन गऱ्यो । निश्चय नै चोरको येशूसँगको यो पहिलो भेटघाट थिएनन् र उहाँ परमेश्वरको पुत्रको रूपमा दावी गर्नुभयो । येशूले आफ्नो राज्य स्थापनाको बारेमा सिकाउनु भएको कुराहरूमाथि यद्यपी दश जना प्रेरितहरूका दृश्य हराएको जस्तो देखिन्थ्यो । उहाँ आफ्नो राज्यमा आउनुहुँदा त्यसलाई पनि सम्झनुहोस् भनी चोरले भन्यो । यसले यो देखाउँछ कि त्यसले केवल येशूको सन्देशलाई मात्र जानेका थिएनन्, तर त्यो प्रतिज्ञा गरेको राज्य आत्मिकी हो भन्ने कुरा त्यसले बुझेको थियो, जुन संस्थापकको मृत्यु पश्चात पनि नष्ट हुनेछैनन् । कस्तो प्रकारको ज्ञान र विश्वास!

## "येशूलाई प्रचार गर्नुहोस् तर मण्डलीलाई होइन्"

मण्डली, अवश्य नै प्रतिज्ञा गरेको राज्य हो, जुन मत्ती १६:१८,१९ मा चिनाइएको छ । *"पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ"* भनी यूहन्नाले प्रचार गरे (मत्ती ३:२) । मत्ती ४:१७ मा येशू भन्नुहुन्छः *"पश्चाताप गर, किनभने स्वर्गको राज्य नजीक आइपुगेको छ!"* यदि कसैले सुसमाचारका अभिलेखहरूलाई राम्रोसँग पढनुहुन्छ भएको छ भने येशूले आफ्नैबारे प्रचार गर्नुभएका अनुच्छेदहरूमा उहाँ को हुनुहुन्छ र राज्यको बारे उहाँले प्रचार गर्नुभएका अनुच्छेदहरूलाई रेखांकन गर्नुहुन्छ भने सन्देश स्पष्ट हुन्छ । मत्ती १६:१६ मा पत्रुसले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्वीकार गरेको तथ्यमा आधारित भएर त्यही चट्टानमा मण्डली स्थापित भयो । यहाँ येशूको सिकाई नयाँ आत्मिकी जीवनबारे थियो जहाँ उहाँले संसारमा स्थापित भएको राज्य/मण्डलीमा ल्याउँदै हुनुहुन्छ । उहाँको वचन सुनेका सबै मानिसहरू संसारलाई त्यागेर परमेश्वरको परिवारमा जन्मेको होस् भन्ने कुरालाई केन्द्रित गर्दै हुनुहुन्छ । मण्डलीलाई प्रचार नगरीकन हामीले ख्रीष्टलाई प्रचार गर्न सक्दैनौं ।

**हाम्रा सिकाइमा पनि प्रेम झल्किनु पर्छ, जसरी येशूले प्रेम देखाउनुभयो ।**

निश्चय नै, हाम्रो सन्देशहरू जहिले पनि प्रेमसित जोडिएको हुनुपर्छ । प्रेमले गर्दा येशूलाई संसारमा ल्याउनुभयो र उहाँलाई क्रूससम्म पुऱ्यायो । जसले सुन्नु र बुझ्नुभएको छैनन् तिनीहरूलाई सत्यता प्रकट गर्दा हामीमा धैर्य र दया हुनुपर्छ । तापनि, तपाई देख्नुहुन्छ कि कसरी झुटा शिक्षकहरू र पाखण्डीहरूसित येशूले अलिकति धैर्य देखाउनुभएको थियो? सुसमाचारका अभिलेखहरूलाई पढ्नुहोस् र उहाँले कति पल्ट "धिक्कार तिमीहरू, फरिसी, पाखण्डीहरू..", "धिक्कार, तिमीहरू अन्धा अगुवाहरू...", "मूर्ख र अन्धाहरू" (मत्ती २३) भनी उहाँले केही यस्ता अभिव्यक्तद्धारा जवाफ दिनुभयो ।


**कसले हिब्रूको पुस्तक लेख्यो?**




पावलले नयाँ नियममा सबै भन्दा बढी पत्रहरू लेखेको थियो । प्रमाण र पहिचानहरूको अभाव भएतापनि प्रायजसो समय पावलले हिब्रूको पुस्तक लेखेको थियो भनी निष्कर्ष दिने गर्दथ्यो । तापनि, जसले यो पुस्तक लेखेको थियो उनले हिब्रू २:३ मा यस्तो भनाइ अभिव्यक्त गर्दछः *"तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्धारा हाम्रा निम्ति पक्का साबित गरियो ।"* निश्चय नै, जसले लेखन कार्य गरेको थियो, त्यो व्यक्ति पावल थिएन्, र *"उहाँको वचन सुन्नेहरूद्धारा"* ख्रीष्टको सिकाइ पक्का साबित भयो भनी उनको बुझाई थियो । तापनि, गलाती १:११,१२ मा पावल घोषणा गर्दछः *"...मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन । किनकि मैले यो कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्धारा मैले यो पाएको हुँ ।"* गलाती १:१५-१८ पदहरूबाट हामीलाई जानकारी दिन्छ कि जति लामो समय अरू प्रेरितहरू येशूको अघिल्लो सेवाकाईमा समय बिताएका थिए, त्यति नै लामो समय पावलको बप्तिस्मा पछि उनी अरब र दमस्कसमा समय बिताएको थियो । केवल त्यो समयको अन्त्यमा पावल यरूशलेम गएर पत्रुसलाई भेटेको थियो । पुरानो र नयाँ करारबिचको भिन्नतालाई हिब्रू लेखकले होशियारकासाथ अध्ययन गर्दछ । हुन सक्छ, यसको लेखक अप्पोलस थियो, किनभने उनी *"धर्मशास्त्रमा पोख्त थियो"* (प्रेरित १८:२४) ।

**के ख्रीष्टको दोस्रो आगमनमा केही चिन्हहरू हुनेछन्?**

धेरै झुटा शिक्षकहरूले चिन्हहरू पहिचान गर्दछन् र मिति तोकेर ख्रीष्ट



कहिले आउनुहुनेछ भनी घोषणा गर्दछन् । येशूलाई थाहा भएको भन्दा पनि धेरै कुराहरू थाहा पाएकोमा साहसकासाथ दावी गर्दछन् । तर उहाँले मत्ती २४:३६ मा भन्नुभयो, *"तर त्यस दिन र घडीको विषयमा पिताबाहेक कसैले जान्दैन, नता स्वर्गका दूतहरूले, न पुत्रले ।"* "आखिरी दिनहरू" कस्तो हुनेछन् भनी उहाँले दुई वटा वर्णनहरू दिनुहुन्छ । मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका हुनेछन् । दैनिक जीवनका कुराहरू नै सामान्यरूपमा गरिरहेको देखिन्छ । त्यो भन्दा पनि बढी अझै उहाँको वर्णनमा तीव्रता हुनेछ । त्यो नोआको दिन जस्तै हुनेछ भनी उहाँले भन्नुभयो । कस्तो प्रकारको संसारमा नोआ जिएको थियो? *"पृथ्वीमा मानिसहरूको दृष्टता बढी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो"* (उत्पति ६:५) । एक जनालाई पनि परिवर्तन नगरीकन कति लामो समयसम्म नोआले प्रचार गरे? यसो देखिन्छ कि जताततै दुष्टता भएको समयमा परमप्रभुको आगमन हुनेछ । यस्तो अवस्थामा उद्धार पाउनेहरू थोरै हुनेछन्, र अझैपनि कोही आत्माले सत्यतालाई हेर्दैनन् ।

## कसलाई र को द्वारा भएर हामीले प्रार्थना गर्नुपर्छ?



अनुभव भएका ख्रीष्टियानहरूले प्रार्थना गर्नु भएको हामी सुन्छौ, "हाम्रा स्वर्गीय पिता, हामी तपाईको शरीरलाई धन्यवाद दिन्छौ, जुन हाम्रो निम्ति भाँचेको थियो.......हाम्रो निम्ति तपाईले रगत बहाउनुभयो..." वा "हाम्रा स्वर्गीय पिता" भनेर तिनीहरू प्रार्थना गर्दछन् अनि "तपाईको पवित्र नाउँमा" भनी अन्त्य गर्दछन् । ईश्वरत्वको बारेमा धर्मशास्त्रले प्रष्टसँग देखाउँछः पिता, पुत्र, र पवित्र आत्मा (मत्ती २८:१९) । पवित्र आत्माको सहायताले (रोमी ८:२६) येशू ख्रीष्टद्वारा भएर हामी पितासँग प्रार्थना गर्छौं । परमेश्वर पिता हाम्रो निम्ति मर्नु भएनन्; उहाँको पुत्र, येशू ख्रीष्टले आफ्नो शरीर दिनुभयो, र हामी उहाँको नाउँमा प्रार्थना गर्छौं । यसकारण आउनुहोस्, हाम्रा प्रार्थनाहरू धर्मशास्त्र अनुसार होऔं ।

❁



# वचनको शिकार

## दानिएलको पुस्तक

**रेबेका रश्मोर**

(१) यहूदाबाट कैद गरेर ल्याएका जवान मानिसहरूलाई कति वर्ष तालिम दिनको लागि राजाले तोकिदियो?

(२) शद्रक, मेशक र अबेद्नगोको हिब्रू नाउँ भन्नुहोस् ।

(३) ती सामग्रीहरूका नाउँ लेख्नुहोस्, जुन राजा नबुकदनेसरको सपनामा देखेको मूर्तिको स्वरूप थियो ।

(४) राजा नबुकदनेसरले स्थापना गरेको सुनको मूर्तिमा दण्डवत गर्न लाग्दा मानिसहरूलाई संकेत गर्न बजाएका बाद्य साधनहरूका नाउँ लेख्नुहोस् ।

(५) जब शद्रक, मेशक र अबेद्नगोले सुनको मूर्तिमा दण्डवत गर्न इन्कार गरे, त्यस आगोको भट्टीलाई साधारणभन्दा कति गुणा चर्काउने हुकुम गरे?

(६) भित्ताको लेखोटलाई जसले अर्थ लगाउन सक्छ, त्यसलाई राजा बेलसतजरले दिने इनामको प्रतिज्ञाका नामहरू लेख्नुहोस् ।

(७) राजा दाराले दिएको आदेशलाई कानुनी मान्यता दिन कति दिनको समय दिएको थियो?

(८) दिनमा कति पल्ट दानिएलले भ्यालमा बसी पूर्व फर्केर परमेश्वरलाई प्रार्थना गर्थे?

(९) दानिएलपछि सिंहको खोरमा कसलाई फालेको थियो?

(१०) बिदेशी राजाहरूका नाउँ भन्नुहोस् जसको अधिनमा बसेर दानिएलले सेवा गरेको थियो?

**(यसको जवाफ पछाडी पानामा छ ।)**

# तपाईले यसरी शुरु गर्नुहुन्न

*जिमी क्लार्क*

*"तर धर्मी मानिसले आफ्नो धार्मिकतालाई त्यागेर पाप गर्छ, र दुष्ट मानिसले गरेका घिनलाग्दा कामहरू गर्छ भने, के त्यो बाँच्नेछ र? त्यसले अघि गरेको कुनै पनि धर्मको कामको सम्झना हुनेछैन । त्यसको अविश्वास र त्यसले गरेका पापको कारणले त्यो मर्नेछ"* (इजकिएल १८:२४) ।


पत्रुस लेख्दछ, *"तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ । किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानीकन पनि पछि हट्नुभन्दा त बरू तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो"* (२ पत्रुस २:२०,२१) ।

विश्वासबाट शुरूवाट गरेर अन्तमा विश्वासबाट पतन भएका केही ब्यक्तिहरूका बाइबलीय उदाहरणलाई विचार गरौं ।



**(१) राजनैतिक विचार धाराका राजा शाऊल ।** कीशका छोरा शाऊल शुरूवाटमा निकै नम्र र परमेश्वरको महान सेवक थियो । जब शमूएलले उनलाई जनताको विचमा प्रस्तुत गर्दा उनको बारे यस्तो लेखेको थियोः *"फेरि तिनीहरूले परमप्रभुलाई सोधे, 'के त्यो मानिस यहाँ छ? परमप्रभुले जवाफ दिनुभयो,' त्यो त्यहाँ सामानहरूका बीचमा लुकिरहेको छ'* (१ शमूएल १०:२२) । यावेश-गिलादलाई अम्मोनीहरूका हातबाट विजय गराउने बिषयमा शाऊल विश्वासयोग्य थियो (१ शमूएल ११) । तापनि, अन्तमा आफूले उत्तम कुराहरू पाउनको निम्ति शाऊलले राजाको पूर्ण अधिकार प्रयोग गरे । उनले परमप्रभुको आज्ञालाई उलंघन गरेर शमूएललाई यसो भने, *"मैले पाप गरें । तापनि कृपा गरी मेरो प्रजाका धर्म-गुरूहरू र इस्रायलको सामुन्ने एक पल्ट मात्र मेरो इज्जत गरिदिनुहोस्, कि म परमप्रभु तपाईका परमेश्वरको सामु दण्डवत् गरूँ"* (१ शमूएल १५:३०) । उनले विश्वासयोग्य सेवक दाऊदलाई बारम्वार मार्न प्रयास गरेको अभिलेखले यो प्रष्ट देखाउँछ कि उनको धार्मिकताको हृदय विद्रोहतर्फ परिवर्तन भएको छ । एक पल्ट आशा गरिएको अगुवाको अन्त्य दुःखदायक भएको छ (१ शमूएल ३१:४) । उनको

अन्त्यभन्दा उनको शुरूवाट राम्रो थियो ।



**(२) कपटी हननिया र सफीरा ।** यरूशलेमको मण्डली केही बिषयहरूमा बलियो थियो । लूका लेख्दछ, *"विश्वास गर्नेहरूका समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पतिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए"* (प्रेरित ४:३२) । बारनाबासले भलाइको उदाहरण देखाए (प्रेरित ४:३६-३७) । हननिया र सफिराले मण्डलीमा भौतिकवाद तत्वहरू थिए भनी देखाए (प्रेरित ५:१-११) । सफीरा मर्नुभन्दा अगाडी पत्रुसले त्यसलाई भने, *"तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन्, र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्"* (प्रेरित ५:९) । तिनीहरूको उदाहरण ख्रीष्टयान जीवनको रूपान्तरबाट लोभ लालचमा बदलियो ।


**(३) डेमासले वर्तमान संसारलाई प्रेम गऱ्यो ।** पावलले प्रभुको काममा विश्वासयोग्य हुने संगीहरूका सूची दिएको थियो । पावलले कलस्सीका दाजुभाइलाई लेख्दछ, *"प्रिय वैद्य लूका, डेमासले पनि तिमीहरूलाई अभिवादन पठाएका छन्"* (कलस्सी ४:१४) । पावलले फिलेमोनलाई लेख्दछ, *"त्यस्तै गरी सहकर्मी मर्कूस, अरिस्तार्खस, डेमास र लूकाले पनि"* (फिलेमोन २४) । तैपनि, पावलले पछि तिमोथीलाई लेख्दछ, *"किनकि डेमासले यस वर्तमान संसारलाई प्रेम गरी मलाई त्यागेर ऊ थेसलोनिकेमा गएको छ"* (२ तिमोथी ४:१०) । उनको बारे नयाँ नियममा भनेको अन्तिम कुराहरू यही नै हो । परमप्रभुको निम्ति जोससित शुरूवाट गरेका मानिसहरू केवल संसारको पाप र दुःखमा फर्केको कुरालाई विचार गर्दा निकै उदास हुन्छ । कसरी शुरूवाट गर्नुहुन्छ भन्ने कुरामात्र स्मरण गर्नु महत्वपूर्ण होइन् ।



*"भाइ हो, होश गर, तिमीहरुमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरुलाई जीवित परमेश्वरबाट ताढा नलैजाओस् । जबसम्म 'आजको दिन' भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछ्यामले तिमीहरु कसैको हृदय कठोर नहोस् ।"* (हिब्रू ३:१२,१३; हिब्रू ४:११; मर्कूस १४:३८)

# स्तिफनस

*ज्याक ह्यारीम्यान*



बेवास्ता गरिएका निश्चित विधवाहरूका समुहलाई हेरचाह गर्न सात जना मानिसको नियुक्तिमा स्तिफनस पनि थियो । उनी शक्तिशाली आश्चर्य कर्म गर्ने, प्रचारक र विश्वासको प्रतिरक्षा गर्ने मानिस भए । विश्वासको निम्ति पहिलो शहिद हुने उत्कृष्ट ख्रीष्टियानको रूपमा हामी उनलाई स्मरण गर्छौं । उनको अभिलेख प्रेरित ६–७ अध्यायहरूमा पाउँछौं ।

स्तिफनसको महानताको बारेमा प्रेरित ६ अध्यायमा लूकाले प्रस्तुत गरेको छ । उनलाई यसरी वर्णन गरियोः विश्वासले भरिपूर्ण भएको मानिस (प्रेरित ६:५), आत्माले भरिपूर्ण भएको मानिस (प्रेरित ६:५), बुद्धिले भरिएको मानिस (प्रेरित ६:३,१०), अनुग्रहले पूर्ण भएको मानिस (प्रेरित ६:८), शक्तिले पूर्ण भएको मानिस (प्रेरित ६:८), र ज्योतिले भरिएको मानिस (प्रेरित ६:१५) । अध्याय ७ बाट तीनवटा बिशेषताहरूलाई थप्न सकिन्छ । उनी धर्मशास्त्रमा, साहसमा, र प्रेममा पूर्ण भएको मानिस थियो ।

स्तिफनसको बारेमा अलेक्जेन्डर ब्हाइटी यसो भन्दछ, "स्तिफनसलाई ढुङ्गाले प्रहार गरिरहँदा मण्डलीको एक जना प्रेरित गुमाएको जस्तो देखिन्थ्यो । स्तिफनस विशेष अनुग्रह र वास्तविकता भएको जवान मानिस थियो । आफ्नो जीवन जिउनको निम्ति कुनै कुराहरू पनि हासिल गर्नुपर्ने थिएनन् । उनको अचम्मको खुल्ला विचार; सबै पूर्वाग्रहरूबाट उनको पूर्ण स्वतन्त्रता; उनको साहस; धर्मशास्त्रमा पोख्तता; उनको दाग रहित चरित्र; एक निश्चित मिठास भएको, त्यही समयमा प्रभावशाली तरीकालाई सेवा र जोखिम दुवैलाई एकैसाथ मिलाएर राख्दा सबैभन्दा पहिलो श्रेणीमा स्तिफनसलाई राख्नुपर्छ । यी सबै कुराहरूमा उनको खुल्लापन, ग्रहणशीलता, परिपक्व विचारले पत्रुस, याकूब र यूहन्ना जस्तै मण्डलीको खाँबोको रूपमा उभिएको थियो । यी सबै कुराहरूले स्तिफनसलाई उनको समयमा प्रमुख मानिस बनायो । परिणाम स्वरूप पहिलो ख्रीष्टियान शहिद भए ।"

# इपाफ्रास, येशू ख्रीष्टको दास

**हार्वे पोर्टर**



ख्रीष्टियानिटीलाई फैलाउन पावलसँगै काम गरेका धेरै मानिसहरूलाई सूचीबद्ध गरी उनले आफ्नो पत्रहरूलाई बन्द गर्दछ । उनले तिनीहरूका बारेमा केही जानकारी दिन्छन् । जसलाई उनले पत्र लेखिरहेका छन् किन ती मानिसहरू मण्डली वा व्यक्तिगतरूपमा प्रिय थिए भनी उनी बताउँछन् ।

पावलले कलस्सेका मण्डलीलाई पत्र लेख्दा यसरी अन्त्य गरेको थियो, *"तिमीहरूमध्येका एक जना ख्रीष्ट येशूका दास इपाफ्रासले पनि अभिवादन पठाएका छन् । तिनले आफ्ना प्रार्थनामा परिश्रमसाथ सधैं तिमीहरूलाई स्मरण गर्छन्, ताकि तिमीहरू परिपक्व होओ, र परमेश्वरका सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क भई बस्न सक । किनकि म तिनको निम्ति गवाही दिन्छु, कि तिमीहरू र लाउडिकिया र हिरापोलिसमा हुनेहरूका निम्ति पनि तिनले घोर परिश्रम गरेका छन्"* (कलस्सी ४:१२,१३) ।

इपाफ्रासलाई "तिमीहरूमध्येका एक जना" भनी पावलद्वारा कलस्सीहरूमाझ सम्बोधन गरेको थियो । यो उनको घरको झुण्ड थियो । त्यतिमात्र होइन्, लाउडोकिया र हिरापोलिसका संगी ख्रीष्टियानहरूसँग उनी परिचित थियो । यी दुई शहरहरू इपाफ्रासको नजिक थिए । उनले तिनीहरूलाई पनि अभिवादन पठाए । तिनीहरू उनको धेरै नजिकका थिए र उनी पनि तिनीहरूको धेरै नजिकैको थियो । सारा मण्डलीले तिनलाई प्रेम गर्नु अचम्मको कुरा हो । त्यसको बदलामा उनले पनि मण्डलीलाई प्रेम गरेको छ ।

वास्तवमा इपाफ्रासले मण्डलीलाई यति धेरै प्रेम गरेको थियो कि तिनीहरूलाई उनले निरन्तर प्रार्थनाहरूमा सम्झेको थियो *"तिनले आफ्ना प्रार्थनामा परिश्रमसाथ (कुस्ती खेलेको) सधैं तिमीहरूलाई स्मरण गर्छन"* भनी पावल भन्दछ । यहाँ "कुस्ती खेल्नु" शब्दले याकूबले प्रार्थना गरिरहँदा स्वर्गदूतसँग कुस्ती खेलेको कुरालाई याद दिलाउँछ । यहाँ परिश्रम शब्द उल्लेख गर्दछ, जसले थकावटको समयमा पनि काम गर्नु भन्ने बुझिन्छ । के हरेक समयमा तपाईको निम्ति प्रार्थना गर्ने इपाफ्रास जस्तो ख्रीष्टियान चरित्र भएको कोही व्यक्ति चाहनुहुन्छ?

भोजन, लत्ताकपडा, राम्रो स्वस्थ, र रूपैया पैसाको निम्ति उनको प्रार्थना

थिएनन् । तिनीहरू परिपक्व होओ, र परमेश्वरका सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क भई बस्न सक भनी उनले तिनीहरूका निम्ति प्रार्थना गरेको थियो ।

हामीले प्रेम गरेको मण्डलीलाई हामी सबैले यसरी नै प्रार्थना गर्नुपर्छ । हरेक सदस्यहरू परमेश्वरको सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क भई बस्न सक्यो भने हामी कस्तो प्रकारको मण्डली हुनेछौं? तपाईको माझमा कोही पनि मनतातो ख्रीष्टियानहरू हुनेछैनन् । कसैले पनि भेलालाई त्याग्नेछैनन् । आजको मण्डली आवश्यक रूपमा परमेश्वरका सारा इच्छामा निर्धक्क भई बस्नुपर्छ ।

इपाफ्रासले चिनेका सबैजना परिपक्व होओ भन्ने उनी चाहन्छ । यो प्रार्थनामा हामी सबै सहमति छौं । मण्डलीमा परिपक्व ख्रीष्टियानहरू हुनुपर्छ- साना -साना भिन्नताहरूलाई पनि राम्ररी हेर्न सक्ने, हामीसँग फरक भएकाहरूलाई पनि प्रचुरमात्रामा दह्रिलो प्रेम गर्न सक्ने, र सबै समस्याहरूमा धैर्यका साथ काम गर्न सक्ने हुनुपर्छ । परिपक्व ख्रीष्टियानहरूले सेवालाई कहिल्यै पनि त्याग्दैनन्, वा छोड्दैनन् । परमप्रभुले तिनीहरूलाई जहिले पनि गणना गर्नुहुन्छ । किनभने तिनीहरू जहिले पनि मण्डलीमा उपस्थित हुन्छन् ।

तिनीहरू परमेश्वरका सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क होओ भनी इपाफ्रासले प्रार्थना गऱ्यो । एकजना टिप्पणीकारले यसो भनेको थियो, “यहाँ मालिकका हरेक आज्ञाहरूलाई बिस्तृत रूपमा पवित्रतालाई ध्यान दिएर आज्ञापालन गर्ने विचार हो ।” अर्को एक जना लेखक यसो लेख्दछ, “सामान्यरूपमा उहाँको इच्छा अनुसार गर्ने कुरामात्र पर्याप्त होइनन् । उनी पूर्णरूपले भरिपूर्ण भएता पनि उसलाई अरू कुनै इच्छाले भर्नु पर्दछ भने उ परमेश्वरको सारा इच्छामा भरिएको हुँदैन् ।” परमेश्वरको सारा इच्छा हाम्रो जीवनको लागि पर्याप्त छ; हामीलाई अरू कुरा चाहिँदैन् । यसैले “मेरो इच्छा होइन्, तर तपाईको इच्छा पुरा होस्” भनी हामी येशूसँग प्रार्थनामा माग्नुपर्छ ।

इपाफ्रासले ती ख्रीष्टियानहरूलाई प्रेम गरेको छ भन्ने कुरामा कुनै शंका छैन्, किनभने परमेश्वरले तिनीहरूलाई आशिष दिनुहोस् भनी उनले उत्कटतापूर्वक प्रार्थना गरेको थियो । कस्तो अद्भूत प्रार्थना! यसले हाम्रो सम्पूर्ण ख्रीष्टियान जीवनलाई केही शब्दहरूद्धारा ढाकिएको छ । आज हामी जुन झुण्डमा आराधना गर्छौं, त्यो झुण्डको निम्ति गर्नुपर्ने प्रार्थना यही हो । अगिका ख्रीष्टियानहरूमा भएका आवश्यकताहरू नै हाम्रा आवश्यकताहरू हुन् । हाम्रा परमेश्वर र परमप्रभु उही हुनुहुन्छ । जसरी उहाँले तिनीहरूलाई आशिष दिनुभयो त्यसरी नै हामीलाई पनि आशिष दिनुहुन्छ । यसकारण मण्डलीमा भएका हाम्रा दाजुभाइ, दिदी बहिनी जसको हामी एउटा हिस्सा भएका छौ, तिनीहरू सबैको निम्ति प्रार्थनामा परिश्रम गरौं । हामी इपाफ्रास जस्तै येशू ख्रीष्टको दास हुन सकौं ।

❀

# नोआको जलप्रलयबारे के भन्ने?

*डेनिस गुल्जे*

**के नोआको दिनमा आएको जलप्रलय स्थानिय क्षेत्रमा मात्र सिमित थियो वा विश्वव्यापी क्षेत्रमा थियो?**



यो विश्वव्यापी जलप्रलय थियो । बाइबल भन्दछः-

- जलप्रलय स्थानिय रूपमा आएको थियो भने, किन जहाज बनाउन त्यतिका वर्ष समय लगाउनुपर्‍यो (उत्पति ६:३; ५:३२; ७:६)? त्यो स्थानलाई छोडेर गए भइहाल्थ्यो ।
- यदि जलप्रलय स्थानिय हो भने कसरी जहाज धेरै महिनासम्म पानीमा तैरिरहेको थियो (उत्पति ८:३, ९) ?
- *"जीवनको सास हुने आकाशमुनिका सबै प्राणीलाई म सर्वनाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु, र पृथ्वीमा भएको हरेक प्राणी मर्नेछ"* (उत्पति ६:१७) ।
- "पानी पृथ्वीमा जोरसँग परिरहयो र आकाशमुनिका जम्मै अल्गा-अल्गा पवर्तहरू ढाकिए" (उत्पति ७:१९) ।
- संसारका प्राणी र मानिसहरूलाई फेरी कहिल्यै पनि पानीले नाश गर्नेछैनन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो (उत्पति ९:८-१६) । यदि जलप्रलय स्थानिय रूपमा आएको हो भने परमेश्वर झुटा हुनुहुन्छ र उहाँले आफ्नो करार उलंघन गर्नुभएको छ । किनभने पृथ्वीमा हरेक समयमा बाढी आइरहेको हुन्छ ।
- *"अनि जति प्राणी जमीनमा थिए- के मानिस, के पशु, के घस्रने जन्तु, के पंक्षी, सबै मासिए । तिनीहरू पृथ्वीबाट मासिए, केवल नोआ र जति जना तिनीसित जहाजमा थिए तिनीहरू मात्र जीवितै रहे"* (उत्पति ७:२३) ।
- *"त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो"* भनी पत्रुस भन्दछ (२ पत्रुस ३:६) ।

स्थानिय जलप्रलयको विचारले पश्चिम एशियाका कहिँकतै स्थानहरूमा केही समस्याहरू छन् । यदि जलप्रलय स्थानियरूपमा आएको थियो भने किन त्यति ठूलो आकारमा लामो समय लगाएर जहाज निमार्ण गर्नु पर्‍यो? साँच्चै भन्ने हो भने जहाज बनाउनुको आवश्यकता किन पर्‍यो? किन तिनीहरू अग्लो पहाडतिर जान सकेनन्? प्राणीहरू ज्यान बचाउन र खानेकुराको निम्ति अग्लो स्थानमा जान सक्थे । तिनीहरू जीउन सजिलो हुन्थ्यो । चराहरू अरू सुक्खा भूमिमा उडेर जान सक्थ्यो । निश्चिय नै यो सिमितमात्रामा भएको स्थानिय जलप्रलय होइनन् ।

# बप्तिस्माको विधि कति महत्वपूर्ण छ?

*चार्ल्स आर.रोज*



धार्मिक क्षेत्रका छिमेकीहरूले तपाईलाई बताउनेछन् कि आत्माको मुक्तिको विषयमा बप्तिस्मा अनावश्य विषय हो । तैपनि, तिनीहरूका मण्डलीको सदस्य हुनको निम्ति कसैले बप्तिस्मा लिनै पर्छ भनी भन्दछ । धेरै वर्ष अगि एक जना बुद्धिमान मानिसले यस्तो टिप्पणी गरेको थियो, "आजका अधिकांश मण्डलीहरूमा प्रवेश गर्नुभन्दा स्वर्गमा प्रवेश गर्न सजिलो हुन्छ ।" यसलाई भन्दै गर्दा अझै पनि धार्मिक संगठनहरूले "उद्धार पाउनको निम्ति होस्" या "तिनीहरूको मण्डलीमा जोडिनको निम्ति होस्" तिनीहरूका शिक्षाको साथसाथै केही बप्तिस्माको शैलीलाई अभ्यास गर्नुको साथै त्यसको माग गर्दछन् । कसैले "छर्किने" कार्यलाई अभ्यास गर्दछन् जहाँ सेवक वा पूजाहारीले बप्तिस्मा लिने मानिसलाई केही पानीले छर्किने गर्दछ । अरूहरुले बप्तिस्मा लिने मानिसको शीरमा सानो पानीको भाँडोले केही पानी खन्याइदिन्छ । अझै कसैले "डुबाउने काम" लाई अभ्यास गर्दछन् । येशू ख्रीष्ट लगायत उहाँका प्रेरितहरूले यी तीनै वटा मध्येबाट कुन चाहिँ सिकाउनुभयो र अभ्यास गर्नुभयो? के यसले वास्तवमै फरक पार्छ?

*Funk & Wagnall's Standard Desk Dictionary* ले "बप्तिस्मा दिनु" शब्दलाई यसरी परिभाषित गर्दछः "ख्रीष्टियान बप्तिस्मा पानीमा डुबाउनु वा पानीले छर्किनु" हुन्छ ।" मौलिकरूपमा नयाँ नियम ग्रीक भाषामा लेखेको कुरालाई महसुस गर्नुपर्छ । परमेश्वरले वास्तवमै उहाँको पवित्र वचनबाट के अर्थ लगाएको छ भन्ने कुरा हेर्नको निम्ति केही ग्रीक विद्वानहरूका भनाइमा जानुपर्छ । नयाँ नियमको समयमा उहाँका चेलाहरूले कसरी बप्तिस्माको अभ्यास गरेका थिए?

कृपया तल दिएका ग्रीक शब्दहरूलाई हेर्नुहोस् ।

- "छर्किनु" - ग्रीक शब्द *rantizo* (र्‍यान्टिजो) बाट आएको हो ।
- "खन्याउनु" - ग्रीक शब्द *cheo* (चीओ) बाट आएको हो ।
- "डुबाउनु" - ग्रीक शब्द *baptizo* (बप्तिजो) बाट आएको हो ।

बाइबलमा कुनचाहिँ शब्द प्रयोग भएको छ? कृपया तल दिएका अनुच्छेदहरूलाई तपाईले आफ्नो बाइबलबाट पढ्नुहोस् । येशूको बप्तिस्मा हुँदा उहाँ *"तुरून्तै पानीबाट माथि निस्कनुभयो"* (मत्ती ३:१३-१७) । *"यूहन्नाले पनि सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे, किनकि त्यहाँ प्रशस्त पानी थियो"* (यूहन्ना ३:२३) । *"अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए"* (प्रेरित ८:३६-३९) । *"हामी सबै जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं...बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं"* (रोमी ६:३,४) ।

कुनचाहिँ यी अभिलेखका उदाहरणहरूमा छर्काइ वा खन्याइएको अभ्यास थियो? यसलाई स्वीकार गर्नैपर्छ कि यूहन्ना ३:२३ मा जस्तै "छर्काउन वा खन्याउनको" निम्ति धेरै पानीको आवश्यकता पर्दैनन् । नपुंसक जस्तै न ता पानीमै ओर्लनुपर्छ र न हाम्रा प्रभु येशूको बप्तिस्मामा जस्तै पानीबाट बाहिर निस्कनुपर्छ (मत्ती ३:१६; प्रेरित ८:३८) । छर्किने र खन्याउने अभ्यास गरेर बप्तिस्मा लिएको छ भने कसैले पनि इमान्दारीताकासाथ सत्य भन्न सक्दैनन् ।

इतिहासको पुस्तकमा गएर तिनीहरूका धार्मिक अगुवाहरूका टिप्पणीहरूलाई कसैले पढ्न सक्नुहुन्छ जो अहिलेका सम्प्रदाय जगतका संस्थापकहरू थिए । तिनीहरूका धार्मिक अगुवाहरूले शुरूमा विश्वास र अभ्यास नगरेका कुराहरूलाई आजभोलि तिनीहरूका अनुयायीहरूले अभ्यास गर्छन् ।

- जोन क्याल्भिन (प्रेसबिटेरियन मण्डलीको संस्थापक) भन्दछ, *"baptize"* शब्दले डुबाउने कार्यलाई दर्शाउँछ । शुरूका मण्डलीले डुबाउने कामलाई अभ्यास गरेको कुरा निश्चित हो ।"
- मार्टिन लुथर (लुथरन मण्डलीको संस्थापक) ले टिप्पणी गर्दछ, "बप्तिस्मा ग्रीक शब्द हो, र यसलाई डुबाएको भनी अनुवाद गर्न सकिन्छ । जो बप्तिस्मा लिन्छ ऊ एकैसाथ डुबाएको हुनुपर्छ भन्ने म चाहन्छु ।"
- जोन वेस्ले (मेथोडिष्ट मण्डलीको संस्थापक) भन्दछ, "बप्तिस्माद्धारा उहाँसँगै गाडियौं भन्नाले बप्तिस्माले प्राचीन तरीकाद्धारा डुबाएको संकेट गर्दछ ।

के यसले फरक पार्छ? कृपया तपाईले आफ्नो बाइबलमा नोट गर्नुहोस् कि नयाँ नियममा बप्तिस्मा "पाप क्षमाको निम्ति" (प्रेरित २:३८), "पाप धुनको निम्ति" (प्रेरित २२:१६), "उद्धार मुक्तिको निम्ति" (१ पत्रुस ३:२१) र "कसैलाई येशू ख्रीष्टमा राख्नको निम्ति" (गलाती ३:२६,२७; रोमी ६:३,४) थियो ।

❁

# निकोलाइटसहरु को थिए?

*माइक रिले*




प्रकाशको पुस्तक २:६,१५ पदहरूमा हामी निकोलाइटसहरूका "काम" र "शिक्षा" बारे पढन पाउँछौं । निकोलाइटसहरू को थिए, तिनीहरुका काम के थिए, र तिनीहरूका के शिक्षा थिए?

"निकोलाइटस" शब्दको अर्थ "मान्छेको बिनाश" भन्ने लाग्छ । तिनीहरू अघिका ख्रीष्टियानिटीमा, बिशेष गरी एशियामा भएका सात वटा मण्डलीहरूमा (प्रकाश १:११) दुष्ट प्रभाव पार्ने सम्प्रदाय वा दल थियो । तिनीहरूका धर्मत्यागी शिक्षा बालामको जस्तै समान थिए, *"जसले बालामको शिक्षा मान्छन् । इस्रायलीहरूका अगाडि ठोकरको कारण बनून भनी मूर्तिहरूलाई चढाएको भोजन खान र ब्यभिचार गर्न बालामले बालाकलाई सिकाए"* (प्रकाश २:१४,१५; गन्ती २२-२५; २ पत्रुस २:१५,१६; यहूदा १:११) । प्रेरित १५:२०,२९ पदमा मण्डलीलाई दिएको प्रत्यक्ष आदेशलाई
प्रतिकार गरी अन्यजातिहरूका अनैतिक ब्यभिचारद्धारा पाप गर्न लगाउने तिनीहरूको आशय थियो । त्यसको साथै तिनीहरूले ख्रीष्टियानहरूलाई मूर्तिपूजक चाडहरूमा पनि सम्लग्न गराए । पहिलो शताब्दीको मण्डलीको सभामा तिनीहरूले अशुद्धताका चाडहरू ल्याएको देखिन्छ । तिनीहरूलाई २ पत्रुस २:१ मा झुटा अगमवक्ताहरूका रूपमा वर्णन गरेको छ ।

निकोलाइटसहरूका बारेमा धेरै जानकारी दिएको छैन् । एफिससको मण्डलीले *"निकोलाइटसहरूका कामको घृणाा गर्छन्* (प्रकाश २:६), र पर्गाममको मण्डलीले तिनीहरूका पतन भएका शिक्षाप्रति सम्झौताका अवस्थालाई स्वीकार गरेका थिए (प्रकाश २:१२-१५) । बालाम वा निकोलाइटसहरूका शिक्षाका अभ्यासलाई परमप्रभुले निन्दा गर्नुभयो (प्रकाश २:६,१५,१६) । वास्तवमै, सबै मूर्तिजन्य अभ्यासलाई बाइबलले दोष दिएको छ र कुनै पनि मूल्यमा इन्कार गर्नुपर्छ (१ शमूएल १५:२३); १ कोरिन्थी १०:१४; गलाती ५:१९,१०; एफिसी ५:५; कलस्सी ३:५) ।

❀

# हटेनौ भने (कलस्सी १:२३)

*केन टायलर*

**परिचयः** विश्वासीहरू मण्डलीबाट हटेर जाँदा त्यसले मण्डलीलाई चोट पुग्छ । अर्को प्रकारको "हट्नु" पनि छ जुन मण्डलीको निम्ति हानिकारक छ । हामी येशू ख्रीष्टबाट पछि हट्यौं भने हामीले हाम्रा आत्मालाई नष्ट गर्छौं र मण्डलीलाई चोट पुऱ्याउँछौं । निम्न उल्लेखित प्रश्नहरूलाई विचार गर्नुहोस्ः-

**(क) के तपाई ख्रीष्टको सुसमाचारको सत्यताबाट हट्नुभएको छ (गलाती १:८,९; २ यूहन्ना ९-११)?**

(१) उद्धार मुक्तिको योजनाबाट (हिब्रू ११:६; प्रेरित १७:३०; ८:३७; ३:३८) ।

(२) आराधनाबाट (यूहन्ना ४:२३,२४; प्रेरित २०:७; १ कोरिन्थी १६:१,२; एफिसी ५:१९; १ थेसलोनिकी ५:१७) ।

(३) मण्डलीको संगठनबाट (फिलिप्पी १:१) ।

**(ख) के येशूले सिकाउनु र प्रदर्शन गर्नु भएको प्रेमबाट तपाई हट्नुभयो (मत्ती २२:३५-४०; लूका २३:३४)?**

(१) प्रेमको अर्थ हामी उहाँको आज्ञालाई पालना गर्छौं (१ यूहन्ना ५:३) ।

(२) प्रेमको अर्थ हामी सुनौलो नियमलाई अभ्यास गर्छौं (मत्ती ७:१२) ।

(३) प्रेमको अर्थ हामी क्षमा दिन्छौं (प्रेरित ७:६०) ।

(४) प्रेमको अर्थ हामी हाम्रा शत्रुहरूलाई प्रेम गर्छौं (मत्ती ५:४४,४५) ।

(५) प्रेमको अर्थ संसारलाई हामीले हाम्रा चेलापन देखाउँछौं (यूहन्ना १३:३५) ।

**(ग) के तपाईले मण्डलीलाई आफ्नो पहिलो प्राथमिकताबाट हटाउनुभयो (मत्ती ६:३३)?**

(१) उपस्थिति (हिब्रू १०:२५) ।

(२) आत्माहरू (प्रेरित ८:४; गलाती ६:१; याकूब ५:१९,२०) ।

(३) निमार्ण गर्ने कुराहरू (१ कोरिन्थी १४:१२) ।

(४) प्रार्थना (हिब्रू १३:१८) ।

(५) काम (१ कोरिन्थी १५:५८) ।

(६) दिने कुरा (हितोपदेश ३:९,१०) ।

**निष्कर्षः** हामी कसैले पनि ख्रीष्टबाट हट्ने कुरालाई समर्थन गर्न सक्दैनौं ।

## ५ मिनेट बाइबल अध्ययन (पाना नं. ७७)

उत्तरहरु:

(१) धन्यवाद, शिक्षा, विश्वासमा
(२) चिन्तित, बिन्ति
(३) भवनका, धन्यवादसाथ, प्रशंसा
(४) वर्णन गर्न नसक्ने
(५) पिता, गुप्त, बालकहरुलाई
(६) अनन्त, देखिएको, महिमा, धन्यवाद

## वचनको शिकार (पाना नं. ८६)

उत्तरहरु:

(१) ३ वर्ष, १:५
(२) हनन्याह, मीशाएल र अजर्याह, १:६,७
(३) सुन, चाँदी, काँसा, फलाम, माटो, २:३१-३५
(४) नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा, ३:५
(५) सात गुणा, ३:१९
(६) बैजनी पोशाक, गलामा सुनको सिक्री, राज्यको तेस्रो उच्च शासक, ५:७
(७) ३० दिन, ६:७
(८) ३ पल्ट, ६:१०,१३
(९) दानिएललाई झुटो आरोप लाउनेहरु, तिनीहरुका श्रीमती र नानीहरु, ६:२४
(१०) नबुकदनेसर, बेलसजर, दारा, कोरेस, १:१,२१; ५:१,१३; ५:३०-६:२,२८

## पदको खोजी (पाना नं. १६)

उत्तरहरु:

(१) गलत
(२) व्यभिचारको, प्रभुको, प्रभु
(३) जीवित
(४) अंगहरु
(५) शरीरमा
(६) उत्पति २:२४
(७) एक, आत्माम
(८) आफ्नै शरीरको विरुद्धमा
(९) मन्दिर
(१०) मोल तिरेर
(११) परमेश्वरको महिमा

थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्:



सत्यवाणी नेपाल
The Voice of Truth International, Ne
अंक ७
कोभिड-१९ विरुद्ध खोप
कृपया साबुन पानीले
हात धोएर मात्र
भित्र जानु होला
© onlinekhabar.com